दर्ता नं. ११०/०५०/०५१ पान नं. ३०१७२००८३
रा.स.नि.प्रा. इजाजत पत्र नम्बर २०५०-००५५०

"Qualitative, Professional & Sustainable Financial Cooperative"



वार्षिक प्रतिवेदन

२०८२/०८३

३३ औं वार्षिक साधारण सभा





ANNUAL REPORT

2025/026

33rd Annual General Meeting

दर्ता नं. ११०/०५०/०५१
रा.स.नि.प्रा. इजाजत पत्र नं. २०५०-००५५०
पान नं. ३०१७२००८३

"गुणस्तरीय, व्यवसायिक एवं दिगो वित्तीय सहकारी"

बिन्धवासिनी

बचत तथा ऋण सहकारी संस्था लि.

BINDHAVASINI SAVINGS & CREDIT CO-OPERATIVE SOCIETY LTD. (BISCOL)

रजिष्टर्ड कार्यालयः पनौती-१० खोपासी
मुख्य कार्यालयः बनेपा-७, काँध्रलामार्ग, काभ्रेपलाञ्चोक

आबद्धता:

ACCESS SILVER

E-mail : info@biscol.org.np, Website : www.biscol.org.np

फोन नं. : ०११-६६०८६५, ६६१८५५ (मुख्य कार्यालय), ०११-६६५६३३ (बनेपा), ०११-४१०१६२ (खोपासी)०११-४४०८०० (पनौती), ०११-४२१०१४ (दुंखर्क), ०११-४८८१७६ (पाँचखाल) ०११-४०४१६६ (भकुण्डे), ०१-४६२१४८१ (बानेश्वर)

संस्थापक अध्यक्ष



भरत प्रसाद शर्मा

सल्लाहकार



प्रदिप थापा



भिमसेन प्रसाद सापकोटा

सञ्चालक समिति



अध्यक्ष
शान्त कुमार श्रेष्ठ



उपाध्यक्ष
राम हरि शर्मा तिमल्सिना



सचिव
डोरेन्द्रराज सापकोटा



कोषाध्यक्ष
भिम बहादुर खत्री



सदस्य
लोक दर्शन कर्माचार्य



सदस्य
पुनम घिमिरे



सदस्य
केशव थापा



सदस्य
गणेश प्रसाद पराजुली



सदस्य
बुद्धिमाया लामा



सदस्य
सुनिता धिताल



सदस्य
जमुना खड्का

लेखा सुपरिवेक्षण समिति



संयोजक
राम कुमार श्रेष्ठ



सदस्य
बिदुर थापा



सदस्य
सिद्धि लक्ष्मी पोते

शिक्षा उप-समिति



संयोजक
राम हरि शर्मा तिमल्सिना



सदस्य
राजेन्द्र प्रसाद गुरागाई



सदस्य
संगिता रावल के.सी.



सदस्य
रामहरि आचार्य



सदस्य
केदार बहादुर क्षेत्री



सदस्य
पुष्पा खड्का



सदस्य
पुर्णचन्द्र काफ्ले

ऋण लगानी तथा असुली उप-समिति



संयोजक
भिम बहादुर खत्री



सदस्य
सुन्दर श्रेष्ठ



सदस्य
गोविन्द प्रसाद अधिकारी

स्वास्थ्य तथा सदस्य कल्याण उप-समिति



संयोजक
लोक दर्शन कर्माचार्य



सदस्य
विश्वनाथ गुरागाई



सदस्य
पुरुषोत्तम तिमल्सिना

लघुवित्त उप-समिति



संयोजक
पुनम घिमिरे



सदस्य
बुद्धिमाया लामा



सदस्य
जमुना खड्का



सदस्य
निर्मला दाहाल



सदस्य
देवकी हुमागाई



सदस्य
राधिका पकुवाल



सदस्य
पवित्रा थापा



सदस्य
विमला शर्मा



सदस्य
मथुरा तिमल्सिना

खोपासी सेवा कार्यालय व्यवस्थापन उप-समिति



संयोजक
अच्युत प्रसाद गुरागाई



सचिव
उद्धव प्रसाद आचार्य



कोषाध्यक्ष
श्याम कुमार हुमागाई



सदस्य
अम्बिका हुमागाई



सदस्य
ऋषिराम बैध

बनेपा सेवा कार्यालय व्यवस्थापन उप-समिति



संयोजक
मोहन प्रसाद होमागाई



सचिव
सोनु लामा (तामाङ्ग)



कोषाध्यक्ष
हिरामणि दुलाल



सदस्य
मनु लामा



सदस्य
सुनिता सापकोटा बडाल

पनौती सेवा कार्यालय व्यवस्थापन उप-समिति



संयोजक
रमेश प्रसाद जंगम



सचिव
रघुनाथ हुमागाई



कोषाध्यक्ष
सरस्वती अमात्य कर्माचार्य



सदस्य
मुरारी के.सी.



सदस्य
समिता बन्जारा

इजाजत नं. ११७०/०५७/०५१
रा.स.फा.प्रा. इजाजत पत्र नं. २०५७-०५५७
पान नं. ३०१७२००८३
"गुणस्तरीय, व्यवसायिक एवं दिगो वित्तीय सहकारी"

बिन्धवासिनी
बचत तथा ऋण सहकारी संस्था लि.
BINDHAVASINI SAVINGS & CREDIT CO-OPERATIVE SOCIETY LTD. (BISCOL)

रजिष्टर्ड कार्यालयः पनौती-१० खोपासी
मुख्य कार्यालयः बनेपा-७, काँध्यलामार्ग, काभ्रेपलाञ्चोक

आबद्धता:

ACCESS SILVER

च.नं. १०४/०८३/०८४ मिति : २०८३/०४/२६

श्री ..... ज्यू,
शेयर सदस्य

विषयः ३३औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा संस्थाको मिति २०८३/०४/२४ मा बसेको सञ्चालक समितिको विशेष बैठकको निर्णय अनुसार देहायका कार्यसूची माथि छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा संस्थाको **३३औं वार्षिक साधारण सभा** बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध सहित सूचित गरिन्छ ।

सभाको कार्यसूची:

(१) इकाइ साधारण सभा तथा निर्णय प्रमाणिकरण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
(२) सञ्चालक समितिको तर्फबाट सचिवज्यूद्वारा प्रस्तुत गर्नुभएको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन तथा आ.व. २०८३/०८४ को संशोधित र २०८४/०८५ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
(३) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा चालु आ.व. २०८३/०८४ को संशोधित र आ.व. २०८४/०८५ को प्रस्तावित बजेट तथा कार्यक्रम र सेवा सुविधा सम्बन्धमा ।
(४) आ.व. २०८२/०८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
(५) आ.व. २०८२/०८३ को वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा । (६) शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
(७) आ.व. २०८३/०८४ को वार्षिक लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(८) आन्तरिक नीति र कार्यविधि संशोधन पुनर्लेखन सम्बन्धमा । (९) घरजग्गा विक्री सम्बन्धमा ।
(१०) संस्था एकीकरण तथा कार्य सञ्चालनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
(११) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।

साधारण सभा कार्यक्रम : स्थान, मिति र समय :

इकाइ	स्थान	मिति	समय
बनेपा	इकाइ : बनेपा पार्टी भेन्यू, (नेपाल टेलिकम पछाडि) उप-इकाइ : नित्यचण्डेश्वर महादेव मन्दिर प्राङ्गण, काभ्रेभञ्ज्याङ्ग, : जेष्ठ नागरिक सटल. साँगा	२०८३ असोज ९ गते शुक्रबार	विहान ७:३० वजे देखि अपरान्ह ३:०० वजे सम्म
बानेश्वर	इकाइः बानेश्वर कार्यालय परिसर, मिनभवन, काठमाण्डौं		
पाँचखाल	इकाइः जयश्रीकृष्ण पार्टी प्यालेस(अर्पणपार्टी प्यालेस) पाँचखाल उप-इकाइ : कुन्तावेशी सेवा केन्द्र, पलाञ्चोक सेवा केन्द्र, : भूम्लु सेवा केन्द्र, दोलालघाट र आजाद मा.वि. बालुवा	२०८३ असोज १० गते शनिबार	विहान ७:३० वजे देखि अपरान्ह ३:०० वजे सम्म
ढुंखर्क	इकाइ : श्री पार्वती मा.वि. बेथानचोक-२, ढुंखर्क उप-इकाइः आत्माविकास मा.वि. बेथानचोक-५, च्याल्टी, सरस्वती मा.वि. बेथानचोक-६, भुग्देऊ र चनदेवी प्रा.वि. बेथानचोक १, थलागाउँ		
भकुण्डे	इकाइ : कुटुम्ब रिर्सोट, नमोबुद्ध ७, भकुण्डेवेशी उप-इकाइ : खहरेपाँगु सेवा केन्द्र र भूमेश्वर आधारभूत विद्यालय तेमाल-७, कुरुवास		
खोपासी	इकाइः श्री बालआदर्श मा.वि., खोपासी उप-इकाइ : बाल उज्जल मा.वि. नमोबुद्ध १०, पुरानागाऊँ, लड्केश्वर आधारभूत विद्यालय, कोलभञ्ज्याङ्ग, बल्थली	२०८३ असोज ११ गते आइतबार	विहान ७:३० वजेदेखि अपरान्ह ३:०० वजे सम्म
पनौती	इकाइ : पनौती बैन्क्वेट, पनौती, उप-इकाइ : कुशादेवी मा.वि. कुशादेवी		

निर्णय प्रमाणीकरण सभा, सपथ ग्रहण र पद हस्तान्तरण	मुख्य कार्यालय बनेपाको बैठक कक्ष	२०८३ असोज १७ गते शनिबार	विहान ११:०० बजे

पुनश्चः

(१) सदस्यहरू आधिकारिक परिचय पत्र तथा पत्र सहित आफूलाई पायक पर्ने इकाइ तथा उप इकाइमा साधारण सभामा उपस्थित हुन सक्नेछ तर निर्वाचनमा आफू सदस्य रहेको सेवा कार्यालय अन्तर्गतका इकाइ तथा उप इकाइ सभाबाट मात्र मतदान गर्न सक्नेछ ।
(२) सभामा भाग लिन आउँदा सदस्यले अनिवार्य सदस्य परिचयपत्र वा सदस्य नम्बर खुल्ने कागजात/साधारण सभामा उपस्थित हुने बारेको पत्र र फोटो सहितको नेपाल सरकारबाट जारी नेपाली नागरिकता प्रमाण पत्र, सवारी चालक अनुमति पत्र, राष्ट्रिय परिचय पत्र, रहदानी, मतदाता

परिचय पत्र मध्ये कुनै एक परिचय पत्र लिई आउनु पर्नेछ अन्यथा उपस्थित तथा निर्वाचनमा मताधिकारबाट वञ्चित हुनेछ । परिचय पत्र प्राप्त नभएका सदस्यले सम्बन्धित कार्यालयमा सम्पर्क गरी परिचय पत्र प्राप्त गर्न सक्नुहुनेछ ।

(३) साधारण सभा स्थलमा नै वार्षिक प्रतिवेदन वितरण गरिनेछ । अग्रिम अध्ययन गर्न चाहने शेयर सदस्यले संस्थाको वेवसाईट www.biscol.org.np र फेसबुक पेज Bindhavasini Saccos बाट **२०८३ असोज ५** गते देखि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ र प्रतिवेदन अध्ययन गरी केही सुझाव भए साधारण सभा अवधि भित्र लिखित रूपमा पेश गर्न सक्नुहुनेछ ।

(४) नियमित बचत नियमित नभएका सदस्यहरूले साधारण सभा अगावै नियमित बचत जम्मा गरी सक्नु पर्नेछ ।

(५) वार्षिक साधारण सभामा विना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा सहकारी ऐन,२०७४ को दफा ३४ को उपदफा १(ख) बमोजिम सदस्यता खारेजी प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

आज्ञाले

डोरेन्द्रराज सापकोटा
सचिव, सञ्चालक समिति

निर्वाचन उप समितिको कार्यालय

निर्वाचन कार्यक्रम

निर्वाचन हुने पद : सञ्चालक समितिको अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव–१, कोषाध्यक्ष–१ र सदस्य–५
लेखा सुपरिवेक्षण समितको संयोजक–१ र सदस्य २

निर्वाचनमा भाग लिन चाहनेहरूका लागि एक दिने पूर्व नेतृत्व अभिमुखिकरण : २०८३/५/२० गते शनिबार (उम्मेदवार हुन इच्छुक व्यक्तिले अनिवार्य सहभागी बन्नुपर्ने)

	मतदाता नामावली प्रकाशन	:	मिति २०८३/५/२५ मा दिनको ४:०० बजे
	मतदाता नामावली उपर दावी विरोध	:	मिति २०८३/५/२६ गते बिहान १० :०० बजेदेखि दिनको १:०० बजेसम्म
१.	**अन्तिम मतदाता नामावली प्रकाशन**	:	मिति २०८३/५/२६ मा अपरान्ह ५:०० बजे
२.	**उम्मेदवारको आवेदन दर्ता**	:	मिति २०८३/५/२७ मा ११:०० बजेदेखि ३ : ००बजेसम्म
३.	**उम्मेदवारको नामावली प्रकाशन**	:	मिति २०८३/५/२७ मा साँझ ५ :३० बजे
४.	**उम्मेदवारको योग्यतामा दावीविरोध**	:	मिति २०८३/५/२८ मा बिहान ११:०० बजेदेखि २:०० बजेसम्म
५.	**दावीविरोध उपर छानवीन गरी उम्मेदवारको नामावली प्रकाशन**	:	मिति. २०८३/५/३० मा दिनको १:०० बजे
६.	**उम्मेदवारको नाम फिर्ता**	:	मिति. २०८३/५/३० मा दिनको १:०० बजेदेखि २०८३/६/१ दिनको ३:०० बजेसम्म
७.	**उम्मेदवारको अन्तिम नामावली प्रकाशन**	:	मिति २०८३/६/२ दिनको ५:०० बजे
८.	**मतसंकेत गर्ने तरिका**	:	उम्मेदवारको नाम पछाडीको कोष्ठमा मतसंकेत गर्नुपर्ने
९.	**मतदान**	:	मिति २०८३/६/९ मा बनेपा र बानेश्वर
		:	मिति २०८३/६/१० मा ढुंखर्क, पाँचखाल र भकुण्डे
		:	मिति २०८३/६/११ मा खोपासी र पनौती बिहान ७ :३० बजे देखि अपह्नान्ह ४:०० बजे सम्म
१०.	**मतगणना**	:	मतदान समाप्त पश्चात निर्वाचन समितिले तोकेको स्थानमा
११.	**निर्वाचन परिणामको घोषणा**	:	मतगणना समाप्त पश्चात
१२.	**प्रमाण–पत्र वितरण**	:	निर्वाचन परिणामको घोषणा पश्चात
१३.	**सपथ ग्रहण**	:	प्रमाण-पत्र वितरण पश्चात

संयोजक
निर्वाचन उप समिति

३३औं वार्षिक साधारण सभा तथा इकाइ साधारण सभा समक्ष प्रस्तुत

अध्यक्षको मन्तव्य



शान्त कुमार श्रेष्ठ
अध्यक्ष

आदरणीय शेयर सदस्यज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, केन्द्रीय उपसमितिका सदस्यज्यूहरू, सेवा कार्यालय व्यवस्थापन उप समितिका संयोजक तथा सदस्यज्यूहरू, व्यवस्थापन समुहका कर्मचारीहरू तथा उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरूमा मेरो व्यक्तिगत र संस्थाको तर्फबाट हार्दिक सहकारी नमस्कार तथा अभिवादन ।

बिन्धवासिनी वचत तथा ऋण सहकारी संस्था लि.को **३३औं वार्षिक साधारण सभामा** यहाँ उपस्थित सम्पूर्ण सदस्यहरूलाई हार्दिक स्वागत गर्न पाउँदा मलाई अत्यन्त हर्ष र गौरव अनुभूति भएकोछ । संस्थाको स्थापनाकाल र सो बेलाको परिवेशमा वित्तीय पहुँचबाट टाढा स्थानीय स्तरमा वैक तथा वित्तीय संस्थाको बुझाईमा समेत कमी रहेको वेला २०५० साल कार्तिकबाट समुह र सदस्यमा आधारित सिमित सदस्य र २ वटा गाविस (खोपासी र चलाल)लाई कार्यक्षेत्र बनाई ५५ जना संस्थापक सहित १२६ जना शेयर सदस्यहरूबाट शेयर पूँजी रु. ६२,०००।- जम्मा गरी शुरु भएको यस संस्थाले ३३औं साधारण सभासम्म आईपुग्दा संस्थाले ४ वटा जिल्ला कार्य क्षेत्र (काभ्रे, भक्तपुर, काठमाडौं र ललितपुर)मा आफ्नो सेवा विस्तार गरी समुह संख्या २६४५, सदस्य ६१,१५६ र बाल बचतकर्ता १२,६०५ समेत ७३,७६१ सेवाग्राहीलाई वित्तीय तथा गैरवित्तीय सेवा प्रदान गर्दै आर्थिक वर्ष २०८२/०८३ सम्ममा शेयर पूँजी रु. ५३ करोड ४७ लाख, बचत निक्षेप रु. ४ अर्ब ३५ करोड १६ लाख र सदस्यहरूलाई प्रवाहित ऋण रु. ३ अर्व ६१ करोड ७९ लाख रही कूल सम्पत्ति (वासलात) रु. ५ अर्ब ४४ करोड रुपैयाँ पुगेको व्यहोरा अनुरोध गर्दछु । यसको श्रेय संस्था प्रति निरन्तर विश्वास, सहयोग, सदभाव र सक्रिय सहभागिता गर्नुहुने सम्पूर्ण सदस्यज्यूहरू प्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

आदरणीय शेयर सदस्यज्यूहरू,

यस वार्षिक साधारण सभाले हाम्रो विगत वर्षको कार्य सम्पादनको समिक्षा गर्ने, हासिल गरेका उपलब्धीहरूको मूल्याङ्कन गर्ने र वर्तमान चुनौतीहरूको बारे गहन छलफल गरी आगामी वर्षको लागि गरिने स्पष्ट दिशा र कार्यनीति तय गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नेछ ।

वित्तीय कार्यसम्पादन तथा उपलढधी :-

संस्थाको समग्र वित्तीय स्थिति र विश्लेषण सहित कोषाध्यक्ष र लेखा परीक्षकको प्रतिवेदनमा समावेश हुने व्यहोरा अनुरोध गर्दछु । यसको साथै यस संस्थाले सदस्य केन्द्रित प्रभावकारी वचत, ऋण र वित्तीय सेवाहरू प्रदान गर्ने आफ्नो मूख्य दायित्वलाई निरन्तरता दिएकोछ ।

आर्थिक वर्ष २०८२।०८३ मा सहकारी क्षेत्रका लागि चुनौती वर्षको रह्यो । समग्र आर्थिक गतिविधिमा देखिएको सुस्तता, ऋण लगानीमा आएको संकुचन, तरलता व्यवस्थापनमा चुनौती, ऋण असुलीमा देखिएका जटिलता, वित्तीय अनुशासनमा आएको ह्रास तथा नियामकीय निगरानीको विस्तारले सहकारी संस्थाहरूलाई अझ जिम्मेवार, पारदर्शी सक्षम र परिणाममूखी बन्नुपर्ने आवश्यकतालाई मनन गर्दै **बिन्धवासिनी वचत तथा ऋण सहकारी संस्था लि.**ले संस्थाको आकार विस्तारलाई मात्र प्राथमिकता नदिई वित्तीय अनुशासन कायम राख्ने सदस्यहरूको विश्वास सुदृढ गर्ने, सेवाको गुणस्तर अभिवृद्धि गरी सदस्यहरूको हित र लगानीको सुरक्षण गर्ने दिशातर्फ निम्न अनुसार कार्य निरन्तर गरिरहेको व्यहोरा अनुरोध गर्दछु ।

- वचत तथा ऋण सेवा निरन्तरता कायम राख्दै त्यसलाई थप सुदृढ बनाइएको ।
- सदस्यहरूको मागलाई सम्बोधन गर्दै उत्पादनमूलक तथा आवश्यकतामा आधारित परियोजनामा ऋण प्रवाहलाई निरन्तरता दिइएको ।
- आन्तरिक नियन्त्रण, लेखा प्रणाली र लेखा परीक्षण तथा प्रतिवेदन प्रणालीलाई सुदृढ बनाईएको ।
- ऋण असुली तथा ऋणको नियमित अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाईएको ।
- बचत परिचालन, जिम्मेवार ऋण उपयोग तथा वित्तीय अनुशासनका विषयमा सदस्यहरूलाई वित्तीय सचेतना अभिवृद्धि गरिएको ।
- सेवा प्रवाहलाई सहज र छिटो र प्रभावकारी बनाउन डिजिटल तथा आधुनिक प्रविधिको प्रयोगलाई निरन्तरता दिइएको ।

- विश्वास पारदर्शिता, जवाफदेहिता तथा पारस्परिक हितमा आधारित सहकारी मूल्य मान्यता र सिद्धान्तलाई निरन्तर आत्मसाथ गरिएको ।

यी उपलब्धीहरू सञ्चालक समितिको मार्गदर्शन, कर्मचारीहरूको समर्पण मेहनत तथा सबै भन्दा महत्वपूर्ण रूपमा हाम्रा सदस्यज्यूहरूको अटुट विश्वास साथ, सहयोग विना सम्भव हुने थिएन ।

आव ०८२/०८३ समग्र सहकारीहरूमा चुनौतीपूर्ण रहेतापनि हामीले वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखा परेका महत्वपूर्ण चुनौतीहरूलाई पनि गम्भिरता पूर्वक आत्मसाथ गर्न आवश्यक छ :

- **पहिलो चुनौती** :- सहकारी क्षेत्रमा विभिन्न कानुनी व्यवस्था, मापदण्ड, प्रतिवेदन सम्बन्धी दायित्व तथा नियमाकीय प्रावधानहरूमा निरन्तर परिवर्तन र नियामकीय अनुपालना संस्थाको लागि अपरिहार्य भएता पनि बारम्बार हुने परिवर्तन तथा बढ्दो प्रशासनिक दायित्वले सहकारी संस्था माथि थप दबाव सिर्जना गरेकोछ । यस्तो आवश्यकतालाई थप प्रभावकारी रूपमा सम्बोधन गर्न हामीले संस्थागत प्रणाली अभिलेखलाई व्यवस्थित गर्ने, कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा व्यवसायिक व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेछ ।
- **दोस्रो चुनौती** :- समग्र आर्थिक अवस्था चुनौती पूर्ण रहेको परिपेक्षमा आर्थिक गतिविधिमा आएको सुस्तता, क्रयशक्तिमा कमी, बेरोजगारी, व्यवसायिक अवसरमा आएको संकुचन तथा ऋणी सदस्यहरूको आम्दानीमा परेको दबावले वचत संकलन, ऋणको माग तथा ऋण भुक्तानी क्षमतामा समेत प्रभाव परेको छ ।
- **तेस्रो चुनौती** :- गैरसरकारी संस्था, लघुवित्त संस्था, बैक तथा अन्य वित्तीय सेवा प्रदायक संस्थाहरूको बढोत्तरी र लक्ष्य प्राप्तीको लागि गरिने अस्वस्थ प्रतिस्पर्धाले गर्दा सदस्यहरूसँग वित्तीय श्रोत प्राप्तीका विकल्प भई वर्तमान परिवेशमा समग्र वित्तीय संस्थामा समस्या पैदा भईरहेको अवस्थालाई मध्यनजर गरी वैकल्पिक उपायहरू अवलम्वन गर्न जरुरी छ । अत हाम्रो सहकारीले निरन्तर रूपमा आफ्नो सेवामा सुधार गर्दै "**बिन्धवासिनीको सदस्य बन्नु किन मुल्यवान छ**" भन्ने प्रश्नको व्यवहारमै प्रभावकारी उत्तर दिन सक्नु पर्छ ।

आर्थिक तथा संस्थागत अवस्था कसरी सुधार गर्ने :- आगामी दिनमा हाम्रो रणनीति मूख्यत : ५ प्रमुख क्षेत्रमा केन्द्रित हुनुपर्छ भन्ने कुरा यहाँ संक्षेपमा वर्णन गर्न चहान्छु ।

१. **सुदृढ वित्तीय अनुशासन** - यस अन्तर्गत संस्थाको तरलता संरक्षण प्रयाप्त संचित जगेडा कोष, आनावश्यक खर्च नियन्त्रण तथा ऋण जोखिमलाई सावधानी पूर्वक व्यवस्थापन, ऋण लगानीपूर्व गहन विश्लेषण, ऋणको परिमाण बढाउनुका साथै गुणस्तरलाई प्राथमिकता दिनु संस्था सञ्चालनको मूल उदेश्य हुनुपर्छ ।

२. **प्रभावकारी ऋण असुली** :- समयमै ऋण असुली गर्न लगानी गरिएका ऋण नियमित असुली हुन संस्थाको वित्तीय स्वास्थ्यको लागि महत्वपूर्ण हुन्छ । त्यसैले ऋण प्रवाह पूर्वको मूल्याङ्कन नियमित अनुगमन, Member councilling बाटनै ऋण असुली प्रकृयालाई सहज र सुदृढ बनाउनु पर्दछ ।

३. **उत्पादनमुलक ऋण लगानीमा जोड** :- संस्थाका सदस्यहरूलाई व्यवसायी बनाउन व्यवसायिक शिक्षा प्रदान गरी कृषि, लघु तथा साना व्यवसाय, उद्यमशीलता, शिक्षा तथा अन्य आय तथा रोजगार सृजना गर्ने उत्पादनमूलक क्षेत्रको पहिचान गरी लगानीमा जोड दिने जसले गर्दा सदस्यहरूको आयमा वृद्धि भई वचत गर्ने क्षमतामा वृद्धि तथा ऋणको नियमित भुक्तानी गर्ने क्षमता पनि सरल रूपमा हुनेछ । जसका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ र DSIK को सहकार्यमा उक्त कार्यक्रम सञ्चालन गर्न प्राविधिक संभौता सम्पन्न भइसकेको र चालु आ.व.बाट कार्यक्रम सञ्चालन गरिने व्यहोरा जानकारी गराइन्छ ।

४. **उत्कृष्ट सदस्य सेवा** :- संस्था सञ्चालनको श्रोत हाम्रा सदस्यहरू हुन र सदस्य संस्थाका मालिकको रूपमा परिभाषित गरिएको छ । त्यसैले संस्थाले सदस्य केन्द्रित र सदस्यको चाहाना बमोजिम छिटो, पारदर्शी, सम्मानजनक सेवा सुविधा सहज रूपमा प्रदान गर्नुपर्छ । साथै सदस्यको गुनासा, आवश्यकता र सुझाव र अपेक्षालाई गम्भीरताकासाथ लिई वास्तविक आवश्यकताको आधारमा माग अनुसार वित्तीय सेवा प्रदान गर्न प्राथमिकीकरण गर्नु पर्छ ।

५. **प्राविधिक र व्यवसायिक व्यवस्थापन** :- यस संस्थाले सदस्यहरूको सेवा सुरक्षा गुणस्तरियता प्रदान गर्न संस्थाले कार्यान्वयनमा ल्याइएको छैठौ ४ वर्षीय व्यवसायिक रणनीतिक योजनाको Vision/Mission मा नै आधुनिक प्रविधिको उच्चतम प्रयोगगरी सदस्यहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउने लक्ष्यका साथ Mobole Banking, ABBS, QR खल्ती जस्ता धेरै डिजिटल वालेट तयार गरी सञ्चालनमा रहेकोछ भने डिजिटल माध्यमले तथ्याङ्क तथा सूचना व्यवस्थापन, साईवर सुरक्षा, आन्तरिक नियन्त्रण कर्मचारी दक्षता अभिवृद्धि सदस्यहरूलाई तथ्यमा आधारित निर्णय, जोखिम व्यवस्थापन, पारदर्शिता र संस्थागत सुशासन अभिवाद्धि गर्ने साधनको रूपमा रहेको छ ।

सुशासन, जोखिम व्यवस्थापनमा संस्थाको योजना :-

सहकारी संस्थाको दिर्घकालीन सफलता वित्तीय उपलब्धीसँगै सुशासन, पारदर्शिता, उत्तरदायित्व, नैतिकवान नेतृत्व र कानुनी अनुपालनमा संस्थाले मुख्यतया सुशासनलाई अभिन्न अंगको रूपमा अघि बढाएकोछ । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन तथा कर्मचारीका बीचमा समन्वय, स्पष्ट जिममेवारी र संस्थागत निर्णय प्रकृयामा संस्थाको दिर्घकालीन हितलाई प्राथमिकता दिई नियमित बैठक, आन्तरिक लेखापरीक्षण, नियमित समिक्षा, नियामकीय व्यवस्थाको पालनाको निरन्तरता, PEARLS तथा पूँजी पर्याप्तताको अवधारणामा आधारित प्रमुख वित्तीय सुचकहरूको समिक्षात्मक विश्लेषण, संस्थागत पूँजी वृद्धि, गुणस्तरीय सेवा विस्तार, निष्क्रिय ऋण न्यूनीकरण, तरलता व्यवस्थापन, आम्दानीका श्रोत सुदृढीकरण, सञ्चालन खर्च नियन्त्रण, जोखिममा आधारित व्यवस्थापनमा निरन्तर सुधार मार्फत संस्था सुरक्षित र सदस्यहरूको भरोसायोग्य बनाउन निरन्तर प्रयास जारी रहेको व्यहोरा समेत जानकारी गराउन चहान्छु । सुशासनकै सन्दर्भमा संस्थाले नेपाल सरकारले लागू गरेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यविधिलाई समेत अक्षरस लागू गरिएको र नियमित पठाउनुपर्ने प्रतिवेदन पठाइएको छ भने सञ्चालक समितिमा समेत सो सम्बन्धी जानकारी लिने गरिएको छ ।

- संस्थाको सम्पत्ति शुद्धीकरण निवारण समबन्धी अद्यावधिक कार्यविधि रहेको ।
- Go AML **दर्ता मिति** २०७८/१२/०५
- **आव** २०८२/०८३ **मा सञ्चालक समितिमा समिक्षा बैठक संख्या** : ३
- **नियमाकीय निकायमा पठाएको प्रतिवेदन सिमा कारोबार** (TTR) **प्रतिवेदन संख्या** : २३० **शंकास्पद कारोबार** (STR) **प्रतिवेदन र शंकास्पद क्रियाकलाप** SAR **प्रतिवेदन संख्या** : ०
- **जोखिम वर्गीकरण गरेको सदस्य संख्या** : ६१,१५६
- संस्थाले सम्पत्ती शुद्धीकरण निवारणका लागि पूर्वाधारमा लगानी गरेका क्षेत्रहरू
- सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रमा संस्थामा योजनाहरू :-

सहकारी संस्थाको साधारण सभा सञ्चालन निर्देशिका २०७६ नियम २१ सँग सम्वन्धित विवरण ।

हाम्रो प्रतिवद्धता :

आदरणीय शेयर सदस्यज्यूहरू

सहकारी क्षेत्रले कठीन र चुनैतीपूर्ण समयको सामना गरिरहेको भएता पनि **हरेक चुनौती भित्र नयाँ सम्भावना र अवसर पनि निहित हुन्छ ।** बिन्धवासिनी वचत तथा ऋण सहकारी संस्था लि को ३३ वर्ष लामो इतिहास समृद्ध यात्रा केवल समयको गणना नभई सदस्यहरूको विश्वासको सहभागिता, सामुहिक प्रयत्नबाट निर्माण भएको संस्थागत इतिहास हो । आगामी दिनमा सफलताको बदलिदो आर्थिक परिस्थिति अनुकूल आफूलाई रुपान्तरण गर्न सक्ने क्षमता, नियमाकीय व्यवस्थाको पूर्ण पालना, जिम्मेवार जोखिम व्यवस्थापन र सदस्य केन्द्रीत कृयाकलाप राख्ने हाम्रो कार्यशैली हुनेछ । यसको लागि सदस्यको आवश्यकता परिपूर्तिको लागि बहुउदेश्यीय सहकारी संस्थासँगको सहकार्यमा सदस्यहरूको लागि कृषि उपज, मल, विउ विजन, मेशनरी औजार तथा अन्य आवश्यक सामाग्री सदस्य माझ पुऱ्याउने कार्य आगामी वर्षबाट शुरु गरिनेछ । संस्थाले सदस्यहरूलाई सरल र प्रतिस्पर्धात्मक व्याजदरमा सेवा प्रदान गर्दै आएको वितिदै छ । ता पनि केवल व्याजदरका आधारमा मात्र प्रतिस्पर्धा गर्नु हुँदैन हाम्रो प्रतिस्पर्धाको आधार **विश्वास, सेवाको गुणस्तर, पारदर्शीता वित्तीय शिक्षा, सदस्यसँगको आत्मीय सम्बन्ध तथा दिर्घकालीन मूल्य सृजना हुनुपर्छ ।**

म सम्पूर्ण सदस्यज्यूहरूलाई नियमित वचत गर्न, ऋणको जिम्मेवार उपभोग गर्न, समयमै ऋणको साँवा व्याज भुक्तानी गरी सहकारीका गतिविधिमा सहभागिता जनाउन तथा संस्थाको व्यवस्थापनलाई रचनात्मक सुझाव र सहयोग प्रदान गर्न हार्दिक आह्वान गर्दछु ।

यस अवसरमा म सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, व्यवस्थापन कर्मचारीहरू तथा संस्थामा सम्पूर्ण सदस्यज्यूहरूले गर्नुभएको निरन्तर मेहनत, समर्पण, विश्वास **सहकार्य जवाफदेहिता पारदर्शीता र पारस्परिक समृद्धिको भावना साथ एकताबद्ध भई सामुहिक प्रयास जिम्मेवार नेतृत्व सुदृढ व्यवस्थापन र सदस्यहरूको निरन्तर विश्वासको आधारमा** बिन्धवासिनी वचत तथा ऋण सहकारी संस्था लि. आगामी दिनमा अझ सुदृढ विश्वसनीय सक्षम र सदस्यको हितमा समर्पित संस्थाको रूपमा विकास गर्न हामी अवश्य सफल हुनेछौ भन्ने मेरो पूर्ण विश्वासका साथ संस्थाको विकासका लागि गरेका सहयोग प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । अन्तमा बिन्धवासिनी वचत तथा ऋण सहकारी संस्था लि.को ३३औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरूलाई धन्यवाद ।

जय सहकारी, जय बिन्धवासिनी सहकारी

सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन, २०८३/०८४ को संशोधित र २०८४/०८५ को प्रस्तावित कार्यक्रम



डोरेन्द्रराज सापकोटा
सचिव

यस गरिमामय ३३औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्यहरूज्यू, सल्लाहकारज्यूहरू, विभिन्न उप समितिका पदाधिकारी तथा सदस्यज्यहरू, प्रमुख कार्यकारी अधिकृतज्यू सहित कर्मचारी वर्ग एवं यस संस्थाको ३३औं साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्यज्युहरू प्रति म सञ्चालक समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन टक्रयाउँन चाहन्छु।

पस्थित सम्पूर्ण समक्ष आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन, चालु आ.व.२०८३/०८४ को संशोधित, आगामी आ.व. २०८४/८५ को प्रस्तावित कार्यक्रम पेश गर्न अनुमति चाहन्छु।

सभाध्यक्ष महोदय,

अव म आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन देहाय बमोजिम रहेको व्यहोरा अवगत गराउँन चाहन्छु।

१) **सदस्य तथा सेवाग्राहीको विवरण**

क) शेयर सदस्य :-६१,११५ ख) शैक्षिक बाल बचत कर्ता :-१२,६०५ जम्मा सेवा ग्राही :-७३,७६१

२) **सम्पत्ति र पूजी तथा दायित्व र आय व्यय विवरण**

कूल सम्पत्ति र पूँजी तथा दायित्व	:- ५६३२८५६७३३।४२
खुद सम्पत्ति र पूँजी तथा दायित्व	:- ५,४४३,८२३,७९१
खुद आय	:- ४३२,००७,५६४।२४
खुद व्याय	:- ३७,८२,३६,४१७।३४
कर्मचारी बोनस र आयकर अघिको सञ्चालन नाफा	:- ५,३७,७१,१४६।९०

३) सदस्य सुरक्षण (राहत)सम्बन्धमा

यस संस्थाको आ.ब. २०८२/०८३ मा सदस्य सुरक्षण कार्यविधि अनुरुप स्वास्थ्य उपचार राहत ११०७ जना, पारिवारिक राहत ३८२ जना, सदस्य मृत्यु राहत १२२ जना, दैवी प्रकोप राहत २५ जना, नवजात शिशु सेवा २३७ जना र विन्धवासिनी बिशेष उपचार ८१ जना गरी कुल १,९५४ जना सदस्यहरू लाभान्वित भएकाछन् ।

साथै लघु अमृत विमा कार्यक्रम अन्तर्गत यस आ.व.मा संस्था मार्फत १,९९४ जना सदस्यको विमा शुल्क भुक्तानी गरिएकोछ भने ७ जना सदस्यहरूको विमा दावी क्षतिपूर्ति रकम संस्था मार्फत प्रदान गरिएकोछ।

४) ऋण लगानी तथा असुली तर्फ आ.ब. २०८२/०८३ मा ३२४२ वटा ऋण लगानी गरी ५,१४३ वटा ऋण असुली गरी २०८३ असार मसान्तमा ७,१६२ वटा ऋण बाँकी रहेको जानकारी गराउन चाहान्छु।

५) असल ऋणी सदस्यहरू तर्फ २०८२/०८३ मा २०१ जना भएको जानकारी गराउँन चाहन्छु।

सभाका सभापति महोदय एवं शेयर सदस्यज्युहरू,

६) संस्थाको ३२ औं साधारण सभा तथा सातौं इकाइ साधारण सभामा देहाय बमोजिम शेयर सदस्यको उपस्थिति भएको जानकारी गराउँन चाहन्छु।

३२औं वार्षिक साधारण सभा उपस्थिति

इकाई	लिङ्ग	कूल सदस्य संख्या		उपस्थिति संख्या		उपस्थिति प्रतिशत	
जम्मा	पु	२६३२०	५९३६९	१५०२५	३८१४४	४७.५६	६४.२५
	म	३३०४९		२३११९		६८.६९	

७) आ. व. २०८२/०८३ मा यस सस्थाको सञ्चालक समितिको बैठक २० पटक वसी विभिन्न विषयमा महत्वपूर्ण निर्णयहरूभएको जानकारी गराउँन चाहन्छु।

सञ्चालक समितिको पदाधिकारी एवं सदस्यहरूको उपस्थिति देहाय बमोजिम रहयो :

क्र.सं.	पद	पदाधिकारी तथा सदस्यको नाम, थर	उपस्थिति संख्या	प्रतिशत	कैफियत
१	अध्यक्ष	श्री शान्त कुमार श्रेष्ठ	२०	१००	
२	उपाध्यक्ष	श्री राम हरि शर्मा तिमल्सिना	२०	१००	
३	सचिव	श्री डोरेन्द्र राज सापकोटा	१९	९५	
४	कोषाध्यक्ष	श्री भिम बहादुर खत्री	१९	९५	लिडरसीप बुटक्याम्प तालिम कार्यक्रममा सहभागी १
५	सदस्य	श्री लोकदर्शन कर्माचार्य	१७	८५	
६	सदस्य	श्री पुनम घिमिरे	१४	७०	
७	सदस्य	श्री केशव थापा	१८	९०	
८	सदस्य	श्री गणेश प्रसाद पराजुली	२०	१००	
९	सदस्य	श्री बुद्धि माया लामा	२०	१००	
१०	सदस्य	श्री सुनिता धिताल	२०	१००	
११	सदस्य	श्री जमुना खड्का	२०	१००	

८) कर्मचारी व्यवस्थापन तथा परिचालन तर्फ :

क) आ.ब. २०८२/०८३ को असार मसान्तसम्म स्थायी ७७ जना, प्रशिक्षण सेवामा २३ जना मध्ये महिला ४२ जना र पुरुष ५८ जना गरी जम्मा १०० जना कर्मचारी कार्यरत रहेको जानकारी गराउन चाहन्छु ।

ख) **कर्मचारी नियुक्ति सम्वन्धमा:** आठौ तह १ जना, सातौ तह १ जना, र श्रेणी विहीन १ जना गरी जम्मा ३ जना

ग) **पदोन्नति सम्बन्धमा** : यस अवधिमा आठौं तहमा २ जना, छैठौं तहमा २ जना र चौथो तहमा ४ जना गरी ८ जना कर्मचारीको पदोन्नती भएको

घ) **राजीनामा सम्वन्धमा:** पाँचौं तह १ जना, चौथो तह १ जना, तेश्रो तह २, दोश्रो तह १ र श्रेणी विहीन १ जना गरी जम्मा ६ जना

ङ) **सामाजिक सुरक्षा कोषमा सहभागीता:** संस्थामा कार्यरत स्थायी र १ वर्ष प्रशिक्षण अवधि पुगेका ९८ जना कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा सुचिकरण गरी २०७६ साउन महिनादेखिको संचयकोष तथा उपदान कोष रकम नियमित जम्मा गरिएको ।

च) **स्तरोन्नती** : सातौं तह १ जना, पाँचौं तह १ जना र दोस्रो तह ३ जना गरी जम्मा ५ जना कर्मचारीलाई स्थायी नियुक्ति गरिएको छ ।

छ) पुरस्कार तथा सम्मान : पाँचखाल सेवा कार्यालयमा कार्यरत कार्यालय व्यवस्थापक श्री सुरज अधिकारी (कर्मचारी संकेत नं ८४), लेखा प्रशासन विभागका विभागीय सहायक श्री सविता भण्डारी काईराला (कर्मचारी संकेत नं. ३४) र खोपासी सेवा कार्यालयमा कार्यरत श्री सोविता लामिछाने (कर्मचारी संकेत नं. ६३) लाई उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत गरिएकोछ भने श्री दिपक गुरागाई (कर्मचारी संकेत नं. १५) र श्री नमराज तिमल्सिना (कर्मचारी संकेत नं. १६) लाई २० वर्षे दिर्घसेवा पदक प्रदान गरिएकोछ भने बनेपा सेवा कार्यालयलाई उत्कृष्ट सेवा कार्यालय पुरस्कारबाट सम्मान गरिएको छ ।

९) **आन्तरिक निरीक्षण तथा अनुगमन**

- कार्य सम्पादन तथा अनुगमन उपसमिति, ऋण उपसमिति, प्रमुख कार्यकारी अधिकृत र ऋण विभागबाट सबै सेवा कार्यालयहरूमै उपस्थित भई सम्बन्धित सेवा कार्यालय व्यवस्थापन उपसमिति, पदाधिकारीहरू सम्बन्धित कार्यालय व्यवस्थापक र कर्मचारीहरूको छुट्टा छुट्टै र संयुक्त बैठक बसी संस्थागत विकास र चुनौती सामना गर्न थप रणनीति तथा सुधार सम्बन्धी निर्देशन दिएको ।
- आ.व.मा लेखा सुपरिवेक्षण समितिको ३० वटा बैठक बसी मुख्य कार्यालय लगायत सबै सेवा कार्यालयहरूको चौमासिक आन्तरिक लेखा परीक्षण तथा अनुगमन कार्य गरेको देखिन्छ ।
- ऋण लगानी तथा असुली उप समितिले स्थलगत निरीक्षण अनुगमन गरी परियोजना, धितो निरीक्षण र स्वीकृत ऋण लगानी पश्चात पूरा गर्नु पर्ने कानूनी कागजातहरू चेकजाँच गरी देखिएका कैफियत तुरुन्त सुधार गर्न लगाई ऋण लगानी तथा असुली कार्यलाई सुरक्षित बनाइएकोछ ।
- आन्तरिक लेखापरीक्षक श्री सापकोटा एस आर. एण्ड एशोसियट्सले मुख्य कार्यालय लगायत सम्पूर्ण सेवा कार्यालयको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने व्यवस्था गरी प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याइएको

कैफियतहरू तुरुन्त सुधार गर्न निर्देशन दिई सुधार गरेको /

- बाह्य लेखापरीक्षक श्री पिबिकेपी एण्ड एशोसियट्सले मुख्य कार्यालय लगायत सम्पूर्ण सेवा कार्यालयको अन्तरिम लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने व्यवस्था गरी प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याइएको कैफियतहरू तुरुन्त सुधार गर्न निर्देशन दिई सुधार गरेको /

१०) **निरीक्षण तथा अनुगमन** :

(क) अक्कूद्धारा प्रवर्द्धित तथा नेफस्कूनको प्राविधिक सहयोगमा सञ्चालित एक्सेस कार्यक्रम अन्तर्गत २०८३ बैशाख ८ मा स्थलगत अनुगमन निरीक्षण गरी आवश्यक राय सुझाव प्राप्त गरियो ।

(ख) बागमती प्रदेश, आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३ असार ४ गते स्थलगत अनुगमन गरी आवश्यक राय सुझाव प्राप्त भई सोको प्रभावकारी कार्यान्वयन गदै आएको ।

(ग) मध्यमस्तरीय करदाता कार्यालय बबरमहलबाट मिति २०८३ बैशाख ८ गते आ.व.०७८/०७९ को पूर्ण कर परीक्षणको क्रममा संस्थाको स्थलगत निरीक्षण अनुगमन गरिएको ।

११) **कर्मचारी तथा समिति उपसमितिको क्षमता अभिवृद्धि सम्बन्धमा :-**

१. २०८२ श्रावण १७ गते मुख्य कार्यालयले आयोजना गरेको कर्मचारी अनुशिक्षण कार्यक्रममा १०१ जना कर्मचारी सहभागी ,
२. २०८२ श्रावण १९ गते नेफस्कूनले आयोजना गरेको करयोजना सम्बन्धी तालिममा कर्मचारी सविता भण्डारी कोइराला सहभागी ,
३. २०८२ श्रावण २० गते सम्पन्न अडान डे कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरे सहभागी,
४. २०८२ श्रावण २८ गते कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रेपलाञ्चोकले आयोजना गरेको राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन तथा पूँजीकोष व्यवस्थापन सम्बन्धी तालिममा नायब प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरे सहभागी,
५. २०८२ भाद्र २० गते कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रेपलाञ्चोकले आयोजना गरेको जाली नोट तथा पहिचान सम्बन्धी तालिममा कर्मचारीहरू नविन खड्गी मनिष थापा, सुना कुँवर सहभागी,
६. २०८२ भाद्र २३ गते नेफस्कूनले आयोजना गरेको सहकारी साईबर सुरक्षा तालिममा बिजय कृष्ण श्रेष्ठ सहभागी
७. २०८२ कार्तिक २० देखि २२ गतेसम्म बागमती प्रोस्कूनको आयोजनामा सम्पन्न **सहकारी ऋण व्यवस्थापन** तालिममा कर्मचारीहरू प्रविन धिताल, दिवेन श्रेष्ठ र रामराज गौतम सहभागी,
८. २०८२ कार्तिक २८ गते मध्यमस्तरीय करदाता कार्यालयले आयोजना गरेको करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत के.बि.लामा स्याङ्तान र नायब प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरे सहभागी,
९. २०८२ मसिर ११ गते सस्थाको आयोजनामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम ४१ जना कर्मचारीको सहभागितामा सम्पन्न,
१०. २०८२ मसिर १४ गते संस्थाको आयोजनामा लघुवित्त समुह सञ्चालन अनुशिक्षणमा २७ जना कर्मचारी सहभागी,
११. मिति २०८२ मंसिर २४ गते काभ्रेपलाञ्चोक जिल्ला सहकारी संघले आयोजना गरेको AI तालिममा विभागीय प्रमुख अमित राजकर्णिकार र सूचना प्रविधि सहायक राजेन्द्र श्रेष्ठ सहभागी,
१२. २०८२ पुस ३ र ४ गते नेफस्कूनले आयोजना गरेको साकोस समिट,२०८२ मा संस्थाका अध्यक्ष शान्त कुमार श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत के.बि.लामा स्याङ्तान सहभागी,
१३. २०८२ पुस ११ गते सम्पन्न बागमती प्रदेश राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन कार्यक्रममा निर्मला दाहाल, देवकी हुमागाई, राजेन्द्र श्रेष्ठ, सुभद्रा दाहाल, सरिता नेपाल र भक्ति तिमल्सिना सहभागी,
१४. २०८२ पौष १४ गते लघुवित्त समुह सञ्चालन अनुशिक्षण कार्यक्रम संस्थाको मुख्य कार्यालयमा २८ जना कर्मचारीहरूको सहभागीतामा सम्पन्न,
१५. २०८२ षौष २६ देखि २८ गतेसम्म बागमती प्रोस्कूनले आयोजना गरेको वित्तीय साक्षरता तालिम कार्यक्रममा वरिष्ठ अधिकृत सुदर्शन घिमिरे सहभागी,
१६. काभ्रेपलाञ्चोक जिल्ला बचत संघको आयोजनामा २०८२ माघ १० गते सम्पन्न आन्तरिक लेखापरीक्षण तालिममा लेखा सुपरिवेक्षण समिति सदस्य सिद्धि लक्ष्मी पोते सहभागी,
१७. २०८२ माघ ११ देखि १५ गतेसम्म राष्ट्रिय सहकारी बैंकको आयोजनामा चितवनमा सम्पन्न SIYB तालिममा नायब प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरे सहभागी,

१८. २०८२ माघ १४ र १५ गते राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको डिजिटल युथ कार्यक्रममा कर्मचारी सूचना प्रविधि सहायक राजेन्द्र श्रेष्ठ सहभागी,

१९. काभ्रेपलाञ्चोक जिल्ला बचत संघको आयोजनामा २०८२ माघ २३ र २४ गते सम्पन्न महिला नेतृत्व विकास तालिममा सेवा कार्यालय व्यवस्थापन उप समिति बनेपाका सचिव सोनु लामा सहभागी,

२०. २०८२ फागुन ६ गते संस्थाको आयोजनामा समिति, उपसमिति कर्मचारी अनुशिक्षण कार्यक्रममा १४३ जना सहभागी,

२१. २०८२ फागुन ८ देखि १० गतेसम्म बागमती प्रदेश बचत तथा ऋण सहकारी संघको कायोजनामा भएको साकोस व्यवस्थापक क्षमता अभिवृद्धि तालिममा कार्यालय व्यवस्थापक मित्र प्रसाद दाहाल सहभागी,

२२. २०८२ चैत्र ७ देखि ९ गतेसम्म नेफ्स्कूनले आयोजना गरेको CULCC तालिममा कर्मचारीहरू प्रबिन धिताल, दिबेन श्रेष्ठ, हरिकृष्ण बन्जारा र रामराज गौतम सहभागी,

२३. २०८२ चैत्र ८ र ९ गते काठमाडौमा सम्पन्न पाँचौं राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा सञ्चालक समिति सदस्य बुद्धिमाया लामा, कर्मचारी रमेश श्रेष्ठ र समुह संयोजक मिश्री श्रेष्ठ सहभागी,

२४. २०८२ चैत्र १३ गते जीवन विज्ञान काभ्रे जिल्ला परिषदको आयोजनामा १ दिवसीय तनाव विर्सजन कार्यक्रममा कर्मचारीहरू संगिता हरिशरण, शिव प्रसाद दाहाल,रञ्जीत खत्री,सरिता सापकोटा,रमेश श्रेष्ठ, सिर्जना सापकोटा तिमल्सिना र सन्तोष थापा सहभागी,

२५. कोअपरेटिभ म्यानेजर्स क्लब, काभ्रेपलाञ्चोकको आयोजनामा मिति २०८२ चैत्र १४ गते सम्पन्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अभ्यासमूलक अभिमुखिकरण कार्यशालामा नायब प्रमुख कार्यकारी अधिकृत सहभागी,

२६. २०८३ बैशाख २५ र २६ गते काभ्रेपलाञ्चोक जिल्ला बचत ऋण सहकारी संघ लि को आयोजनामा सम्पन्न भाखा नाघेको ऋण व्यवस्थापन तथा नापी नक्सा तालिममा कर्मचारी घननाथ दंगाल र विनोद हुमागाई सहभागी,

२७. २०८३ बैशाख २५ देखि २७ गते सम्म नेफ्स्कूनले आयोजना गरेको Managers Boot Camp तालिममा नायब प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरे सहभागी,

२८. २०८३ जेठ ५ देखि ७ गते सम्म नेफ्स्कून ले आयोजना गरेको Leadership Boot camp तालिममा कोषाध्यक्ष भिम बहादुर खत्री सहभागी,

२९. २०८३ जेठ २३ गते कोअपरेटिभ मेनेजर्स क्लब, काभ्रेपलाञ्चोकले आयोजना गरेको व्यक्तिगत विकास तथा सोच रुपान्तरण कार्यक्रममा संस्थाका सचिव डोरेन्द्रराज सापकोटा र नायब प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरे सहभागी,

३०. २०८३ जेठ ३० गते संस्थाको आयोजनामा १ दिवसीय दक्षता अभिवृद्धि कार्यक्रममा समिति, उपसमिति उच्च व्यवस्थापन कर्मचारीहरू ४४ जना सहभागी,

३१. नेफ्स्कूनको आयोजना र अक्कूको प्राविधिक सहयोगमा २०८३ जेठ ८ गते सम्पन्न एक्सेस कन्सल्टेसन वर्कशपमा प्रमुख कार्यकारी अधिकृत के.बि. लामा स्याङ्तान सहभागी,

३२. २०८३ जेठ २० र २१ गते राष्ट्रिय सहकारी बैंकको सहयोगमा संस्थाको आयोजनामा सम्पन्न उद्यमशिलता विकास तालिममा ४१ जना सदस्यहरूको सहभागिता ,

३३. २०८३ असार ६ र ७ गते राष्ट्रिय सहकारी महासंघको आयोजनामा काठमाडौमा सम्पन्न अन्तर्राष्ट्रिय महिला सहकारी सम्मेलनमा सिद्धीलक्ष्मी पोते, देवकी हुमागाई, सोनु लामा र समिता बञ्जारा सहभागी,

१२) **सभा सम्मेलन, गोष्ठी तथा कार्यक्रम :**

1. २०८२ साउन १० गते कर्मचारीको संयुक्त समिक्षा बैठक सम्पन्न ।
2. २०८२ साउन १६ गते शुक्रबारका दिन समिति, उप समिति र उच्च व्यवस्थापनको सहभागितामा बनेपा पार्टी भेन्यूमा आ.व. ०८१/०८२ को वार्षिक समिक्षा गोष्ठी सम्पन्न ।
3. २०८२ असोज ३ र ४ गते संस्थाको ३२ औं वार्षिक साधारण सभा क्षेत्रगत रूपमा सम्पन्न,
4. २०८२ असोज ८ गते संस्थाको बैठक कक्षमा ३२ औं वार्षिक साधारण सभाको निर्णय प्रमाणिकरण सभा सम्पन्न ।
5. २०८२ कार्तिक महिनामा संस्थाको प्रथम त्रैमासिक समिक्षा बैठक क्षेत्रगत रूपमा सम्पन्न ।
6. २०८२ माघ १७ गते संस्थाको अर्धवार्षिक समिक्षा बैठक संस्थाको बैठक कक्ष बनेपामा सम्पन्न,
7. २०८२ फागुन ६ गते संस्थाको ३३औं स्थापना दिवस कार्यक्रम सम्पन्न,
8. २०८३ बैशाख १२ गते संस्थाको तेस्रो त्रैमासिक समिक्षा बैठक क्षेत्रगत रूपमा सम्पन्न ।

१३) **सहकारी सदस्य** शिक्षा तथा **विस्तारित भेला तर्फ** :

विवरण	संख्या	सहभागी संख्या
पूर्व सहकारी शिक्षा शिविर	72	1464
सदस्य शिक्षा तथा विस्तारित भेला	42	1768
वित्तीय साक्षरता	10	531
सदस्य अन्तर्क्रिया	12	243
घरदैलो कार्यक्रम	169	1921
सामाजिक कृयाकलाप	8	486
समिति उपसमिति र कर्मचारी अवलोकन तथा भ्रमण	1	31
अन्य संस्थाबाट संस्था भ्रमण	5	107
सञ्चालक तथा उपसमिति क्षमता अभिवृद्धि	3	70
कर्मचारी अवलोकन तथा भ्रमण	1	23
अध्ययन अवलोकन तथा तिर्थाटन	1	135
सिपमुलक तालिम	4	214
कर्मचारी अनुशिक्षण तथा तालिम	16	222
सदस्य अवलोकन भ्रमण	1	23
अर्धवार्षिक समिक्षा	1	49
वार्षिक समिक्षा तथा रणनीति	1	35
बजेट निर्माण तर्जुमा	7	419
वार्षिक साधारण सभा	7	38144
शैक्षिक भ्रमण कार्यक्रम	1	104
जम्मा	362	45989

१४) **अध्ययन अवलोकन भ्रमण तर्फ** :

१. २०८२ पुस २५ गते संस्थाका २६ जना सदस्यहरूद्वारा चन्द्रागिरि साकोस काठमाडौको अध्ययन अवलोकन सम्पन्न,

२. २०८२ फागुन ७-९ गतेसम्म संस्थाका २३ जना कर्मचारीद्वारा नवलपरासीको विकू साकोसको अध्ययन अवलोकन तथा सिकाइ आदानप्रदान कार्यक्रम सम्पन्न,

३. २०८२ चैत्र १३-१६ गतेसम्म संस्थाका समिति उप समिति र कर्मचारी ३१ जनाको लागत सहभागितामा बागलुङको सिवाइसी साकोस बागलुङ्गको अध्ययन तथा अन्तर्क्रिया र आन्तरिक पर्यटन कार्यक्रम सम्पन्न,

४. २०८२ चैत्र ३ गते संस्थाको ११६ जना जेष्ट सदस्यसहित १३० जनाबाट पलाञ्चोक भगवतीको दर्शन तथा तिर्थाटन कार्यक्रम सम्पन्न,

५. २०८२ चैत्र २७ गते संस्थाका ९८ जना शैक्षिक बाल बचतकर्ता सहित १०८ जनाबाट राष्ट्रिय संग्रहालय छाउनी र स्वयम्भूनाथको शैक्षिक अध्ययन अवलोकन भ्रमण सम्पन्न,

६. यस आ.व.मा तपसिलका सहाकारी संस्थाहरूले संस्थाको अध्ययन अवलोकन भ्रमण :

क्र.स.	मिति	संस्थाको नाम, ठेगाना	सहभागी संख्या
१	२०८२/७/२३	सराङकोट बहुउदेश्यीय सहकारी संस्था लि. पोखरा ९	३०
२	२०८२/०९/०१	आइडियल बचत तथा ऋण सहकारी संस्था लि. राजबिराज ४	९
३	२०८२/०९/१०	पेवा बचत तथा ऋण सहकारी संस्था लि. रत्ननगर २ चितवन	१७
४	२०८२/१२/२२	जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. धादिङ मलेखु ३	३१
	२०८२/१२/२२	आजाद मा.वि बनेपा -५(सहकारी व्यवस्थापन र रोजगारको अवसर सम्बन्धी)	२०
जम्मा			१०७

१५) **सम्मान तथा पुरस्कार तर्फ**

आ.व. २०८२/०८३ मा यस संस्थाले देहायका सम्मान तथा पुरस्कार प्राप्त गर्न सफल भएको सहर्ष जानकारी गराउन चाहन्छु

1. बागमती प्रोस्कूनबाट बागमती प्रदेशको उत्कृष्ट लगानीकर्ता पुरस्कार, २०८२ बाट संस्था पुरस्कृत ।
2. मिति २०८२ चैत्र ८ र ९ गते ५ औँ राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा यस संस्थाको बासुकी महिला बचत समुह बनेपा १३ कि समुह संयोजक श्री मिश्री श्रेष्ठ उत्कृष्ट र बनेपा सेवा कार्यालयमा कार्यरत फिल्ड सहायक रिमा बुढाथोकी उत्कृष्ट कर्मचारी घोषित भई सम्मानित ।

१६) प्रतिनिधित्व तथा कार्यक्रममा सहभागिता :

१. २०८२ साल साउन १३ गते बागमती प्रोस्कूनको स्थापना दिवस कार्यक्रममा संस्थाका कोषाध्यक्ष भिम बहादुर खत्री र प्रमुख कार्यकारी अधिकृत के.बि.लामा स्याङ्तान सहभागी,
२. २०८२ साउन १९ गते राष्ट्रिय सहकारी बैंकले आयोजना गरेको सहकारीमा नियामकीय मापदण्ड तथा सम्पत्ति शुद्धीकरण निवारण विषयक गोष्ठिमा कोषाध्यक्ष भिम बहादुर खत्री र प्रमुख कार्यकारी अधिकृत के.बि.लामा स्याङ्तान सहभागी,
३. २०८२ साउन ३१ गते नेफ्स्कूनको वार्षिकोत्सव कार्यक्रममा संस्थाका अध्यक्ष, कोषाध्यक्ष, सल्लाहकार प्रदिप थापा र प्रमुख कार्यकारी अधिकृत सहभागी,
४. २०८२ भाद्र २६ गते सम्पन्न जिल्ला सहकारी संघ, काभ्रेपलाञ्चोकको ४४ औँ वार्षिक साधारण सभामा सञ्चालक समिति सदस्य श्री सुनिता धिताल सहभागी,
५. २०८२ भाद्र १३ गते काठमाडौमा सम्पन्न लघुवित्त समाजको तेम्रो साधारण सभा तथा अन्तर्क्रिया कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत के.बि.लामा स्याङ्तान सहभागी,
६. २०८२ मंसिर २५ गते बागमती प्रदेश सहकारी संघको पाँचौं वार्षिक साधारण सभामा संस्थाका अध्यक्ष शान्त कुमार श्रेष्ठ सहभागी,
७. २०८२ मंसिर २६ गते बागमती प्रदेश बचत तथा ऋण सहकारी संघको पाँचौं वार्षिक साधारण सभामा संस्थाका निवर्तमान अध्यक्ष एवं सल्लाहकार श्री प्रदिप थापा, अध्यक्ष, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत सहभागी,
८. २०८२ साल पुस ६ गते राष्ट्रिय सहकारी बैंकले आयोजना गरेको नेपालको कृषि विकासः सहकारीको लगानी तथा दिगोपन विषयक गोष्ठिमा प्रमुख कार्यकारी अधिकृत के.बी. लामा स्याङ्तान सहभागी,
९. २०८२ मंसिर ६ गते काठमाडौमा सम्पन्न राष्ट्रिय सहकारी बैंक लि. को २२ औँ वार्षिक साधारण सभामा संस्थाका उपाध्यक्ष श्री राम हरि शर्मा तिमल्सिना सहभागी,
१०. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कूनको २०८२ पुस ४ गते सम्पन्न ३४ औँ साधारण सभामा संस्थाका अध्यक्ष श्री शान्त कुमार श्रेष्ठ सहभागी,
११. २०८२ पुस १० गते सम्पन्न काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघको २८ औँ वार्षिक साधारण सभामा संस्थाका कोषाध्यक्ष भिम बहादुर खत्री सहभागी,
१२. २०८२ चैत्र १६ गते नेफ्स्कूनले काठमाडौमा आयोजना गरेको परिवर्तित कानूनी वातावरणमा नियमन तथा अनुगमन सुदृढीकरण सम्बन्धी परामर्श गोष्ठीमा संस्थाका अध्यक्ष शान्त कुमार श्रेष्ठ सहभागी,
१३. २०८२ चैत्र १७ गते बागमती प्रोस्कूनले भक्तपुरमा आयोजना गरेको सहकारी सुधार संवाद कार्यक्रममा संस्थाका अध्यक्ष शान्त कुमार श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत के.बि.लामा स्याङ्तान सहभागी,
१४. २०८२ चैत्र २७ गते राष्ट्रिय समृद्ध आवास विशिष्टिकृत सहकारी संघ लि. को काठमाडौमा सम्पन्न पाँचौं वार्षिक साधारण सभामा संस्थाका निवर्तमान अध्यक्ष एवं सल्लाहकार श्री प्रदिप थापा सहभागी,
१५. २०८३ बैशाख १४ र १५ गते सहारा नेपाल साकोसले झापाको विर्तामोडमा आयोजना गरेको सहकारी नीति संवाद कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत के.बि.लामा स्याङ्तान सहभागी,
१६. मिति २०८३ जेठ ६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पन्न Asia Pacific Group on money laundering (APG) सँगको अन्तर्क्रिया कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरे सहभागी,
१७. २०८३ असार २५ गते काठमाडौमा आयोजित राष्ट्रिय सहकारी बैंकको स्थापना दिवस कार्यक्रममा संस्थाका उपाध्यक्ष राम हरि शर्मा तिमल्सिना र सञ्चालक सदस्य केशव थापा सहभागी,
१८. संस्थाको कोषाध्यक्ष श्री भिम बहादुर खत्रीज्यू काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को ऋण लगानी असुली उपसमितिको सदस्य पदमा मनोनित हुनुभएको ।

१७) सामाजिक कार्य तथा अतिरिक्त क्रियाकलाप तर्फ :

१. २०८२ श्रावण १३ गते बागमती प्रदेश सहकारी संघ लि.को छैटौं स्थापना दिवसको अवसरमा वृक्षारोपण कार्यक्रममा सहभागी ।

२. संस्थाको ३३ औं स्थापना दिवसको अवसरमा खुल्ला रक्तदान कार्यक्रम संस्थाको मुख्य कार्यालय बनेपामा सम्पन्न ।
३. संस्थाको ३२ औं साधारण सभाको अवसरमा सुप्रिम डेन्टलको प्राबिधिक सहयोगमा निःशुल्क दन्त परिक्षण तथा परामर्श संस्थाको मुख्य कार्यालय बनेपामा सम्पन्न ।
४. २०८२ असोज ४ गते ३२ औं वार्षिक साधारण सभाको अवसरमा पनौती सेवा कार्यालयको आयोजनामा प्रिमियर डेन्टलको प्राबिधिक सहयोगमा निःशुल्क दन्त परीक्षण तथा परामर्श सम्पन्न ।
५. २०८२ कार्तिक गते २२ गते खोपासी सेवा आयोजनामा फरइभर डेन्टलको प्राविधिक सहयोगमा निःशुल्क दन्त परीक्षण तथा परामर्श सम्पन्न ।
६. २०८२ मंसिर ०६ गते खोपासी सेवा कार्यालय र नेपाल रेडक्रस सोसाइटी बनेपा शाखा खोपासी उपशाखाको आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न ।
७. २०८३ जेठ १० गते पनौती सेवा कार्यालयको आयोजनामा तथा नेपाल रेडक्रस सोसाइटी बनेपा शाखाको प्राविधिक सहयोगमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न ।

१८) **साझेदारी कार्यक्रम :**

क) रोशी गाउँपालिकासँगको साझेदारीमा कृषि ऋणमा गाउँपालिकाबाट ५% अनुदान र बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्थाको तर्फबाट १% व्याज अनुदान छुट सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएकोछ ।
ख) रेयुकाई मासुनागा ईको आँखा अस्पतालसँगको साझेदारीमा अन्धोपन निवारण कार्यक्रम सञ्चालन गर्दै आएकोछ ।
ग) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.सँगको साझेदारीमा सहुलियत कृषि,उद्यमशिलता, स्वरोजगार, लघुवित्त ऋण सहुलियत ३-७ % व्याजदरमा प्रदान गर्दै आएकोछ ।
घ) पनौती नगरपालिका सँगको साझेदारी र लागत सहभागितामा बनेपा -पनौती सडक र १० नं. वडामा यात्रु प्रतिक्षालय तथा ग्रिनरी निर्माण र सडक बत्ती जडान गर्ने कार्य गरेको ।
ङ) बेथानचोक गाउँपालिकासँगको साझेदारीमा व्यवसायिक ऋणमा गाउँपालिकाबाट ५% अनुदानमा बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्थाबाट ८% सहुलियत व्याजदरमा उद्यमशिलता कार्यक्रम सञ्चालनलाई निरन्तरता प्रदान गरिएकोछ ।
च) शिर मेमोरियल अस्पताल, काठमाडौ क्यान्सर सेन्टर, ताथली र बनेपा हेल्थकेयरसँगको सहकार्यमा सदस्यहरूलाई स्वास्थ्य उपचार सुविधामा छुट प्रदान गर्ने कार्य प्रारम्भ भएको छ ।

१९) सञ्चालक समितिबाट ३२औं वार्षिक साधारण सभा पश्चात भए गरेका देहायका नीति तथा कार्यविधि संशोधन सहित पुनर्लेखन तथा नयाँ तर्जुमा गरिएका नीति नियम र कार्यविधिहरू अनुमोदन सहित स्वीकृतिको लागि प्रस्ताव पेस गर्दछु ।

क) आर्थिक प्रशासनिक नीति, २०६५ पुनर्लेखन, २०८०, ख) मानव संशाधन व्यवस्थापन नीति, २०६२ पुनर्लेखन, २०८०
ग) ऋण लगानी तथा असुली नीति, २०५१ पुनर्लेखन, २०८०, घ) सदस्यता नीति,२०६७ पुनर्लेखन,२०८१,
ङ) सदस्य सुरक्षण (राहत)नीति,२०५८, पुनर्लेखन,२०८१, च) बचत नीति, २०५६ पुनर्लेखन,२०८१
छ) सम्पत्ति शुद्धिकरण तथा आताङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण नीति, २०७६ संशोधित २०८२
ज) लघुवित्त कार्यक्रम सञ्चालन नीति २०५८, संशोधित २०८२, झ) सुशासन नीति, २०६८ संशोधन, २०८२
ञ) उप समिति गठन कार्यविधि, (ट) सदस्य हेरचाह कार्यविधि
ठ) आचारसंहिता (समिति, उप समिति, कर्मचारी र सदस्य)

२०) सञ्चालक समितिका सदस्य श्री प्रकाश बहादुर कायस्थज्यूले अस्वस्थ एवं व्यक्तिगत कारण देखाई दिनु भएको राजीनामा मिति २०८२/०८/०७ मा बसेको ५६औं बैठकबाट स्वीकृत गरेको कार्यलाई अनुमोदनका लागि सभा समक्ष प्रस्ताव गर्दछु ।

२१) **आ.व. २०८२/०८३ को संसोधित तथा आ.व. २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम**

सञ्चालक समितिको मिति २०८३/०५/२४ मा बसेको बैठक नं. ७२ बाट पारित देहाय बमोजिम आ.व. २०८३/०८४ को संसोधित र आ.व. २०८४/०८५ को प्रस्तावित नीति तथा कार्यक्रम स्वीकृतार्थ सभा समक्ष प्रस्तुत गर्दछु ।

क) सदस्यसँग बिन्धवासिनी र समुदायसँग बिन्धवासिनी कार्यक्रमको प्रारुप तर्जुमा गरी कार्यान्वयन गर्ने ।
ख) शैक्षिक बचत कर्ता र युवा केन्द्रित कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।
ग) लघुवित्त कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने र महिला केन्द्रीत कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।
घ) समूह व्यवस्थापन गरी समूह सञ्चालन कार्यलाई प्रभावकारी बनाउने ।
ङ) कृषि व्यवसाय प्रवर्द्धन, बजारीकरण, मलखाद, विउविजन र कृषि औजार वितरण कार्यक्रम सञ्चालन गर्ने ।

च) प्रविधियुक्त सेवामा केन्द्रीत भई वित्तीय कारोबारलाई सुरक्षित बनाउन आवश्यक प्रविधि र डिभाईसको व्यवस्था गर्ने ।

छ) स्थानीय पालिका, संघ संस्था र शैक्षिक संस्थाहरूसँग समन्वय गरी स्वास्थ्य, वातावरण सरसफाई, बृक्षरोपण लगायत सामाजिक कार्यक्रममा साझेदार भई कार्य गर्ने ।

ज) सदस्य राहत कार्यक्रमलाई वैकल्पिक व्यवस्थापन गरी प्रभावकारी र दिगो बनाउने ।

झ) सदस्यहरूलाई उद्यमशिलता, सिपविकास तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।

ञ) समिति उपसमितिको क्षमता अभिवृद्धि कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।

ट) भौतिक सम्पत्तिहरूको उचित व्यवस्थापन र अधिकतम सदुपयोग गर्ने ।

ठ) कार्यालयको कार्यबोझको आधारमा कर्मचारी दरबन्दी व्यवस्था गरी समय सापेक्ष कर्मचारीहरूको सेवा सुविधा, वृत्तिविकास कार्यक्रमहरू र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ड) सदस्य सम्मान कायर्क्रमलाई परिमार्जन गरी कार्यान्वयन गर्ने । सहकारी क्षेत्रमा योगदान पुऱ्याउने सहकारी अभियन्ता, सहकारी पत्रकार तथा सहकारी विज्ञहरू मध्ये छनौट गरी सम्मान तथा पुरस्कार प्रदान गर्ने कार्य अगाडि बढाउने ।

ढ) स्वीकृत स्थानमा सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।

ण) संस्था एकीकरण कार्यलाई उच्च प्राथिमिकता दिई एकीकरण अभियान सञ्चालन गर्ने ।।

त) सेवा कार्यालय व्यवस्थापन उप समिति परिचालन कार्यविधि संशोधन गरी सेवा कार्यालय व्यवस्थापन उप समितिलाई प्रवर्द्धनात्मक कार्य तथा थप जिम्मेवारी बनाउने ।

थ) सदस्य सन्तृष्टि सर्भेक्षण गर्ने र संस्थाबाट प्रदान गरिएको सेवाको प्रभावकारिता सम्बन्धी अध्ययन विश्लेषण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

द) सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बनाई कार्यान्वयन गर्ने ।

ध) सदस्यहरूलाई कृषि तथा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न सो सम्बन्धी तालिम तथा प्रविधिक सेवा उपलब्ध गराउने ।

न) वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी सदस्यहरूलाई बचत तथा ऋण परिचालन, मितव्ययी बन्ने बानीको विकास गर्ने ।

प) संस्थाको बहुउद्देश्यीय भवनको प्रभावकारी उपयोग तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।

फ) किसान २ कार्यक्रममा सहभागिता भएका शेयर सदस्यहरूलाई प्राविधिक सेवा निरन्तरता दिने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूको साझेदारीमा थप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ब) स्थानीय पालिका, संस्थासँगको साझेदारीमा कृषि प्रवर्द्धन गर्न व्याज अनुदान तथा सहुलियत व्याज सम्बन्धी संझौता गरी कार्यान्वयन गर्दै आएकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिई थप साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।

भ) सदस्यको माग र आवश्यकता अनुसार सुरक्षित ऋण लगानी गरी प्रभावकारी असुली गर्न आ.व. २०८३/०८४ लाई गुणस्तरीय र सुरक्षित ऋण लगानी र विशेष असुली वर्षको रूपमा सञ्चालन गर्ने ।

म) समुदायमा सहकारी प्रतिको भ्रम चिर्ने प्रचारात्मक कार्यक्रम सञ्चालन गरी छवि उच्च राख्न विशेष कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।

य) DSIK जर्मन, नेफ्स्कून र संस्थाको त्रिपक्षीय सहकार्यमा साकोस सुदृढीकरण कार्यक्रम सञ्चालन गरी सर्टिफाइड ऋण अधिकृतहरूको विकास गरी संस्थाको ऋण लगानी तथा असुलीमा हुनसक्ने जोखिम न्यूनीकरण गर्ने ।

२२) **धन्यवाद तथा आभार**

अन्त्यमा संस्थाको उन्नति तथा प्रगतिलाई प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग गर्नुहुने जिल्ला बचत तथा ऋण सहकारी संघ लि. काभ्रेपलाञ्चोक, जिल्ला सहकारी संघ काभ्रेपलाञ्चोक, बागमती बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि., बागमती प्रदेश सहकारी संघ लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून), राष्ट्रिय समृद्ध आवास विशिष्टिकृत सहकारी संघ लि. राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासंघ, एसियाली ऋण महासंघ (ACCU), काभ्रे जिल्लाका सम्पूर्ण स्थानीय तह, नियामक निकायहरूका साथै यस संस्थाका समिति, सल्लाहकार, उप समिति, कर्मचारी एवं सम्पूर्ण शेयर सदस्यहरूमा हार्दिक कृतज्ञता सहित आभार प्रकट गर्दछु ।

धन्यवाद जय सहकारी, जय विन्धवासिनी

सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन, २०८३ /०८४ को संशोधन, आ.व.२०८४ /०८५ को प्रस्तावित बजेट तथा कार्यक्रम



भिम बहादुर खत्री
कोषाध्यक्ष

यस बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि.का ७४ हजार भन्दा बढी सेवा उपभोग गर्ने सदस्यहरूको गरिमामय ३३ औं क्षेत्रगतरूपमा सम्पन्न हुनगईरहेको साधारण सभाका सभाध्यक्ष तथा संस्थाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, सचिवज्यू, सञ्चालक समितिका सदस्यज्यूहरू, लेखासुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, संस्थापक र पूर्व अग्रजहरू, विभिन्न केन्द्रीय उप-समितिका सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, सेवा कार्यालय व्यवस्थापन उपसमितिका संयोजक एवं सदस्यज्यूहरू, नायब प्रमुख कार्यकारी अधिकृतज्यू, विभागीय प्रमुखज्यूहरू, सम्पूर्ण कार्यालय व्यवस्थापकज्यूहरू र कर्मचारीज्यूहरू, संस्थाका आदरणीय शेयर सदस्यज्यूहरू र उपस्थित सम्पूर्ण पत्रकार एवं बिन्धवासिनीका शुभचिन्तकज्यूहरूमा हार्दिक सहकारी अभिवादन। यस संस्थाको गरिमामय वार्षिक साधारणसभामा आर्थिक वर्ष २०८२/०८३ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने महत्वपूर्ण अवसर प्राप्त भएकोमा म आफूलाई गौरवान्वित अनुभव गर्दछु। यस अवसरमा संस्थाको स्थापना कालदेखि संस्थालाई आजको उचाइसम्म पुऱ्याउनु हुने संस्थापक सदस्यहरू, समिति, उपसमिति र व्यवस्थापन प्रति हार्दिक सम्मान तथा कृतज्ञता व्यक्त गर्दछु।

हाम्रो घरआँगनमा प्रवेश गर्दै गरेको विजया दशमी, शुभ दिपावली, छट पर्व, नेपाल सम्वत् ११४७ को उपलक्ष्यमा सवैमा सुस्वास्थ्य, दीर्घायू, समृद्धि एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछु, साथै माता दुर्गा भवानीले हामी सबैको कल्याण गरुन्।

गत आ.व.मा लक्ष्य अनुरुप प्रगति हासिल गर्न समिति, उपसमिति,कर्मचारीहरूबाट भएको जाँगर, मेहनत र सदस्यहरूको सकरात्मक साथ सहयोग प्राप्त भएकोछ। यस उपलब्धिमा साथ सहयोग गर्ने समिति, उपसमिति,कर्मचारीहरू र सम्पूर्ण शेयर सदस्य प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै, धन्यवाद दिन चाहन्छु र आगामी दिनमा समेत यस्तै साथ र सहयोगको अपेक्षा राख्दछौं।

१. **समसामयिक आर्थिक तथा सहकारी परिवेश:**

आर्थिक वर्ष २०८२/०८३ बिन्धवासिनी साकोसका लागि चुनौती र अवसर दुवैलाई सँगसँगै बोकेको महत्वपूर्ण वर्षका रूपमा रह्यो। यस अवधिमा नेपालको समग्र अर्थतन्त्र तथा वित्तीय क्षेत्रमा देखिएको सुस्तता, अधिक तरलताको चाप, सहकारी क्षेत्रका विद्यमान बहुआयामिक चुनौती, सहकारी क्षेत्रमा देखिएको बेथिती, कमजोर सुशासन,निष्कृय ऋण वृद्धि, वित्तीय बजारको अस्थिरता,बजारको मागमा आएको संकुचन तथा सदस्यहरूको लगानीमा देखिएको मन्दी, सदस्यहरूमा देखिएको विश्वासको संकट, घट्दो आम जनविश्वास तथा नियामकीय सुधारका कारण सिर्जित जिम्मेवारीहरूले संस्थालाई थप सतर्क,जिम्मेवार र दूरदर्शी ढंगले अघि बढ्न प्रेरित गऱ्यो। यस्ता जटिल र चुनौतीपूर्ण परिस्थितिका बीच पनि हामीलाई सदस्यहरूको विश्वासलाई सर्वोच्च प्राथमिकता राख्दै वित्तीय अनुशासन,जोखिममा आधारित निर्णय प्रणाली,सुरक्षित बचत परिचालन, जिम्मेवार पूर्ण ऋण प्रवाह तथा प्रभावकारी आन्तरिक नियन्त्रणलाई संस्थागत व्यवस्थापनका आधारभूत स्तम्भका रूपमा आत्मसात् गरेका छौं। संस्थाको सुरक्षा, पारदर्शीता र दिगोपनलाई मूल मन्त्र मानी यी सबै पक्षलाई निरन्तर सुदृढ गर्दै संस्थागत स्थायित्वतर्फ दृढतापूर्वक अघि बढिरहेका छौं।

हामीलाई अल्पकालीन नाफाभन्दा दीर्घकालीन संस्थागत स्थिरता, पर्याप्त पूँजी आधार, दृढ आन्तरिक नियन्त्रण प्रणाली तथा सदस्य-केन्द्रित डिजिटल प्रविधिको विकासलाई उच्च प्राथमिकता राखेकाछौं। यसै सोच अनुसार हाम्रो संस्थाले "**सदस्यद्धारा सदस्यका लागि र सदस्यकै हितमा** " भन्ने सहकारी मूल सिद्धान्तलाई बिन्धवासिनीको कार्यसंस्कृतिमा व्यवहारिक रूपमा आत्मसात् गर्दै वित्तीय अनुशासन,सुशासन,पारदर्शिता,उत्तरदायित्व तथा सदस्य-केन्द्रित सेवामार्फत दिगो संस्थागत विकासलाई निरन्तर अघि बढाइ रहेकोछ। यद्यपि, यस दिशामा अझ धेरै सुधार र परिष्कारको आवश्यकता रहेको तथ्यप्रति हामी पूर्ण रूपमा सचेत छौं र त्यसका लागि निरन्तर प्रयत्नशील रहेकाछौं।

यस्ता चुनौतपूर्ण परिस्थितिका बीच पनि बिन्धवासिनी सहकारी संस्थाले क्षणिक लाभ भन्दा पनि वित्तीय अनुशासन,सुदृढ आन्तिरिक नियन्त्रण, प्रभावकारी जोखिम व्यवस्थापन तथा व्यावसायिक सञ्चालन प्रणालीलाई निरन्तर सुदृढ गर्दै संस्थाको स्थायित्व,विश्वसनीयता र दीर्घकालीन दिगोपन सुनिश्चित गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको हाम्रो विश्वास छ। आगामी दिनहरूमा पनि सदस्यहरूको

विश्वासलाई अझ सुरक्षित, सक्षम र अनुकरणीय सहकारी संस्थाका रूपमा स्थापित गर्ने हाम्रो प्रतिवद्धता यथावत रहनेछ ।

कोषाध्यक्षको भूमिका र उत्तरदायित्वमा रहिरहँदा संस्थाको वित्तीय अनुशासन, पूँजी संरचना, तरलता व्यवस्थापन, जोखिम नियन्त्रण,आय-व्यय सन्तुलन, लगानी सुरक्षा तथा दीर्घकालीन वित्तीय स्थायित्व सुनिश्चत गर्न मेरा निम्न प्रमुख प्राथमिकताहरू रहेकोछः

(१) सदस्यको बचतको पूर्ण सुरक्षा । (२) पर्याप्ता तरलता कायम राख्न ।

(३) सुरक्षित तथा उत्पादनशील ऋण लगानीलाई प्राथमिकता । (४) संस्थागत पूँजीलाई क्रमशः सुदृढ बनाउन ।

(५) पर्ल्स वित्तीय सूचकहरूको नियमित समीक्षा गर्न । (६) जोखिममा आधारित वित्तीय निर्णयलाई प्रवर्द्धन गर्न ।

(७) पारदर्शी वित्तीय प्रतिवेदन प्रणलीलाई प्रभावकारी बनाउन । (८) सञ्चालक समितिलाई समयमै वित्तीय परामर्श उपलब्ध गराउन ।

विगत केहि वर्ष देखि निरन्तररूपमा हामीलाई भूकम्प, महामारी, बाढीपहिरो, युद्ध तथा दीर्घकालीन आर्थिक मन्दीका कारण समग्र अर्थतन्त्रसँगै वित्तीय तथा सहकारी क्षेत्रमा गम्भीर चुनौतीहरू देखा परेका छन । यस प्रतिकूल परिस्थितिको प्रभावस्वरूप वित्तीय प्रणालीमा अधिक तरलता, नकारात्मक नगद प्रवाह, ऋणको मागमा कमी, लगानी विस्तारमा कठिनाइ तथा ऋणको ब्याजदरमा निरन्तर गिरावट देखियो । अर्कोतर्फ, न्यून लागतका बचत संकलन गर्न कठिन हुनु, विगतमा १०-१३ प्रतिशतसम्मको उच्च ब्याजदरमा स्वीकार गरिएका दीर्घकालीन आवधिक बचतका कारण स्रोत व्यवस्थापनमा थप दबाब सिर्जना भयो । ऋणी सदस्यबाट साँवा-ब्याज समयमै असुल हुन नसक्दा भाखा नाघेका ऋणमा आवश्यक सुरक्षण व्यवस्था (प्रोभिजन) गर्नुपर्ने, ब्याज आम्दानीको निश्चित हिस्सा मुल्तवीमा राख्नुपर्ने, युवा जनशक्तिको पलायन, सरकारी नीतिमा भइरहने परिवर्तन तथा लगानीकर्तामा देखिएको निरुत्साहका कारण उत्पादनशील क्षेत्रमा अपेक्षित लगानी विस्तार हुन सकेन। साथै, नियामक निकायको निर्देशन बमोजिम सकार गरेको गैरबैंकिङ्ग सम्पत्तिमा शतप्रतिशत सुरक्षण व्यवस्था गर्नुपरेको, बाढीपहिरो प्रभावित सदस्यलाई राहत उपलब्ध गराउनुपरेको तथा लिलाम सकार भएका धितो कानुनी व्यवस्थाअनुसार तत्काल बिक्री गर्न नसकिएको अवस्थाले संस्थाको खर्च उल्लेख्य रूपमा बढ्यो । केही सहकारी संस्थाका गलत अभ्यासका कारण समग्र सहकारी क्षेत्रप्रतिको विश्वासमा आएको कमी र बचत तथा ऋणको ब्याजदर बीच कायम गर्नुपर्ने सीमित अन्तरका कारण समेत यस आर्थिक वर्षमा संस्थाले लक्ष्यअनुरूप मुनाफा हासिल गर्न सकेन ।

सहकारी ऐन, २०७४ ले व्यवस्था गरेका कालोसूची, ऋण सूचना प्रणाली पूर्ण रूपमा प्रभावकारी कार्यान्वयनको चरणमा रहेकाले सहकारी क्षेत्रमा देखिएका विकृति पूर्ण रूपमा नियन्त्रण हुन सकेका छैन । ऋण तिर्नुनपर्ने वा सरकारले मिनाहा गरिदिन्छ भन्ने भ्रम फैलाउने प्रवृत्तिले केही ऋणीलाई संगठित गरी आन्दोलन, कर्मचारीमाथि दुर्व्यवहार तथा संस्थाविरुद्ध अनावश्यक दबाब सिर्जना गर्ने जस्ता निन्दनीय गतिविधि पनि देखिएका छन् । ऋणको दुरुपयोग गर्ने तथा नियतवश साँवा-ब्याज भुक्तानी नगर्ने प्रवृत्ति बढ्दै जानु, असुली प्रक्रियामा विभिन्न तहबाट असहयोग हुनु तथा समुदायमा आधारित स्वःनियमबाट सुशासित सहकारीसमेत अनावश्यक रूपमा प्रभावित हुनु समग्र सहकारी अभियानकै लागि चिन्ताको विषय बनेको छ । त्यसैले ऋण फिर्ता नभएसम्म बचतकर्ताको बचत र प्रतिफल सुरक्षित रूपमा फिर्ता गर्न कठिन हुने यथार्थ सबै सदस्य र ऋणीले स्पष्ट रूपमा बुझ्नु आवश्यक छ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा लागू गरिएको त्रैमासिक किस्तामा ऋण भुक्तानी सम्बन्धी व्यवस्थाले विगतदेखि लाइन अफ क्रेडिट सुविधामा ऋण उपयोग गर्दै आएका सदस्यलाई केही असहजता सिर्जना गरेको छ । नियामक स्वीकृतिविना ऋणको म्याद थप वा पुनर्संरचना गर्न नमिल्ने व्यवस्थाका कारण ऋणी सदस्यले समयमै किस्ता भुक्तानी गर्ने संस्कृतिलाई प्राथमिकता दिनु आवश्यक देखिएकोछ । साथै, प्रत्येक सदस्यले संस्थाको नीति, सेवा, ब्याजदर, सेवा शुल्क, हर्जाना, सेवा प्राप्त गर्ने प्रक्रिया, जिम्मेवार कर्मचारी तथा आफूले पालना गर्नुपर्ने अधिकार, दायित्व र जिम्मेवारीबारे पर्याप्त जानकारी राख्नु अपरिहार्य छ । यस संस्थाले सदस्यलाई समयानुकूल सुसूचित, जिम्मेवार र वित्तीय रूपमा सचेत बनाउन विभिन्न शिक्षा तथा सचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आएकोछ ।

२. **आर्थिक वर्ष २०७८/०७९ देखि २०८२/०८३ को वित्तीय समिक्षाः**

सहकारी संस्थाको सफलताको मापन केवल सम्पत्तिको आकारबाट होइन,वित्तीय गुणस्तर,संस्थागत पूँजी,सदस्यको विश्वास,तरलता,जोखिम व्यवस्थापन तथा दीर्घकालीन दिगोपनबाट गरिन्छ । यस आर्थिक वर्षमा हाम्रो संस्थागत चुनौतीपूर्ण आर्थिक परिस्थितिका बाबजुद वित्तीय अनुशासनलाई केन्द्रमा राख्दै सुरक्षित बचत परिचालन, विवेकपूर्ण ऋण लगानी,सन्तुलित तरलता व्यस्थापन तथा संस्थागत पूँजी सुदृढीकरणमा उल्लेखनीय प्रगति हासिल गरेकोछ । संस्थाले सदस्यको बचतलाई सुरक्षित,उत्पादनशील तथा उत्तरदायी ढङ्गले परिचालन गर्ने नीति अवलम्बन गर्दै वित्तीय दिगोपन र सदस्यको प्रतिफलबीच सन्तुलन कायम राख्न प्राथमिकता दिएकोछ ।

आ. व. २०७८/०७९ देखी २०८२/०८३ सम्मको ४ वर्षको तुलनात्मक आर्थिक प्रगति रु. ०००

विवरण	२०८१/०८२	आ.व.२०८२/०८३		प्रगति प्रतिशत	आ.व.	फरक	आवधिक
	प्रगति	लक्ष्य	प्रगति		०७८/०७९		वृद्धि %
समुह	२५६६	२७८३	२६४५	९५.०४	२१२८	५१७	२४.३
सदस्य संख्या	५८९११	६४५१०	६११५६	९४.८	४६१३५	१५०२१	३२.५६
बाल बचत कर्ता	१२१४९	१३३२९	१२६०५	९४.५७	९०६६	३५३९	३९.०४
सेवाग्राही	७१०६०	७७८४०	७३७६१	९४.७६	५५२०१	१८५६०	३३.६२
ऋण संख्या	८९५७		७१६२		११८६६	-४७०४	-३९.६४
शेयर पूँजी	५४७७८४	५९७५५९	५३४७६९	८९.४९	४४३१५३	९१६१६	२०.६७
बचत तथा निक्षेप	४०२४२३७	४६०२०४९	४३५१६७३	९४.५६	३००४१९७	१३४७४७६	४४.८५
व्याज असुली	४४४३५०	४५३०९२	३९०९६०	८६.२९	४४८९९४	-५८०३४	-१२.९३
ऋण बाँकी (ल.र.र)	३५७४२८२	४३२२७७४	३६१७९४७	८३.७	**३४८६२८१**	१३१६६६	३.७८
भाखा नाघेको ऋण	५०७१६	३७९६५	१०८९४३	२८६.९६	२७५८१	८१३६२	२९४.९९
व्याज बाँकी	२९९९२	२४५८८	३०३४३	१२३.४१	१२८२२	१७५२१	१३६.६५
ऋण नोक्सानी व्यवस्था	४८४२८		९२७८१		१७४२६	७५३५५	४३२.४३
जगेडा कोष (अन्यसमेत)	५७८९७९	७५२६७२	४८०२८२	६३.८१	३६०३३७	१११९४५	३३.२९
बाह्य सापटी	८८३८८	४१६१९	३३३५८	८०.१५	३३८४०७	-३०५०४९	-९०.१४
कुल आय	४९५२३२	५६०११२	४३०३७६	७६.८४	५०३८५५	-७३४७९	-१४.५८
कुल व्यय	४७४०३४	४६८९७०	३८७१५७	८२.५५	३७९९५४	-७२०३	-१.९०
कूल सञ्चालन मुनाफा	२११९९	१११९१०५	४८६९६	४०.८८	१२१७४२	-७३०४६	-६०.००
तरलता	२१.५१		२३.८१		१२.२१	११.६	९५
खुद सम्पत्ति (वासलत)	५१४३८२७	७००४०६६	५४४३८०९	७७.७२	४२३९६१९	१२०४१९०	२८.४०

यस तथ्याङ्कले संस्थाका सदस्यको बचत र संस्थाको दीर्घकालीन सुरक्षालाई ध्यानमा राखी ऐन मापदण्ड बमोजिम जोखिम व्यवस्थापन तथा ऋण नोक्सानी व्यवस्था कायम गर्नु, सम्पत्तिको आकार,सदस्यको पूँजी,बचत,ऋण,संस्थागत पूँजी तथा तरलता वृद्धि भएको छ। तर आय-व्ययको संरचना र आवश्यक जोखिम व्यवस्थापन र नाफामा प्रभाव पार्ने विभिन्न कारणले खुद नाफा उल्लेखनीय रूपमा घटेको छ। तत्कालको नाफा भन्दा पनि बचतकर्ताको दीर्घकालीन सुरक्षा,गुणस्तर ऋण प्रवाह,जोखिम व्यवस्थापन,नियमानुसार तरलता कायम,नियामकीय प्रावधान पालना र संस्थाको दीर्घकालीन वित्तीय सुरक्षा पूँजी निर्माणमा सम्झौता नगरी सुनिश्चितमा कायम गरेकाछौं। समग्रमा संस्थाको वित्तीय अवस्था आकार र पहुँच विस्तारका दृष्टिले सकारात्मक, तर सम्पत्तिको गुणस्तर र नाफाको दक्षताका दृष्टिले सुधारोन्मुख रहेको निष्कर्ष निकाल्न सकिन्छ।

मुख्य सबल पक्षहरू

(१) सदस्यतामा करिब ३२.५६ प्रतिशत वृद्धि
(२) बचत तथा निक्षेपमा करिब ४४.८५ प्रतिशत वृद्धि
(३) शेयर पूँजीमा २०.६७ प्रतिशत वृद्धि
(४) जगेडा कोषमा करिब ३३.२९ प्रतिशतभन्दा बढी वृद्धि
(५) कुल सम्पत्तिमा करिब २६.४४ प्रतिशत वृद्धि
(६) तरलता अवस्थामा पयाप्तरूपमा रहेको।

मुख्य चुनौतीहरू

(१) ऋण लगानी लक्ष्यभन्दा निकै कम
(२) ऋण असुली अपेक्षा अनुरूप हुन नसक्नु
(३) भाखा नाघेको ऋण तथा ब्याज बाँकी बढ्नु
(४) ऋण नोक्सानी व्यवस्थामा वृद्धि
(५) सञ्चालन खर्चमा उच्च दवाव
(६) खुद सञ्चालन नाफा लक्ष्यभन्दा निकै कम हुनु।

३) **कुल सेवाग्राहीको अवस्था:**

आ.व. २०८१/०८२ मा ७१,०६० जना रहेको कुल सेवाग्राही आ.व. २०८२/०८३ मा ३.८० प्रतिशतले वृद्धि भएर ७३,७६१ जना कायम भएको छ,। आ.व. २०७८/०७९ को तुलनामा कुल सेवाग्राही १८५६० जना (३३.६२ प्रतिशत) को वृद्धि हुनु संस्थाको पहुँच, सदस्य विश्वास तथा सेवा विस्तारको सकारात्मक सूचक हो।

४) **शैक्षिक बाल बचत कर्ताको अवस्था:**

संस्थाको दीर्घकालीन पूँजी निर्माण र भावी पुस्तामा वित्तीय संस्कारको विकास गर्ने उद्देश्य अनुरूप यस संस्थामा आबद्ध १२६०५ बाल बचतकर्ताहरूको सहभागिता अत्यन्त उत्साहजनक रहेको छ। गत आर्थिक वर्षको तुलनामा बालबचतमा उल्लेखनीय वृद्धि भई यस आर्थिक वर्षको अन्त्यसम्ममा यस शीर्षक अन्तर्गत कुल रु.२० करोड १६ लाख ८१ हजार बचत संकलन भई सन्तुलित रूपमा परिचालन भएको ब्यहोरा सादर अनुरोध गर्दछौं । बालबालिकाहरूमा सानै उमेर देखि आय आर्जन र बचतको महत्व बुझाउन संस्थाले शैक्षिक बाल बचत, शैक्षिक भ्रमण, वित्तीय साक्षरता, वक्तृत्वकला, हाजिरी जवाफ, निबन्ध प्रतियोगिता जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। हाम्रा बाल बचतकर्ताहरूको यो अमूल्य रकमलाई सहकारी ऐन, नियम र संस्थाको लगानी नीति बमोजिम पूर्ण सुरक्षित, जोखिममुक्त र उत्पादनशील क्षेत्रमा मात्र परिचालन गरिएको सुनिश्चितता दिलाउन चाहन्छु। बाल्यकाल देखि नै फजुल खर्च कटौती गरी वित्तीय साक्षरताको मार्गमा डोऱ्याउनु हुने १२,६०५ बाल बचतकर्ताका आदरणीय अभिभावक संरक्षकज्यूहरू प्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछौं।

५) **शेयर पूँजीको अवस्था :**

शेयर पूँजी सहकारी संस्थाको स्थायी वित्तीय आधार हो । यसले संस्थाको आत्मनिर्भरता,जोखिम वहन क्षमता तथा दीर्घकालीन विकासको आधार निर्माण गर्दछ। यस अवधिमा संस्थाको सहभागिता अभिवृद्धि गर्दै शेयर पूँजीलाई थप सुदृढ बनाउने नीति अवलम्बन गरेको छ। ठूला शेयर सदस्यहरूको माग र आकांक्षा बमोजिम आशिंक शेयर फिर्ताको प्रावधानले सदस्यको विश्वास तथा स्वामित्व भावनाको सकारात्मक संकेत देखिएको छ। शेयर पूँजी वृद्धिमा सदस्यहरूको अभिरुची, सदस्य बचत र ऋण लगानी भएको वृद्धि तथा कुल सम्पत्तिमा देखिएको सकारात्मक विस्तार संस्थाको वित्तीय सुदृढीकरणतर्फको महत्वपूर्ण उपलब्धि हो। संस्थाको आगामी प्राथमिकता साना साना रकम तर नियमित शेयर वृद्धि नयाँ सदस्यलाई शेयर सहभागितामा प्रोत्साहन रहने छ।

आ.व. २०८१/०८२ मा रु. ५४ करोड ७७ लाख ८४ हजार रहेको शेयर पूँजी आ.व. २०८२/०८३ मा २.३८ प्रतिशतले घटेर रु. ५३ करोड ४७ लाख ६९ हजार कायम भएको छ, जुन कुल सम्पत्तिको ९.८२ प्रतिशत हो। संस्थामा आबद्ध १७,६८३ जना सदस्यको औसत शेयर अनुपात रु.९००० रहेको छ भने न्यूनतम सहभागिता स्तर नपुग्ने सदस्यहरू ७१.०९ प्रतिशत (४३,४७३ जना) रहेका छन। आ.व. २०७८/०७९ को तुलनामा शेयर पूँजी रु. ९ करोड १६ लाख १६ हजार (२०.६७ प्रतिशत) ले वृद्धि देखिएको छ।

६) **साधारण जगेडा कोषको अवस्था:**

नियामक निकायको निर्देशन र पर्ल्स सूचक अनुसार जगेडा कोष बलियो बनाइएकोछ। आ.व.२०८२/०८३ मा भएको आम्दानीलाई जगेडा कोष र अन्य कोषहरूमा बाँडफाँड गरिएकोछ । यसले संस्थाको आन्तरिक क्षमता बढाउँछ, जसले भविष्यमा आउने जोखिमबाट जोगाउँछ र आगामी वर्षहरूमा दिगो लाभांश सुनिश्चित गर्छ।

आ.व. २०८१/०८२ मा रु. ३९ करोड ६० लाख ९४ हजार रहेको साधारण जगेडा कोष आ.व. २०८२/०८३ मा ३.९४ प्रतिशतले वृद्धि भई रु. ४१ करोड १७ लाख ३५ हजार कायम भएकोछ, जुन कुल सम्पत्तिको ७.३४ प्रतिशत रहेको छ भने शुद्ध संस्थागत पूँजी पनि ७.६१ प्रतिशत कायम भएकोछ। आ.व. २०७८/०७९ को तुलनामा साधारण जगेडा कोष रु. ६ करोड ९ लाख ३९ हजार (१७.३७ प्रतिशत) को वृद्धि देखिएकोछ।

७) **संस्थागत पूँजी**

आ.व. २०८१/०८२ मा रु. ३९ करोड ७२ लाख ४२ हजार रहेको संस्थागत पूँजी आ.व. २०८२/०८३ मा ४.२९ प्रतिशतले वृद्धि भई रु. ४१ करोड ४२ लाख ९५ हजार कायम भएकोछ, जुन कुल सम्पत्तिको आधारमा शुद्ध संस्थागत पूँजी पनि ७.६१ प्रतिशत कायम भएकोछ। आ.व. २०७८/०७९ को तुलनामा संस्थागत पूँजी रु. ५ करोड ७२ लाख ४४ हजार (१६.०३ प्रतिशत) को वृद्धि देखिएको छ।

८) **बचत निक्षेपको अवस्था:**

सदस्यको बचत सहकारी संस्थाको जीवनरेखा हो। सदस्यको नियमित बचतले संस्थाको दैनिक आर्थिक कारोवार सदस्यहरूको बचत फिर्ता र संस्थागत पूँजी निर्माण र आत्मनिर्भरता बढाउँछ। संस्थालाई तरलता व्यवस्थापन गर्न र वित्तीय सन्तुलन कायम गर्न मद्दत गर्दछ। बचतकर्ताको विश्वसनीयता वृद्धि र संस्था जीवन्त कायम राख्नु कोष व्यवस्थापनको सबैभन्दा महत्वपूर्ण जिम्मेवारी हो । यस आर्थिक वर्षमा संस्थाले सुरक्षित बचत व्यवस्थापन,समयमै भुक्तानी,सदस्यमैत्री बचत योजना तथा पारदर्शी वित्तीय प्रणालीलाई प्राथमिकता दिएको छ। बचत परिचालन गर्दा तरलता र प्रतिफलबीच उचित सन्तुलन कायम गरिएको छ। सदस्यको बचतको उच्च सुरक्षा र पर्याप्त तरलता व्यवस्थापन र नियमित व्याज भुक्तानी निर्वाध रूपमा गर्दै आएका छौं।

आ.व. २०८१/०८२ मा रु.४ अर्व २ करोड ४२ लाख ३७ हजार रहेको बचत निक्षेप आ.व. २०८२/०८३ मा २.३८ प्रतिशतले वृद्धि भएर रु. ४ अर्व ३५ करोड १६ लाख ७३ हजार कायम भएको छ, जुन कुल सम्पत्तिको ७९.९४ प्रतिशत रहेको छ भने बचत

निक्षेपको वृद्धिदर ९.१९ प्रतिशत रहेको छ। आ.व. २०७८/०७९ को तुलनामा बचत निक्षेप रु.१ अर्ब ३४ करोड ७४ लाख ७६ हजार (४४.८५ प्रतिशत) को वृद्धि देखिएको छ।

९) **तरलताको अवस्था र व्यवस्थापन:**

सहकारी संस्थाको वित्तीय स्वास्थ्यको प्रमुख सूचक पर्याप्त तरलता हो। संस्थाले दैनिक नगद आवश्यकता,बचत फिर्ता,ऋण प्रवाह तथा आकस्मिक वित्तीय दायित्व पूरा गर्न आवश्यक तरलता कायम राखेको छ। बचत परिचालन र ऋण लगानीबीच सन्तुलन कायम गर्दै जोखिमलाई न्यून गर्ने नीति अवलम्बन गरिएको छ। आकस्मिक तरलता व्यवस्थापन,नगद प्रवाह निगरानी, तरलता विश्लेषण, मासिक तरलता समीक्षा आदी कार्य निरन्तर भई रहेको छ। नियामकीय निकायको निर्देशन बमोजिम तरलता कायम राख्दै अतिरिक्त तरलतालाई सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा पहिचान गरी परिचालन गर्ने प्रयास गरिएको छ।

आ.व. २०८१/०८२ मा ८६ करोड ५४ लाख ९१ हजार रहेको तरलता आ.व. २०८२/०८३ मा १६.४७ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ५ करोड ३१ लाख ४३ हजार कायम भएको छ, जुन कुल सम्पत्तिको २४.२० प्रतिशत रहेको छ। आ.व. २०७८/०७९ को तुलनामा तरलता रु. रु. ४८ करोड ३ लाख ४३ हजार (८३.८६ प्रतिशत) को वृद्धि देखिएको छ।

१०) **ऋण लगानीको अवस्था:**

ऋण लगानी, सहकारी संस्थाको प्रमुख आम्दानीको स्रोत हो। तर ऋणको गुणस्तर कमजोर भएमा संस्थाको वित्तीय स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ। यस अवधिमा संस्थाले उत्पादनशील आयमूलक तथा जोखिम विश्लेषणमा आधारित ऋण लगानी गर्ने नीति अवलम्बन गरेकोछ। ऋण स्वीकृतिपूर्व सदस्यको ऋण तिर्न सक्ने क्षमता,ऋण कारोवारको इतिहास तथा जोखिमको विस्तृत मूल्याङ्कनलाई प्राथमिकता दिइएकोछ। संस्थाले ऋणको पोर्टफोलियोको गुणस्तर सुधार, निष्कृय ऋण नियन्त्रण तथा नियमित असुली व्यवस्थापन मार्फत सम्पत्तिको गुणस्तर सन्तोषजनक अवस्थामा राख्न प्रयास गरेको छ। संस्थाले घरजग्गा लगायत बजारका जोखिमयुक्त क्षेत्रका जथाभावी लगानी गरेर कृत्रिम नाफा देखाउने काम नगरी जिम्मेवार ऋण प्रवाह, नियमित ऋण अनुगमन,निष्कृय ऋण नियन्त्रण,ऋण परामर्श ऋण असुलीको कार्य योजना र कार्यान्वयन,कम जोखिम भएका,उत्पादनशील तथा सदस्यको वास्तविक आवश्यकता आधारित ऋण विस्तार आदि ऋण व्यवस्थापनका प्रमुख उपलब्धिहरू हुन। संस्थाले सुरक्षित र विवेकशील लगानी नीति अवलम्बन गरेको छ। जथाभाबी ऋण लगानी नगरेको कारण तरलता केहि बढि देखिएको छ।

आ.व. २०८१/०८२ मा रु. ३ अर्ब ५७ करोड ४२ लाख ८२ हजार रहेको कुल ऋण लगानी आ.व. २०८२/०८३ मा १.२२ प्रतिशतले वृद्धि भएर रु. ३ अर्ब ६१ करोड ७९ लाख ४७ हजार कायम भएकोछ, जुन कुल सम्पत्ति (रु. ५ अर्ब ४४ करोड ३८ लाख ०९ हजार) को ६६.४५ प्रतिशत र शुद्ध ऋण लगानीमा रहेको रकमको ६४.८५ प्रतिशत रहेकोछ । आ.व. २०७८/०७९ को तुलनामा कुल ऋण लगानी रु. रु. १३ करोड १६ लाख ६६ हजार (३.७८ प्रतिशत) ले मात्र वृद्धि देखिएकोछ।

११) **निष्कृय तथा भाखा नाघेको ऋण :**

अर्थतन्त्रमा देखिएको आर्थिक सुस्तताका कारण ऋण लिने सदस्यहरूबाट समयमै साँवा व्याज असुली हुन सकेको छैन। निष्कृय तथा भाखा नाघेको ऋणलाई ऋण नीति अनुसार ऋण वर्गीकरण गरी विशेष असुली अभियान सञ्चालन गरिएको थियो। ऋण असुलीको प्रभावकारिता संस्थाको नगद प्रवाह, आम्दानी, तरलता र पूँजी संरक्षणसँग प्रत्यक्ष सम्बन्धि छ त्यसैले असुलीलाई केवल ढिला भएको ऋण उठाउने कार्यका रूपमा नभई प्रारम्भिक चेतावनी,नियमित अनुगमन पुनरतालिकीकरणको उचित प्रयोग र र आवश्यक अवस्थामा कानुनी प्रक्रियासम्म जाने समग्र प्रणालीका रूपमा सञ्चालन गरिएकोछ।

संस्थामा १ महिना देखि ३ महिनासम्म भाखा नाघेको ऋण रकम रु. २ करोड ९० लाख ६९ हजार, ३ महिना देखि ६ महिनासम्म भाखा नाघेको ऋण रकम रु. २ करोड ८६ लाख ५८ हजार, ६ महिना देखि १२ महिनासम्म भाखा नाघेको ऋण रकम रु. ३ करोड ६९ लाख ८४ हजार, १२ महिना भन्दा बढि भाखा नाघेको ऋण रकम रु. ३ करोड १९ लाख २० हजार गरी जम्मा भा.ना. रकम रु.१० करोड ८९ लाख ४३ हजार जुन कुल ऋण लगानी रकमको अनुपातको केवल ३.०१ प्रतिशत हुन आउँछ। आ.व. २०७८/०७९ को तुलनामा कुल ऋण भाखा नाघेको ऋण रु. ८ करोड १३ लाख ६३ हजार (३९५.०१ प्रतिशत) ले मात्र वृद्धि देखिएकोछ।

१२) **ऋणसुरक्षण कोषको व्यवस्था:**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड अनुसारको ऋण वर्गिकरण गरी देहाय बमोजिम ऋण सुरक्षण कोष व्यवस्था गरिएकोछ।

रु."०००"

ऋणको वर्गिकरण	अवस्था	ऋण सुरक्षण रकम
भाखा ननाघेको र ३ महिनासम्म भाखा नाघेको	असल	३५२०४
३ देखि ६ महिनासम्म भाखा नाघेको	कमसल	७१६४
६ देखि १२ महिनासम्म भाखा नाघेको	शंकास्पद	१८४९२
१२ महिना भन्दा बढि भाखा नाघेको	खराब	३१९२०
जम्मा		९२७८०

१३) **आय आर्जन नगर्ने सम्पत्ति:**

यस आ.व. २०८१/०८२ मा आयआर्जन नगर्ने सम्पत्तिको अवस्था रु ३२ करोड ५ लाख ३९ हजार रहेकोमा । आ.व. २०८२।०८३ मा रु ३८ करोड ५७ लाख १९ हजार भई कुल सम्पत्तिको अनुपातमा ६.८५ प्रतिशत रहेकोछ।

१४) **कुल सम्पत्तिको अवस्था:**

संस्थाको व्यावसायिक क्षमता र बजार क्षेत्र विस्तारका कारण कुल सम्पत्ति गत वर्षको तुलनामा वृद्धि भएकोछ हाम्रो लक्ष्य केवल सम्पत्तिको आकार बढाउनु होइन,सदस्यको पूँजी सुरक्षित राख्दै गुणस्तरीय,उत्पादनशील र प्रतिफलयुक्त सम्पत्तिको निर्माण गर्नु हो । संस्थाको समग्र वित्तीय अवस्थालाई मूल्याङ्कन गर्ने प्रमुख आधारमध्ये कुल सम्पत्ति पनि एक महन्वपूर्ण सूचक हो । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा संस्थाको कुल सम्पत्तिमा भएको परिवर्तनले संस्थाको वित्तीय गतिविधि, सदस्य सेवा विस्तार तथा स्रोत परिचालनको अवस्थालाई प्रतिबिम्बित गर्दछ । कुल सम्पत्तिको वृद्धिलाई सकारात्मक रूपमा मात्र हेर्नुभन्दा सम्पत्ति कुन क्षेत्रमा वृद्धि भएकोछ र त्यसबाट संस्थाले कस्तो प्रतिफल प्राप्त गरिरहेकोछ भन्ने विषयलाई समेत महत्वपूर्ण रूपमा विश्लेषण गरिएकोछ । संस्थाको कुल सम्पत्तिमा मुख्यत ऋण लगानी, नगद तथा बैंक मौज्दात, लगानी स्थिर सम्पत्ति तथा अन्य सम्पत्ति रहेकाछन् । यस अवधिमा सम्पत्तिको गुणस्तर सुधार, सुरक्षित लगानी, लागत नियन्त्रण तथा वित्तीय प्रतिफल वृद्धि गर्ने उद्धेश्यका साथ व्यवस्थापनलाई आवश्यक नीतिगत निर्देशन प्रदान गरिएकोछ ।

आ.व. २०८१/०८२ मा रु. ५ अर्व १४ करोड ३८ लाख २७ हजार रहेको कुल सम्पत्ती आ.व. २०८२/०८३ मा ५.८३ प्रतिशतले वृद्धि भएर रु. ५ अर्ब ४४ करोड ३८ लाख ०९ हजार कायम भएकोछ। आ.व. २०७८/०७९ को तुलनामा कुल सम्पत्ती रु. १ अर्व १३ करोड ८२ लाख ९५ हजार (२६.४४ प्रतिशत) ले वृद्धि देखिएकोछ।

१५) **कुल आम्दानीको अवस्था :**

गत वर्षको तुलनामा आम्दानी कम छ । संस्थाको आम्दानीको प्रमुख स्रोत ऋण लगानीमा प्राप्त व्याज नै हो गत आ.व.मा लक्ष्य अनुसार ऋण लगानी हुन नसक्नुका साथै व्याजदर समेत घट्दै गएको हुनाले संस्थाको आम्दानीमा संकुचन भएकोछ । साथै प्राप्त भएको व्याजलाई मात्र आम्दानी बाँधेको हुनाले आम्दानी कम देखिएको हो यो घाटा नभएर असुलीमा भएको ढिलाइ मात्र हो। ऋणी सदस्यहरूबाट पाउनुपर्ने रकम हिसाव गर्ने भए राम्रै आम्दानी देखिन्छ । सुरक्षित ऋण लगानी भएकोले ढिलो चाँडो बजार सहज हुनासाथ यो रकम र यसको व्याज संस्थामा फिर्ता भई आम्दानीमा सुधार आउने निश्चित छ किनकि सहकारीमा सदस्यहरू मालिक हुन मालिकसँग भएको रकम सुरक्षित हुन्छ। आगामी वर्षमा संस्थाको सम्पूर्ण ध्यान नयाँ ऋण लगानी वृद्धि र निश्कृय ऋणको साँवा व्याज असुली प्रकृयालाई तीव्रता दिने कार्यमा केन्द्रित गरी निष्कृय तथा न्यून प्रतिफल दिने सम्पत्तिको पुनसंसचना गरी आम्दानी गर्ने सम्पत्तिमा वृद्धि गरिनेछ ।

आ.व.२०८२।०८३ मा संस्थाको कुल आम्दानी रु. ४३ करोड ०३ लाख ७६ हजार पुग्न गएकोछ। जस मध्ये ऋणबाट प्राप्त ब्याज रु. ३९ करोड २९ लाख ३९ हजार रहेकोछ। बैक व्याजबाट रु. ७३ लाख ४६ हजार, वित्तीय लगानीबाट रु. १ करोड ७९ लाख ५५ हजार प्राप्त भएकोछ। औसत सम्पत्तिको अनुपातमा आम्दानी दर ७.८५ प्रतिशत रहेकोछ।

१६) **वित्तीय खर्च :**

आ.व.२०८२।०८३ मा वित्तीय खर्च बापतको व्याज रु. २५ करोड २१ लाख ४९ हजार पुग्न गएकोछ जस मध्ये बचतमा व्याज खर्च रु. २४ करोड ७७ लाख ०६ हजार र वाह्य ऋणमा व्याज खर्च रु. ३३ लाख ८६ हजार भएकोछ । औसत सम्पत्तिको अनुपातमा वित्तीय खर्च दर ५.८ प्रतिशत रहेकोछ ।

१७) **सञ्चालन खर्च:**

अनावश्यक प्रशासनिक, कार्यालय, प्रविधि, उर्जा तथा अन्य खर्चको समीक्षा गरी खर्च आम्दानी अनुपात सुधार गरिनेछ ।

आ.व.२०८२।०८३ मा सञ्चालन खर्च रु. १३ करोड ३३ लाख ०५ हजार पुग्न गएकोछ। औसत कुल सम्पत्तिको अनुपातमा सञ्चालन खर्च दर २.४५ प्रतिशत रहेकोछ ।

१८) **ऋण सुरक्षण व्यवस्था र गैरबैकिङ्ग सम्पत्ति व्यवस्था खर्च:**

बजारको आर्थिक मन्दीका कारण केही ऋण बेलैमा उठ्न नसक्दा नियमानुसार ऋण नोक्सानी व्यवस्था गर्नुपरेकोछ। जुन रकम आगामी वर्ष ऋण असुली गरी लाभाँश वृद्धि गर्न प्रयत्न गरिनेछ ।

१९) **नाफा नोक्सानको अवस्था:**

सहकारी क्षेत्रमा देखिएका संकटको अवस्थामा संस्थाका प्रमुख वित्तीय सूचकहरू–तरलता, पूँजी कोष तथा संस्थागत पूँजी–समग्रमा सुदृढ अवस्थामा रहेका छन । चालु अवधिमा निर्धारित लक्ष्य अनुसारको नाफा हासिल गर्न नसकिए पनि संस्थाको वित्तीय स्थायित्व, सदस्यको बचतको सुरक्षा तथा शेयर पूँजीको संरक्षणलाई केन्द्रमा राखी अवलम्बन गरिएका सावधानीपूर्ण वित्तीय व्यवस्थापन तथा

जोखिम न्यूनीकरणका रणनीतिहरूले सकारात्मक परिणाम दिएका छन् ।

विशेषगरी, उपलब्ध स्रोतको विवेकपूर्ण परिचालन, तरलताको उचित व्यवस्थापन, ऋण लगानीमा अपनाइएको सावधानी तथा वित्तीय जोखिम नियन्त्रणका उपायहरूले संस्थालाई तुलनात्मक रूपमा सुरक्षित र स्थिर अवस्थामा राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन् । आगामी दिनमा संस्थाको वित्तीय अनुशासन र जोखिम व्यवस्थापनलाई थप सुदृढ गर्दै दिगो तथा गुणस्तरीय नाफा अभिवृद्धि गर्ने दिशामा संस्था केन्द्रित रहनेछ।

२०) **संस्थाको व्याजदरको अवस्था:**

संस्थाको हालको ब्याजदर संरचना अनुसार ऋण लगानीतर्फको औसत भारित ब्याजदर ९.४९ प्रतिशत र बचततर्फको औसत भारित ब्याजदर ४.९८(प्रतिशत रहेकोछ । यस आधारमा ऋणको औसत भारित ब्याजदर र बचतको औसत भारित ब्याजदरबीचको फरक दर (Spread) ४.५१ प्रतिशत रहेकोछ ।

उक्त ब्याजदर अन्तरले संस्थाको बचत परिचालन तथा ऋण लगानीबीचको वित्तीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याएकोछ । तथापि, संस्थाको दीर्घकालीन वित्तीय स्थायित्व, सदस्यहित तथा प्रतिस्पर्धात्मक बजार अवस्थालाई समेत ध्यानमा राखी ब्याजदर निर्धारणलाई सन्तुलित, पारदर्शी र सदस्य-मैत्री बनाउँदै लैजान आवश्यक देखिन्छ ।

आगामी दिनमा बजारको ब्याजदर, संस्थाको तरलता अवस्था, कोषको लागत, ऋणको जोखिम तथा सदस्यहरूको आवश्यकता समेतलाई समग्र रूपमा मूल्याङ्कन गरी व्याजदर नीतिमा आवश्यक समायोजन गर्दै संस्थाको वित्तीय सबलता र सदस्यको हित दुवैलाई सन्तुलित रूपमा अघि बढाइनेछ ।

२१) **संस्थाको जोखिम व्यवस्था:**

आधुनिक सहकारी व्यवस्थापनमा जोखिम नियन्त्रण सफलताको आधार हो । संस्थाले "Risk Prevention is Better than Risk Recovery" भन्ने सिद्धान्तलाई आत्मसात् गर्दै प्रत्येक वित्तीय निर्णय जोखिम विश्लेषणका आधारमा गर्ने अभ्यासलाई संस्थागत गरेको छ । फाइलमा उल्लेख भएअनुसार ऋण जोखिम, तरलता जोखिम, सञ्चालन जोखिम तथा अनुपालन जोखिमको नियमित मूल्याङ्कन गरी आवश्यक सुधारात्मक कदमहरू अवलम्बन गरिएकोछ ।

२२) **राजश्वमा योगदान: – कर व्यवस्था :**

यस सस्थाबाट आ.व. २०८२।०८३ मा संघीय तथा बागमती प्रदेश सहकारी ऐन नियम निर्देशन र आयकर ऐन, २०५८ अनुसार संस्थाले आर्जन गरेको आम्दानीमा निम्नानुसार विभिन्न शीर्षकहरूमा कर योग्य मुनाफाको १०% ले हुन आउने आयकर रकम समेत रु.२ करोड १९ लाख ४८ हजार नौ सय ९ रुपैयाँ आन्तरिक राजस्व कार्यलय एवं स्थानीय निकायमा दाखिला गरिसकेकोछ ।

क्र.स.	*कर शिर्षक*	कर रकम रु. "मा"
१	व्याज कर	११६३१९५७०७
२	घर बहाल कर	३७८२००।००
३	बैठक भत्ता कर	५२८६००।००
४	पारिश्रमिक कर	४८६९४१।००
५	लेखा परीक्षण शुल्क कर	८३७१।४६
६	सामाजिक सुरक्षा कर	५०३९।००
७	लाभांश कर	४९२२६९।४४
८	साधारण सभा यातायात खर्च कर	२०२६४९०।२६
९	कानुनी परार्मश शुल्क कर	४८३३०।००
१०	अन्य श्रोतमा कर कट्टी	६५९७४७९६
११	आय कर	५६८२९६३।५६
	जम्मा	**२१९४८९०९।७५**

२३) **सदस्य राहत वितरण विवरण:**

आ.व. २०८२।०८३ मा संस्थाले सदस्यहरूको लागि सञ्चालित राहत कोषमा आम्दानी भएको रकम रु.७२ लाख ४५ हजार संस्थाले प्रत्यक्ष खर्च लेखेको २४ लाख २० हजार, सदस्यहरूबाट प्रति सदस्य रु.१०० का दरले योगदान गरेको रकम रु. ४६ लाख ७४ चौहत्तर र अन्य कोषबाट रकमान्तर गरेको १२ लाख ८० हजार मध्ये आ.व. २०८२/०८३ मा १८७३ जना सदस्यहरूलाई रु. १ करोड ५२ लाख ७ हजार र विशेष उपचार राहत ८१ जनालाई १५ लाख ७० हजार रुपैया देहाय बमोजिम राहत वितरण भै कोषमा रु. २० लाख २३ हजार बाँकी रहेकोछ । उक्त राहत रकम वितरण गर्न सदस्य राहतकोषमा रकम न्यून भई रु. २४ लाख २० हजार नाफा नोक्सान हिसावबाट खर्च लेखी भुक्तानी गरिएकोछ ।

राहत रकम दिन प्रतिदिन बढ्दै गएकोले व्यवस्था भएको कोषको रकमबाट राहत वितरण धान्न सक्ने अवस्था नरहेकोले थप कोष व्यवस्थापनको लागि एकका लागि सबै र सबैको लागि एक भन्ने सहकारी भावनालाई आत्मसात् गर्दै राहत कार्यक्रमलाई निरन्तरता दिन प्रत्येक राहत प्राप्त गर्न योग्य सम्पूर्ण सदस्यको सहभागितामा प्रति सदस्य रु. १००।-(एक सय रुपैयाँ) सदस्य सुरक्षण कोषमा योगदानका लागि सदस्यहरूसँग अनुरोध गर्दै ३३ औं वार्षिक साधारण सभा समक्ष पारितको लागि प्रस्ताव गर्दछु।

क्र.स.	विवरण	संख्या	रकम (रु.)
१	स्वास्थ्य उपचार राहत	११०७	१०७४७२२९
२	पारिवारिक राहत	३८२	१८७०७६५
३	सदस्य मृत्यु राहत	१२२	२२२७४४०
४	दैवि प्रकोप राहत	२५	१२५०००
५	नवजात शिशु राहत	२३७	२३७०००
६	**जम्मा**	१८७३	१५२०७४३४
७	विशेष उपचार राहत	८१	१५६९५८६
८	कुल जम्मा	१९५४	१६७७७०२०

२४) **सदस्य सम्मान कार्यक्रम** :

संस्थाले आफ्नो क्षमता अनुसार जेष्ठ नागरिक तथा शारीरिक फरक क्षमता भएका सदस्यहरूलाई सम्मान गर्दै आईरहेको जानकारी गराउँदछु

क. जेष्ठ सदस्यहरूलाई भत्ता वितरण:

नयाँ सदस्यहरूलाई पहिलो पटक टेक्ने लौरो सहित सम्पूर्ण जेष्ठ सदस्यहरूलाई सम्मान स्वरुप कर सहित रु.१५००।- का दर ले आजीवन भत्ताको व्यवस्था गरी आ.व.२०८२/०८३ मा ५९७ जना सदस्यहरूलाई गत वर्ष रु. ८,९५,५००।- भत्ता वितरण गरिएकोछ।

ख. शारीरिक फरक क्षमता भएका सदस्य:

नयाँ सदस्यहरूलाई पहिलो पटक दोसल्ला सहित सम्पूर्ण **शारीरिक फरक क्षमता भएका सदस्यहरू** २२८ जनालाई सम्मान र कर सहित रु.२४००।- (क वर्गलाई) र रु.१८००।- (ख वर्गलाई) का दरले आजीवन भत्ताको व्यवस्था गरी गत वर्ष जम्मा रु. ४,६९,८००।- भत्ता वितरण गरिएकोछ।

२५) **विप्रेषण सेवा:**

वित्तीय क्षेत्रमा प्रयोगमा आएको नयाँ नयाँ प्रविधिलाई सदस्य मैत्री बनाउने, सदस्यहरूसँग भएको रकम एक ठाँउबाट अर्को ठाँउ सम्म बोकेर हिड्ने जोखिम न्यूनीकरण गर्न र सदस्यको रकम सुरक्षित गर्ने दृष्टिकोणले विभिन्न विप्रेषण सेवा प्रदायकहरूसँग सम्झौता गरी विप्रेषण सेवा सञ्चालन गर्दै आएकोछ। यस आ.व. २०८२/०८३ मा उक्त सेवा मार्फत कुल रु. २२,९३,३७४।- कारोबार गरी संस्थालाई रु. १९३५।- कमिशन प्राप्त भएको जानकारी गराउँदछु।

२६) **बजेट थप तथा रकमान्तर:**

संस्थाको आ.व २०८२/०८३ मा प्रस्तावित अनुमानित बजेट मध्ये केही अत्यावश्यक शीर्षकमा खर्च गर्न नपुग भएको र केहि प्रस्तावित शीर्षकहरूमा खर्च भएर बाँकी रहन गएको निम्न अनुसारको शीर्षकहरूमा सञ्चालक समितिको निर्णय अनुसार थप गरी हिसाव मिलान गरिएकोछ।

रु.००० मा

खर्च शीर्षक	स्वीकृत बजेट	अनुमानित खर्च	नपुग रकम	रकमान्तर गर्ने शीर्षक	औचित्यता
सम्पत्ति समान विक्रीबाट नोक्सन	००	३५०	३५०	ह्रासकट्टि	छैठौ चार बर्षीय रणनीतिक योजनाको पुनरावालोकन कार्यक्रम थप भएको
सदस्य सुरक्षण खर्च	००	३०००	३०००	सदस्य दुर्घटना विमा	**बजेट विनियोजन नभएको र** सदस्य राहत रकम वृद्धि भई कोषबाट रकम अपुग भएकोले।
आयकर थप	००	६००	६००	थप	विनियोजित बजेटबाट नपूग भएको नभएकोले
जम्मा		३९५०	३९५०		

२७) **कोष रकमान्तर:**

यस संस्थाको आ.व. २०८१/०८२ को मुनाफा बाँडफाँड भई जम्मा भएको निम्न कोष रकमहरू आ.व. २०८२/०८३ मा खर्च नभई बाँकी रहेको रु.३६,१३,२६०।१५ निम्न अनुसार साधारण जगेडा कोषमा रकमान्तर गरी संस्थागत पूँजी वृद्धि गरिएकोछ।

क्र.स.	कोष शीर्षक	रकम रु.
१	सदस्य शिक्षा कोष	४२२२३३।४८
२	घाटापूर्ति कोष	५७३९६१।४०
३	संस्था विकास कोष	५७३९६१।४०
४	संरक्षित पूँजी फिर्ता कोष	२०२३४७२।२४
५	शेयर लाभांश कोष	१९६३१।६३
	जम्मा	३६१३२६०।१५

२८) **लघु अमृत बिमा:**

संस्थाबाट सञ्चालित लघुवित्त कार्यक्रममा आवद्ध महिलाहरूलाई विनाधितो समुह जमानतमा प्रदान गरिएको ऋणको सुरक्षण बापत National Life Insurance & Prabhu Mahalaxmi life Insurance सँग सझौता गरी लागत सहभागीतामा विमा कार्यक्रम सञ्चालन गर्दै आएकोछ भने आ.ब २०८२/०८३ मा १९८६ जनाको विमा गरी प्रिमियम वापत रु.१९,०५,३३०।- विमा शुल्क दाखिला गरेको, सोही आ.व.मा ८ जना सदस्य मृत्य भई मृत्यु दावी वापत रकम रु.१६,५५,५००।-प्राप्त गरी सम्बन्धीत सदस्यको परिवारलाई भुक्तानी गरिएकोछ ।

२९) कर्मचारी उपदान कोष व्यवस्थापनः

यस संस्थामा कार्यरत कर्मचारीहरूको सेवा तथा वृत्तिविकासको लागि मानव संशोधन व्यवस्थापन नियमावली २०६२(पुनर्लेखन २०८०) अनुरुप २०७६ देखि सामाजिक सुरक्षा कोषमा आवद्ध गराई संस्था तर्फको योगदान २०% र कर्मचारी स्वयमको ११% गरी कुल ३१% नेपाल सरकारको समाजिक सुरक्षा कोषमा जम्मा गर्ने कार्यलाई निरन्तरता दिएकोछ भने दीर्घकालीन दायित्व उपदान तथा संचित विदा भुक्तानीका लागि मासिक आधारभूत पारिश्रमिक रकमको ५% खर्च जनाई नागरिक लागनी कोषमा जम्मा गरिएकोछ उक्त रकममा एक्च्युरिल भ्यालुएसन प्रतिवेदनको आधारमा थपघट गरी वर्षान्तमा वास्तविक आवश्यक रकम मात्र व्यवस्था गर्ने गरिएकोछ।

३०) **कर्मचारी वोनस व्यवस्था:**

संस्थाले गत आ.व.२०८२/०८३ मा कुल वचत (मुनाफा) बाट प्रचलित ऐनको अधिनमा रहि आयकर व्यवस्था गर्नु अगाडिको वचत (मुनाफा) को १० प्रतिशतले व्यवस्था गरेको रकमबाट सञ्चालक समितिको निर्णय बमोजिम कर्मचारीलाई बोनस वितरण गरिनेछ।

३१) **सदस्य सम्मान तथा पुरस्कार:**

संस्थाले आ.व.२०८२/०८३ मा विभिन्न विधामा कर्मचारी, शेयर सदस्य, समूह र सेवा कार्यालयलाई पुरस्कार बापत रु. १,५४,७७३।- प्रदान गरिएकोछ।

३२) **सामाजिक कार्य:**

संस्थाले सामाजिक उत्तरदायित्व अन्तगर्त यस आ.व. २०८२/०८३ मा मुख्य कार्यालय र सेवा कार्यालय मार्फत रु १,६६,४१५।-सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा खर्च गरेकोछ।

३३) **प्रविधिको विकास एवं प्रवर्द्धन:**

संस्थाले सदस्यहरूलाई आधुनिक प्रविधि मैत्री बनाउन संस्थामा सञ्चालनमा रहेको प्रविधिलाई अत्यावधिक गर्ने र नयाँ नयाँ प्रविधिको प्रयोगमा ल्याउने कार्य भई रहेकोछ भने संस्थाको वेवसाईटलाई स्तरोन्नती गरी सदस्य मैत्री बनाउने कार्य अघि बढाएको छ।

३४) **वित्तीय लगानी :**

संस्थाले विभिन्न संघहरूमा आ.व. २०८२/०८३ मा आवधिक बचत सहित रु. ४४ करोड ४१ लाख ९२ हजार लगानी हिसाव रहेकोछ।

३५) **शेयर लाभांश प्रस्ताव तथा संरक्षित पूँजी फिर्ता कोष वितरण :**

आ.वा. २०८२/०८३ मा संस्थाको समग्र वित्तीय तथा नियामकीय अवस्था सुदृढ र मजबुत रहनुका साथै प्रमुख वित्तीय सूचकहरू सन्तोषजनक र संस्थागत मापदण्ड अनुकूल रहेका छन्। संस्थाले प्रचलित सहकारी ऐन, नियमावली तथा नियामकीय व्यवस्थाअनुरूप

आवश्यक सम्पूर्ण कोष तथा जोखिम व्यवस्थापनका प्रावधानहरू पूर्ण रूपमा पालना गरेकोछ। तथापि, यस आर्थिक वर्षमा आम्दानी तथा खुद वितरणयोग्य नाफा अपेक्षाअनुरूप हुन नसकेका कारण सदस्यज्यूहरूलाई पर्याप्त लाभांश वितरण गर्न सकिने अवस्था रहेन।

विशेषतः जोखिमयुक्त सम्पत्ति तथा भाखा नाघेका ऋणको असुली अपेक्षित रूपमा हुन नसक्दा प्रचलित नियमानुसार ऋण सुरक्षण तथा जोखिम व्यवस्थापनका लागि आवश्यक रकम व्यवस्था गर्नुपरेको हो। फलतः संस्थाको वास्तविक वित्तीय अवस्था सुरक्षित, पारदर्शी र दीगो बनाउने क्रममा वितरणयोग्य नाफा सीमित हुन गएको हो।

लाभांश वितरण गर्न नसकिएको अवस्थालाई संस्थाको वित्तीय कमजोरीका रूपमा नभई सदस्यको हित संरक्षण, सम्भावित जोखिम न्यूनीकरण र संस्थाको दीर्घकालीन वित्तीय स्थायित्व सुनिश्चित गर्ने जिम्मेवार वित्तीय अनुशासनको परिणामका रूपमा बुझिदिनुहुन अनुरोध गर्दछु। यस वर्ष जोखिम व्यवस्थापन तथा जगेडाका रूपमा कायम गरिएको रकमले आगामी दिनमा संस्थाको पूँजीगत आधार र वित्तीय क्षमता थप सुदृढ बनाउँदै सदस्यहरूको दीर्घकालीन हित सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएकोछ। आ.व २०८२/०८३ मा गरेको खुद मुनाफलाई सहकारी ऐन र संस्थाको विनियम बमोजिम नाफा बाँडफाँडबाट प्राप्त शेयर लाभांश कोष र संरक्षित पूँजी फिर्ता कोषबाट क्रमशः ३.३०% शेयर लाभांश र संस्थाको संरक्षित पूँजी फिर्ता कोष कार्यविधि अनुसार भाखा ननघाउने नियमित साँवा र व्याज बुझाउने ऋणी सदस्यलाई ऋणमा तिरेको व्याजको १.२०% र नियमित बचत गर्ने सदस्यहरूलाई बचतमा प्राप्त गरेको व्याजको १.३५% का दरले संरक्षित पूँजी फिर्ता कोष वितरण गर्न प्रस्ताव गर्दछु।

आदरणीय सभाध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, शेयर सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

२०८३/०८४ को संशोधित बजेट तथा आ.व.२०८४/०८५ को प्रस्तावित बजेट तथा कार्यक्रम

संस्थाको आर्थिक सुदृढीकरण, वित्तीय अनुशासन, सदस्य हित संरक्षण तथा दिगो विकासलाई केन्द्रमा राख्दै आर्थिक वर्ष २०८३/०८४ को संशोधित बजेट तथा आर्थिक वर्ष २०८४/०८५ को प्रस्तावित बजेट एवं कार्यक्रम तयार गरिएकोछ। आगामी आर्थिक वर्षमा संस्थाको वित्तीय आधारलाई थप सुदृढ बनाउँदै सुरक्षित, व्यवस्थित, पारदर्शी र सदस्य-केन्द्रित वित्तीय सेवाको विस्तार गर्ने उद्देश्यका साथ देहायका रणनीतिक वित्तीय कार्यदिशाहरूलाई प्राथमिकतामा राखिएकोछ।

१. **आगामी आर्थिक वर्षको रणनीतिक वित्तीय कार्यदिशाः**

आगामी आर्थिक वर्षका लागि संस्थाले आफ्नो वित्तीय अवस्था, सञ्चालन क्षमता तथा दीर्घकालीन लक्ष्यलाई दृष्टिगत गर्दै निम्न प्रमुख रणनीतिक प्राथमिकताहरू निर्धारण गरेकोछ।

क) वित्तीय सुदृढीकरण

संस्थाको वित्तीय आधारलाई थप मजबुत बनाउने उद्देश्यले संस्थागत पूँजी वृद्धि, निष्कृय ऋण न्यूनीकरण, सञ्चालन खर्चमा प्रभावकारी नियन्त्रण तथा नियमित बचतमा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। वित्तीय स्रोतको प्रभावकारी परिचालन र खर्च व्यवस्थापन मार्फत संस्थाको समग्र वित्तीय क्षमता थप सुदृढ बनाउने लक्ष्य लिइएकोछ।

ख) ऋण व्यवस्थापन

ऋण लगानीलाई उत्पादनशील तथा सुरक्षित क्षेत्रमा केन्द्रित गर्दै ऋण गुणस्तरमा विशेष ध्यान दिइनेछ। ऋण प्रवाह पूर्वको Credit Appraisal प्रक्रियालाई थप प्रभावकारी बनाउने, प्रवाहित ऋणको नियमित तथा व्यवस्थित Loan Monitoring गर्ने र ऋण असुलीलाई प्रभावकारी बनाउन Recovery Action Plan लाई परिणाममुखी ढङ्गबाट कार्यान्वयन गर्ने नीति लिइनेछ। संस्थाले आफ्नो वित्तीय आधारलाई क्रमशः मजबुत बनाउँदै लगेकाले आगामी आर्थिक वर्षमा व्यवसाय विस्तारका लागि आवश्यक आधार तयार भएकोछ। विगतका वित्तीय सूचक तथा संस्थागत आधारलाई थप बलियो बनाउँदै सुरक्षित र योजनाबद्ध ढङ्गले व्यवसाय विस्तार गर्ने तथा अपेक्षित वित्तीय प्रतिफल हासिल गर्ने उद्देश्यका साथ स्पष्ट Business Plan तयार गरिएकोछ।

२. **आगामी वर्षका कार्यक्रम तथा प्रतिबद्धताः**

साधारणसभाबाट प्राप्त मार्गदर्शन, सञ्चालक समितिको नेतृत्व, व्यवस्थापनको कार्यक्षमता तथा सदस्यहरूको निरन्तर विश्वासलाई आधार बनाउँदै संस्थाको वित्तीय अनुशासन र सुशासनलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं।

यस क्रममा संस्थाले निम्न विषयहरूलाई आगामी कार्यदिशाका रूपमा विशेष प्राथमिकतामा राख्नेछ।

- वित्तीय अनुशासन कायम राख्ने तथा वित्तीय व्यवस्थापनलाई थप सुदृढ बनाउने।
- निष्कृय ऋण (NPL) लाई निर्धारित लक्ष्य भित्र राख्दै गुणस्तर ऋण लगानी र असुली प्रणालीमा निरन्तर सुधार गर्ने।
- संस्थागत पूँजी वृद्धि गर्दै संस्थाको वित्तीय आधारलाई क्रमशः सबल बनाउने।
- संस्थाको तरलता पर्याप्त र सन्तुलित अवस्थामा कायम राख्ने।

- सदस्यहरूको आवश्यकता र संस्थाको वित्तीय क्षमतालाई ध्यानमा राखी गुणस्तरीय ऋण सेवाको विस्तार गर्ने ।
- सदस्यहरूको बचत वृद्धि गर्दै संस्थाप्रतिको विश्वास र वित्तीय सहभागिता थप अभिवृद्धि गर्ने ।
- संस्थालाई आधुनिक Digital Cooperative मा रुपान्तरण गर्न आगामी वर्ष डिजिटल सेवाको विस्तारलाई रणनीतिक प्राथमिकता दिने र सदस्यलाई प्रविधि मैत्री बनाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने ।
- संस्थाको Cyber Security प्रणालीलाई थप सुदृढ बनाउने ।
- ACCESS मापदण्डमा उत्कृष्टता हासिल गर्ने दिशामा संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- संस्थाका PEARLS सूचकहरूमा निरन्तर सुधार गर्दै वित्तीय स्वास्थ्यलाई सबल बनाउने ।
- संस्थाको कार्यसम्पादनमा पारदर्शिता र जवाफदेहिता अझ अभिवृद्धि गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र सुदृढ बनाउने ।
- सदस्य सेवा उत्कृष्ट बनाउँदै सदस्य-केन्द्रित सेवा संस्कृतिको विकास गर्ने ।
- कर्मचारीहरूको क्षमता विकास तथा व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।
- संस्थामा Performance-based Culture अर्थात् कार्यसम्पादनमा आधारित कार्य संस्कृतिको विकास गर्ने ।
- शाखाहरूको कार्यसम्पादन तथा सेवा प्रवाहमा सुधार गर्दै संस्थागत उत्पादकत्व अभिवृद्धि गर्ने ।
- Recovery अभियानलाई थप प्रभावकारी र परिणाममुखी बनाउँदै ऋण असुली प्रणालीलाई सुदृढ गर्ने ।
- सदस्यहरूको बदलिँदो आवश्यकता तथा संस्थाको व्यावसायिक क्षमतालाई दृष्टिगत गरी नवीनतम वित्तीय उत्पादन तथा सेवाको विकास गर्ने ।
- संस्थाको दिगोपन तथा समावेशिता वृद्धि र सुनिश्चित गर्ने ।
- संस्थालाई राष्ट्रिय तथा एसियाली स्तरको उत्कृष्ट सहकारी संस्थाका रूपमा स्थापित गर्ने दीर्घकालीन लक्ष्यलाई निरन्तरता दिने ।

उपरोक्त वित्तीय कार्यदिशा, प्राथमिकता र प्रतिबद्धताहरू केवल आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका दीर्घकालीन वषय मात्र नभई संस्थाको सुदृढ वित्तीय आधार, प्रभावकारी सुशासन, उत्कृष्ट सदस्य सेवा र दिगो संस्थागत विकासतर्फ अघि बढ्ने मार्गचित्र समेत हुन । सदस्यहरूको बचतको उच्चतम सुरक्षा, वित्तीय अनुशासनमा कुनै पनि प्रकारको सम्झौता नगर्ने प्रतिवद्धता, जोखिममा आधारित निर्णय प्रक्रियाको निरन्तरता, पारदर्शी वित्तीय प्रतिवेदन प्रणाली तथा संस्थागत पूँजीको क्रमिक सुदृढीकरणमार्फत संस्थालाई अझ सक्षम, सुरक्षित, विश्वसनीय र सदस्य-केन्द्रित बनाउने हाम्रो प्रयास निरन्तर रहनेछ ।

३. **सदस्य हित, वित्तीय पहुँच तथा संस्थागत सुदृढीकरणसम्बन्धी नीति तथा कार्यक्रम:**

सदस्यलाई ऋण लगानी गर्नुको मूल उद्देश्य केवल वित्तीय स्रोतमा पहुँच पुऱ्याउनु मात्र होइन त्यस ऋणको सदुपयोग मार्फत सदस्यको आय आर्जन क्षमता अभिवृद्धि, जीवनस्तर सुधार, स्वरोजगारी सिर्जना तथा उद्यमशीलताको विकास हुनु पनि उत्तिकै आवश्यक हुन्छ । केवल ऋण प्रवाह गरेर वित्तीय पहुँच विस्तार भएको मान्न सकिँदैन । ऋण लगानीबाट ऋणी सदस्यको आर्थिक अवस्था र जीवनस्तरमा सकारात्मक परिवर्तन आएको देखिनुपर्छ । त्यसैले आय आर्जन गर्ने, श्रम तथा सीपको उपयोग गर्दै जीवनस्तर उकास्ने, स्वरोजगार बन्ने तथा अरूका लागि समेत रोजगारी सिर्जना गर्ने सदस्यलाई प्राथमिकताका साथ ऋण लगानी गर्नु संस्थाको प्रमुख उद्देश्य हो । समग्र सहकारी क्षेत्रमा ऋणको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा, विशेषगरी घरजग्गा कारोबारमा प्रयोग हुँदा विभिन्न समस्या सिर्जना भएको वर्तमान परिप्रेक्ष्यमा बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था सदस्यहरूको आर्थिक जीवनमा सार्थक परिवर्तन ल्याउने उद्देश्यका साथ कार्यरत छ । विशेष गरी कृषि तथा पशुपालनलाई व्यावसायिकीकरण गर्दै सदस्यलाई स्वरोजगार, आत्मनिर्भर र उद्यमशील बनाउने दिशामा संस्थाले आफ्नो ऋण तथा सदस्य सेवा कार्यक्रमलाई केन्द्रित गर्दै आएकोछ ।

४. **संस्थागत पूँजी, दीगो विकास र रणनीतिक योजना:**

सहकारी संस्थाको वित्तीय तथा संस्थागत सुदृढीकरणको मेरुदण्ड भनेको संस्थागत पूँजी हो । शेयर पूँजी, बचत तथा संस्थागत पूँजीको वृद्धि गर्दै संस्थाको समग्र प्रगतिका नयाँ अवसर र चुनौतीलाई आत्मसात् गर्नु आजको आवश्यकता हो । आधुनिक प्रविधिको प्रभावकारी उपयोग, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, संस्थाको सामाजिक प्रतिष्ठा तथा संस्थागत छवि सुदृढीकरण र अधिकतम सदस्यलाई उचित प्रतिफल प्रदान गर्ने उद्देश्यले आगामी वर्षका नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएका छन् ।

यसै क्रममा विभिन्न विज्ञ तथा सरोकारवालाको परामर्शलाई समेत समेटी अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन दृष्टिकोण सहितको छैठौँ चारवर्षीय रणनीतिक व्यावसायिक योजना तयार गरी अनुसन्धानात्मक तथा खोजमूलक कार्यलाई समेत प्राथमिकतामा राख्दै २०८२ श्रावण देखि संस्थाले कार्यान्वयन प्रारम्भ गरेकोछ ।

५. **विना धितो ऋण र सामाजिक उत्तरदायित्व:**

सहकारीको विना धितो ऋण विशेषगरी गरिब, निम्न आय भएका, विपन्न तथा आर्थिक रूपमा कमजोर सदस्यहरूको आर्थिक तथा सामाजिक उन्नयनमा केन्द्रित हुनुपर्ने हो । यस्ता ऋणको उद्देश्य सदस्यको उत्पादनशील क्षमता अभिवृद्धि गर्दै उनीहरूलाई आत्मनिर्भर बनाउनु हो । तर ऋणको दुरुपयोग भएमा त्यसले सदस्य स्वयं, परिवार र समग्र समाजमा समेत गम्भीर आर्थिक तथा सामाजिक समस्या निम्त्याउन सक्छ । त्यसैले ऋणको सदुपयोग, वित्तीय अनुशासन र जिम्मेवार वित्तीय व्यवहार प्रति समाजका प्रत्येक व्यक्ति सजग र सचेत हुन आवश्यक छ ।

६. **स्वःनियमन, सुशासन र सहकारी अभियानको शुद्धता:**

स्वःनियमन, सुशासन, प्रचलित ऐन, नियम तथा संस्थागत विधि र प्रक्रिया भन्दा बाहिर गएर सञ्चालन भएका संस्थाहरूले सदस्यहरूको बचत रकमलाई व्यक्तिगत व्यवसाय तथा घरजग्गाको व्यावसायिक कारोबारमा प्रयोग गर्ने र सीमित व्यक्तिले त्यसबाट लाभ लिने प्रवृत्तिले समग्र सहकारी अभियानमै विकृति र विसङ्गति सिर्जना गरेकोछ । यसको प्रत्यक्ष प्रभाव ऐन, नियम, विधि, स्वःनियमन र सुशासनको मूल्य मान्यतामा आधारित भई सञ्चालन भइरहेका बिन्धवासिनी जस्ता संस्थाहरूका लागि समेत चुनौतीको सामना गर्नु परेकोछ । यस्ता विकृति तथा विसङ्गतिलाई चिर्दै सदस्यको हित, सुरक्षा र समृद्धिलाई निरन्तर केन्द्रमा राख्न सञ्चालक समिति, विभिन्न उपसमिति तथा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहँदै आएकोछ । यसमा आदरणीय शेयर सदस्यहरूको निरन्तर साथ, सहयोग, विश्वास र सहभागिताले संस्थालाई सफलतातर्फ अघि बढ्न थप ऊर्जा प्रदान गरेकोछ ।

७. **सदस्यको वित्तीय अनुशासन तथा सम्पत्ति शुद्धीकरण निवारण:**

सहकारी संस्थाका वास्तविक मालिक स्वयं सदस्यहरू हुन । सदस्यहरूले संस्थाप्रतिको आफ्नो दायित्व जिम्मेवारीपूर्वक पूरा गर्ने र संस्थासँग गर्ने सम्पूर्ण वित्तीय कारोबार पारदर्शी तथा वैधानिक हुने अपेक्षा गरिन्छ । यसै सन्दर्भमा सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा प्रचलित कानुनी व्यवस्थाको परिधिभित्र रही मात्र वित्तीय कारोबार गर्न सम्पूर्ण सदस्यहरूलाई अनुरोध गर्दछौं ।

साथै, प्रत्येक सदस्यले आफ्नो सदस्य पहिचान फाराम (KYC) संस्थाको नीति तथा प्रचलित कानुनी व्यवस्थाको मर्मअनुरूप समयमै अद्यावधिक गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । सदस्यको पहिचान, कारोबारको प्रकृति र वित्तीय गतिविधिको उचित अभिलेखीकरणले संस्था र सदस्य दुवैको वित्तीय सुरक्षा तथा सुशासनलाई थप मजबुत बनाउँछ ।

८. **संस्था–सदस्यबीच विश्वास अभिवृद्धि:**

संस्था र सदस्यबीच विश्वासको संकट सिर्जना हुन नदिन संस्थाले आफ्ना आर्थिक तथा वित्तीय गतिविधिसम्बन्धी सूचना विभिन्न माध्यमबाट सदस्यसम्म पुऱ्याउँदै आएकोछ । सदस्यलाई संस्थाका नीति, कार्यक्रम, सेवा तथा वित्तीय गतिविधि बारे सचेत र जागरूक बनाउने कार्यलाई पनि संस्थाले प्राथमिकतामा राखेकोछ ।

सम्पूर्ण सदस्यहरूलाई संस्थामा उपस्थित भई संस्थाको नियमानुसार शेयर खरिद गर्न र नियमित बचत गर्न अनुरोध गर्दछौं । साथै आफ्नो वित्तीय कारोबारको अवस्था, प्रकृति र परिणामबारे निरन्तर जानकारी राख्न अनुरोध गर्दछौं । वित्तीय कारोबारप्रति सदस्यको जागरूकता र सहभागिताले संस्थाप्रतिको स्वामित्वबोध तथा विश्वास अझ सुदृढ हुने हाम्रो विश्वासछ ।

९. **सदस्यको सुरक्षा, समृद्धि र आत्मनिर्भरता:**

बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्थाको सदस्य भएपछि म सुरक्षित छु, मेरो हितविपरीतको कार्य यस संस्थाले गर्ने छैन भन्ने विश्वास प्रत्येक सदस्यमा अझ सुदृढ हुनुपर्छ । सदस्यको अधिकारको संरक्षण, पारदर्शी कार्यशैली, जिम्मेवार व्यवहार तथा सदस्य हितलाई उच्च प्राथमिकता दिँदै संस्थाले स्थापना कालदेखि आर्जन गरेको साख र विरासतलाई अक्षुण्ण राख्ने प्रतिबद्धता व्यक्त गर्दछु । सदस्यहरूले थोपा-थोपा गरी जम्मा गरेको पूँजीबाट निर्माण भएको संस्थाको स्रोत परिचालनमा रहेको जोखिमप्रति संस्था पूर्ण रूपमा संवेदनशील छ । त्यसैले वित्तीय सुशासन, गुणस्तरीय सेवा, सुरक्षित तथा गुणस्तरीय ऋण लगानी र दिगो संस्थागत विकासलाई केन्द्रमा राख्दै सदस्यहरूको जीवनस्तर सुधारमा संस्था प्रतिबद्ध रहेकोछ ।

संस्थाले सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षको विकाससँगै वित्तीय साक्षरता, प्रविधि साक्षरता तथा उद्यमशीलता विकास सम्बन्धी तालिम प्रदान गरी सदस्यलाई आत्मनिर्भर, सीपयुक्त तथा व्यावसायिक बनाउने लक्ष्य लिएकोछ । यस अभियानमा आदरणीय सदस्यहरूबाट निरन्तर साथ, सहयोग र सक्रिय सहभागिता प्राप्त हुने अपेक्षा गर्दछौं ।

१०. **सदस्य सुझावका आधारमा नीति तथा कार्यक्रम निर्माण:**

सदस्य सेवा र सदस्य सन्तुष्टि संस्थाका प्रमुख मार्गदर्शक सिद्धान्त हुन् । यसैलाई आधार मानी चालु आर्थिक वर्षका कार्यक्रम तथा बजेट तर्जुमा गर्नुअघि संस्थाका सबै सेवा कार्यालयस्तरमा बचतकर्ता तथा ऋण कारोबार गर्ने सदस्यहरूसँग अन्तरक्रियात्मक विस्तारित मञ्च सञ्चालन गरी सुझाव संकलन गरिएकोछ । प्राप्त सुझाव, अपेक्षा तथा सदस्यहरूको मनोभावनालाई यथासम्भव सम्बोधन गर्ने उद्देश्यले यस वर्षको बजेट तथा कार्यक्रम निर्माण गरिएकोछ ।

आदरणीय सभाध्यक्षज्यू तथा आदरणीय शेयर सदस्यज्यूहरू,

बिन्धवासिनीले आफ्ना सदस्यहरूको जीवनचक्रलाई केन्द्रमा राख्दै जन्मदेखि मृत्युसम्म तथा बाल्यावस्था देखि वृद्धावस्थासम्म विभिन्न चरणका आवश्यकता र हितलाई सम्बोधन गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिँदै आएकोछ। यसै दृष्टिकोणअनुरूप चालु आर्थिक वर्षमा अवलम्बन गरिएका प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु।

११. **पूँजी वृद्धि तथा वित्तीय स्रोत सुदृढीकरणका आधार**

संस्थालाई वित्तीय रूपमा सबल, आत्मनिर्भर र दीगो बनाउन सदस्यको नियमित बचत तथा शेयर पूँजी वृद्धिलाई प्राथमिकतामा राखिएकोछ। यस अन्तर्गत देहायबमोजिमका कार्यक्रमहरू सञ्चालन गरिनेछन्:

- संस्थाको वित्तीय दिगोपनका लागि प्रत्येक सदस्यले नियमित रूपमा न्यूनतम रु. २००। बचत गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै, रु. १० हजारभन्दा बढी नियमित बचत गर्ने शेयर सदस्यहरूलाई उनीहरूको क्षमता र अवस्था अनुसार मासिक रु.५००। देखि रु. १०००। सम्म नियमित बचत वृद्धि गर्न प्रोत्साहित गरिनेछ भने १ लाख भन्दा बढी शेयर खरिद गर्न निरुत्साहित गरिने छ।
- नियमित बचत नगर्ने तथा लगातार तीन पटकसम्म साधारणसभामा अनुपस्थित हुने सदस्यहरूका सम्बन्धमा संस्थाको नीति, विधान तथा प्रचलित व्यवस्था अनुसार क्रमिक रूपमा सदस्यता खारेजीतर्फ जाने नीति अवलम्बन गरिनेछ।
- **"थोपा-थोपा मिलेर घैला, घैला-घैला मिलेर नदी र नदी-नदी मिलेर समुद्र बन्छ"** भन्ने भावनालाई आत्मसात् गर्दै साना-साना बचतलाई समेत उच्च प्राथमिकता दिने कार्यक्रम सञ्चालन गरिनेछ र प्रत्येक सदस्यसम्म बचतको पहुँच पुऱ्याउने व्यवस्था मिलाइनेछ।
- नियमित बचत रु. १०,०००।, शेयर रकम रु. १०,०००। भन्दा कम रहेका सदस्यहरूलाई संस्थाको नीति तथा प्रचलित व्यवस्था अनुसार न्यूनतम रु. दश दश हजार पुऱ्याउन प्रोत्साहित गरिनेछ।
- दैनिक तथा मासिक आम्दानी गर्ने, तरकारी, आलु तथा नगदेबाली खेती गर्ने, पशुपालन तथा पशुजन्य उत्पादन बिक्री गर्ने, विभिन्न व्यवसायमा संलग्न, जागिरे तथा निर्माण व्यवसायमा संलग्न सदस्यहरूको घर तथा व्यवसाय स्थलमै पुगेर सुरक्षित रूपमा बचत संकलन गर्ने सेवा निरन्तरता पाउनेछ र यसलाई थप प्रभावकारी बनाइनेछ।
- **"आम्दानी गरेर मात्र धनी हुन सकिँदैन, बचत गरे धनी भइन्छ"** भन्ने वित्तीय अनुशासनको भावनालाई प्रत्येक सदस्यसम्म पुऱ्याउँदै नियमित बचत गर्ने बानीको विकास र बचतको दर वृद्धि गर्न सदस्यहरूलाई प्रोत्साहित गरिनेछ।
- ठूलो ऋण कारोबार गर्ने तथा नियमित आम्दानी भएका सदस्यहरूको आम्दानी क्षमता र वित्तीय अवस्थाका आधारमा शेयर तथा बचत वृद्धि गर्न आवश्यक पहल गरिनेछ।

१२. **ऋण लगानीका प्राथमिक क्षेत्र:**

संस्थाको ऋण लगानीको मूल उद्देश्य सदस्यलाई केवल ऋणी बनाउनु होइन, व्यवसायी, स्वावलम्बी, आत्मनिर्भर र धनी बनाउनु हो। सदस्यको भावना, चाहना, क्षमता तथा सम्भाव्यतालाई आधार मानी परियोजनामा आधारित, गुणात्मक, उत्पादनशील तथा सुरक्षित ऋण लगानी कार्यक्रम सञ्चालन गरिनेछ।

यस अन्तर्गत देहायका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिइनेछः

- कृषि तथा पशुपालनमा पर्याप्त सम्भावना रहेको र राज्यले समेत कृषि प्रवर्द्धनका लागि बजेट तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको सन्दर्भमा कृषि क्षेत्रलाई सदस्यको आम्दानीको भरपर्दो आधारका रूपमा विकास गर्न प्राथमिकता दिइनेछ। कृषि उत्पादनमा आत्मनिर्भरता अभिवृद्धि गर्न आवश्यक बीउ-बिजन, सिँचाइ, प्राङ्गारिक तथा जीवाणु मलखाद, आधुनिक कृषि यान्त्रिकीकरण, भण्डारण, प्रशोधन, संरक्षण तथा बजारीकरण जस्ता मूलभूत पक्षलाई सम्बोधन हुने गरी सहुलियतपूर्ण कृषि ऋणलाई प्रोत्साहन गरिनेछ। यसबाट सदस्यको कृषि उत्पादन तथा त्यसको बजारीकरणमा आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएकोछ।
- कृषक सदस्यहरूले उत्पादन गरेका कृषि तथा पशुजन्य वस्तुको बजार व्यवस्थापनका लागि सम्बन्धित विभिन्न निकायसँग समन्वय गरी उत्पादनमा संलग्न कृषकहरूकै अगुवाइमा बजार व्यवस्थापनका लागि पहल गरिनेछ। कृषकको उत्पादनलाई उचित रूपमा भण्डारण गरी बेमौसममा बिक्री गर्न सकिएमा उत्पादनले उचित मूल्य प्राप्त गर्ने भएकाले यसतर्फ संस्थाले विभिन्न निकायसँग सहजीकरण गरिरहेकोछ।
- कृषि उत्पादनमा बिचौलियाको एकाधिकार तथा अनावश्यक निर्भरता कम गर्दै कृषकलाई उत्पादन देखि बजारीकरणसम्म जोड्ने अवधारणालाई संस्थाले अघि बढाउनेछ। यसबाट सदस्यको उत्पादनलाई उचित बजार तथा मूल्य प्राप्त गराउने दिशामा सहयोग पुग्ने विश्वास लिइएकोछ।
- वैदेशिक रोजगारीप्रतिको आकर्षण कम गर्दै वैदेशिक रोजगारीबाट फर्किएका २१ वर्षदेखि ४५ वर्षसम्मका युवालाई कृषि उद्यमी बनाउने, व्यावसायिक कृषिमार्फत स्वरोजगार सिर्जना गर्ने तथा आत्मनिर्भर बनाउने उद्देश्यले बेथानचोक गाउँपालिकाले ल्याएको

सहुलियत ब्याज अनुदान साझेदारी कार्यक्रमसँग सम्झौता गरिएकोछ । उक्त कार्यक्रम अन्तर्गत रु.१० करोड ऋण लगानी वृद्धि गर्ने लक्ष्य लिइएकोछ । उक्त कार्यक्रम अन्य पालिकाहरूमा पनि क्रमश विस्तार गर्न समन्वय भई रहेको र केही पालिकामा यस वर्ष सम्झौता गरी कार्यक्रम सञ्चालन हुन गैरहेकोछ ।

- ऋण लगानीलाई थप गुणस्तरीय, सुरक्षित तथा उत्पादनमुखी बनाउन सदस्य तथा विभिन्न क्षेत्र पहिचान गरि प्राथमिकतामा राखिनेछ ।
- नियमित बचत गर्ने, संस्थाप्रति सकारात्मक भावना राख्ने तथा व्यवस्थित रूपमा पेशा-व्यवसाय सञ्चालन गरेका सदस्यहरूलाई प्राथमिकता दिइनेछ ।
- विगतमा राम्रो व्यवसाय सञ्चालन गरी राम्रो आम्दानी आर्जन गरेका तथा मासिक रूपमा साँवा-ब्याजको किस्ता नियमित भुक्तानी गर्दै आएका सदस्यहरूको थप व्यवसाय प्रवर्द्धनका लागि आवश्यक ऋण लगानी गरिनेछ ।
- उत्कृष्ट उद्यमी, असल तथा सम्मानित व्यवसायी, सामाजिक प्रतिष्ठा भएका र असल परिचय भएका सदस्यहरूको विद्यमान व्यवसाय विस्तार तथा थप व्यवसाय प्रवर्द्धनका लागि प्राथमिकताका आधारमा ऋण लगानी गरिनेछ ।
- अनुत्पादक क्षेत्रमा ऋण लगानी गरिने छैन । स्वःलागतको पर्याप्त सहभागिता भएका परियोजनामा आधारित साना उद्यम तथा व्यवसाय, उत्पादनमूलक क्षेत्र र उच्च प्रतिफल तथा राम्रो आम्दानी दिने व्यवसायलाई प्राथमिकता दिइनेछ ।
- ऋणी सदस्यको आफ्नै र पर्याप्त तथा उपयुक्त धितो भएका सदस्यलाई ऋण लगानीमा प्राथमिकता दिइनेछ ।
- व्यवसाय सञ्चालन गरिरहेका तर महामारी तथा आर्थिक संकटका कारण अस्थायी रूपमा समस्यामा परेका ऋणी सदस्यहरूको वास्तविक अवस्था मूल्याङ्कन गरी संस्थाको नीति तथा प्रचलित व्यवस्था अनुसार आवश्यक सहजीकरण गरिनेछ ।
- यसरी संस्थाको ऋण लगानीलाई केवल रकम प्रवाह गर्ने प्रक्रियाका रूपमा नभई सदस्यको आर्थिक रूपान्तरण, उद्यमशीलता विकास, स्वरोजगार सिर्जना, उत्पादन वृद्धि र दीगो जीवनस्तर सुधारको माध्यमका रूपमा स्थापित गर्ने हाम्रो स्पष्ट प्रतिबद्धता रहेकोछ ।

१३. **ऋण असुली कारबाही**

संस्थाबाट ऋण उपभोग गरी संस्थाको ऋण नीति विपरित मासिक व्याज नबुझाउने, भाखा नघाउने निष्कृय ऋणी सदस्यलाई पर्याप्त सूचना र जानकारी गराई पत्रपत्रिकामा फोटो सहित तीन पुस्ते नाम प्रकाशन र धितो लिलामी कारवाही प्रथम त्रैमासिकबाटै अगाडि बढाई सदस्यको बचत पूर्णरूपमा सुरक्षित बनाईनेछ । संस्थाको नाममा सकार भई आएको गैरबैकिङ्ग सम्पत्तिहरू सम्बन्धित सदस्यहरूलाई फिर्ता गर्न पत्रचार गरिसकिएको छ तोकिएको समय भित्र फिर्ता नलिएको गैरबैकिङ्ग सम्पत्तिहरू टेण्डरको माध्यमबाट बिक्री गर्ने कार्यलाई तिव्रताका साथ अगाडि बढाई गैरबैकिङ्ग सम्पत्ति र नकमाउने सम्पत्ति न्यून गराईनेछ ।

१४. **शाखा तथा कर्मचारी उत्पादकत्व वृद्धि:**

कर्मचारीको उत्पादकत्व वृद्धिका लागि प्रत्येक शाखा तथा जिम्मेवार कर्मचारीका लागि प्रोत्साहन गर्न मापनयोग्य वित्तीय लक्ष निर्धारण गरी प्रोत्साहन तथा पुरस्कृत गरिनेछ । संस्थाको आवश्यकता अनुसार विभिन्न तालिम गोष्ठीको माध्यमबाट सिप विकास गराउने र अधिकतम प्रविधिको विकास गर्ने,उपयूक्त व्यक्तिलाई उपयूक्त कामको जिम्मेवारी बाँडफाँड गराउने नीति अवलम्बन गरिनेछ ।

१५. **मासिक वित्तीय निगरानी:**

नाफा,तरलता,खराब ऋण असुली,खर्च र बजेट उपलब्धिको मासिक समीक्षा गरिनेछ ।

आदरणीय सभाका सभाध्यक्ष तथा शेयर सदस्यज्यूहरू,

आ.व. २०८२/०८३ को प्रगतिको आधारमा आ.व. २०८३/०८४ को संशोधित र आ.व. २०८४/०८५ को प्रस्तावित बजेट देहाय बमोजिम कार्यान्वयनको लागि यो सम्मानित सभामा स्वीकृतको लागि प्रस्ताव गर्दछु ।

१६. **समुह, सदस्य तथा सेवाग्राही :**

क्र.स.	विवरण	०८३/०८४ स्वीकृत	०८३/०८४ को संशोधित	०८४/०८५ प्रस्तावित
१	समुह संख्या	३१३२	२७१९	२८७२
२	सदस्य संख्या	७५०४१	६४०८०	६८६१७
३	शैक्षिक बाल बचतकर्ता	१५२६१	१३२६४	१७६८६
४	**जम्मा सेवाग्राही**	९०३०२	७७३४	८६३०३

१७. पूँजी संकलन रु."०००"

क्र.स.	विवरण	०८३/०८४ स्वीकृत	०८३/०८४ को संशोधित	०८४/०८५ प्रस्तावित
१	शेयर पूँजी	६६४७५४	५४६३६६	६०९४०७
२	बचत तथा निक्षेप	५३३३३४१	४७१०२३८	५००५८९०
३	जगेडा तथा अन्य कोष	८२७९३९	६०६०२३	६३६३२५
४	बाह्य सापटी	४५७८०	१७०००	०
५	अन्य दायीत्व	३१५२५	५२९९४	४९२३१
	जम्मा	६९०३३३९	५९३२६२१	६३००८५३

१८. सम्पत्ति विवरण: रु."०००"

क्र.स.	विवरण	२०८३/०८४ स्वीकृत	२०८३/०८४ को संशोधित	२०८४/०८५ को प्रस्तावित
१	नगद/बैक	९३४६४८	९८०४९५	१०६८४६१
२	लगानी हिसाव	५२४४९२	५२४४९२	५७६९४२
३	लगानीमा बाँकी ऋण	५२७३७३४	४२३४८९४	४८६७६०६
४	पेश्की धरौटी	२१३१२	२७४००	२५८५४
५	स्थीर सम्पति	१८२८५१	१५९२४६	१७५०५२
६	अन्य सम्पति	८०५४८४	३९५२०	४३९९२
	जम्मा	७७४२५२१	५९६६०४७	६७५७९०७

१९. ऋण लगानी तथा असुली: रु."०००"

क्र.स.	विवरण	२०८३/०८४ स्वीकृत	२ ०८३/०८४ को संशोधित	२०८४/०८५ को प्रस्तावित
१	ऋण लगानी	४९४७९५९	२४१८३८४	४३४१५८१
२	ऋण असुली	३७२२२१५	२२८३२०५	३९३०१८५
३	व्याज असुली	५७०८३९	३७४५४६	४०८९३६
४	ऋण बाँकी	५२७३७३४	४२३४८९३	४८६७६०६

२०. आय व्यय विवरण : रु."०००"

क्र.स.	विवरण	०८३/०८४ स्वीकृत	०८३/०८४ को संशोधित	०८४/०८५ को प्रस्तावित
(क)	**कुल आय**(१+२+३+४)	७८८०१४	४९४५७२	४४७६२७
१	ऋणबाट व्याज असुली आय	५७०८३९	३७४५४६	४०८९३६
२	बैंक व्याज आय	१५४४१	७२७२	७४८६
३	लगानीबाट आय	२५१०६	१३८४१	१३८००
४	अन्य आय	१७६६२७	९८९१३	१७४०५
(ख)	**कुल व्यय**(१+२+३+४+ ५+६+७+ ८+९+१०)	६५२८६७	४६३१२४	३७५९४३
(१)	वित्तीय व्यय	९४८०४	१९५३३०	१९५९०७
१.१	बचत तथा निक्षेपमा व्याज	३७९२०४	१९४१६०	१९४८६४
१.२	बाह्य ऋणमा व्याज	३९३३	१०७०	९२८
१.३	व्याज छुट	०	१००	११५
(२)	**कर्मचारी खर्च**	४७७९४१	८०२१६	८९०२१
(३)	**सुशासन तथा कार्यक्रम खर्च**	३४५६८	३८१८४	३२१३५
३.१	बैठक भत्ता	९४५२	६०११	६४३०
३.२	बैठक सञ्चालन	१११११	९०८	९१२
३.३	वार्षिक साधारण सभा	१९६५०	२८३२८	२१३७९
३.४	लेखा परीक्षण शुल्क	५८३	७७६	८५३

३.५	आइएस अडिट	२१०	२१०	२३१
३.६	कानुनी परामर्श सेवा	०	४३४	४७८
३.७	समिक्षा गोष्ठी	६००	१८१	२२२
३.८	रणनीतिक गोष्ठी	४४०	२५०	२७५
३.९	समूह सयोजक भेला	१३४	५२०	७०५
३.१०	लघुवित्त गोष्ठी	६०	६०	६०
३.११	सदस्य विस्तारित भेला	५५१	१४१	१७८
३.१२	सदस्य आबद्धता नविकरण शुल्क	६८	६५	७२
३.१३	सवारी तथा घरजग्गा दस्तुर	३०७	१४८	१६३
३.१४	व्यवसाय दर्ता तथा नविकरण शुल्क	१०३	५०	६५
३.१५	अक्कु सदस्यता नविकरण शुल्क	९९४	१०२	११२
(४)	**तालिम तथा क्षमता विकास कार्यक्रम**	४९१७	४५३८	४८५७
४.१	कर्मचारी क्षमता अभिवृद्धि	९००	१०६०	१२५०
४.२	समिति उप समिति क्षमता अभिवृद्धि	१९०	१२५४	७९१
४.३	सदस्य शिक्षा	२४४०	१४०४	१३००
४.४	जेष्ठ बचतकर्ता तिर्थाटन	९००	२००	२५०
४.५	अवलोकन भ्रमण	४५५	२७०	७५१
४.६	राष्ट्रिय/अन्तर्राष्ट्रिय गोष्ठी	६७५	३५०	५१५
(५)	**कार्यालय सञ्चालन**	२११२३	१६५७४	१७६६१
५.१	दैनिक भ्रमण भत्ता	१२०९	९१९	९९०
५.२	घरभाडा	४८६३	४२६२	४५६५
५.३	मसलन्द	१९४८	१७९२	१७७९
५.४	अतिथि सत्कार	३७९	२७३	२८६
५.५	इन्धन	१२७९	१२४३	१३५७
५.६	कार्यालय व्यवस्थापन	१३९२	१८४०	१८८५
५.७	यातायात तथा ढुवानी	२२७	२६८	२९४
५.८	कानुनी परामर्श	३५०	३५५	३९१
५.९	छपाई तथा प्रकाशन	१७३२	१२०६	१३२७
५.१०	बजार प्रवर्द्धन खर्च	६७६०	३८६	४३३
५.११	सेवा केन्द्र सञ्चालन	४५७	३५०	३५५
५.१२	सामाजिक तथा सामुदायिक कृयाकलाप	६७६	२४८	२६७
५.१३	ऋण लगानी तथा असुली व्यवस्थापन	८८८	२८८	३१७
५.१४	स्थापना दिवस	२०९	४०६	४४६
५.१५	पत्रपत्रिका तथा पुस्तक	६४	३१	३४
५.१६	सरसफाई	२९२१	१८४	२००
५.१७	सूरक्षा खर्च	१०२२	१११८	१२२७
५.१८	संस्थागत प्रभाव तथा सदस्य सर्भेक्षण	२५	२५	२५
५.१९	सम्पत्ति समान विक्रीबाट नोक्सान	०	१३	१५
५.२०	सदस्य परिचय पत्र	९९४	१०	११
५.२१	कार्यालय सजावट खर्च	३२९	३०५	३१६
५.२२	पूँजीगत खर्च	१२५	११९	१२५
५.२३	अन्य फूटकर खर्च	१३७०	९३३	१०१६
(६)	**जोखिम व्यवस्था खर्च**	**८८५८**	१३७५९	३४३६

६.१	ऋण सुरक्षण व्यवस्था खर्च	३८५८	६७५९	३४३६
६.२	गैरबैकिङ्ग सम्पत्ति सुरक्षण व्यवस्था खर्च		७०००	०
(७)	**सुचना तथा प्रविधि सम्बन्धी खर्च**	**५८८५**	४८०८	५३१७
७.१	टेलिफोन तथा संचार	९०८	८०८	८९२
७.२	नेटवर्किङ	२१३३	१६३०	१८२६
७.३	इन्टरनेट एडिएसएल	१२६	४०	५०
७.४	सफ्टेवेयर सेवा	१४४७	१४६६	१६०२
७.५	सूचना सम्प्रेषण खर्च	३९३	३८०	४१८
७.६	मोवाइल बैकिंग तथा SMS सेवा	८८५	४८४	५२९
(८)	**शुल्क तथा महशुल**	**२३८५**	२३६४	२५९०
८.१	एक्सेस तथा स्तरीकरण शुल्क	१२७	११०	१२१
८.२	बत्ति विजुली पानी	१२७८	१११०	१२११
८.३	नगद तथा स्थिर सम्पत्ति विमा नविकरण	९८१	११४४	१२५८
(९)	**सदस्य सुरक्षण खर्च**	**५९७६**	६४९८	६१४३
९.१	बचत सुरक्षण शुल्क	९२५	५८०	२३१
९.२	ऋण सुरक्षण शुल्क	०	७७१	२७१
९.३	सदस्य घनिष्ठता कार्यक्रम (बधाई शुभकामना र समवेदना आदि)	०	२९५	२८५
९.४	स्वास्थ्य तथा वातावरण संरक्षण सचेतना कार्यक्रम	०	१००	१०५
९.५	निःशुल्क रक्त तत्व सेवा	०	१५४	१९३
९.६	सदस्य सुरक्षण सेवा(विमा /राहत) कार्यक्रम	५०५१	४५९८	५०५८
(१०)	**अन्य खर्च**	**९८११**	९६९५	९४३८
१०.१	ह्रासकट्टि	९१७४	९०५१३	८७७३
१०.२	मर्मत संभार	६३७	६४४	६६५
	अनुमानित बचत(क-ख)	१३५१४८	६९४६६	८०५१०

२१. **स्थीर सम्पति खरिद तथा व्यवस्थापन** (रु."०००")

क्र.स	विवरण	मुख्य	खोपासी	बनेपा	पनौती	ढुंखर्क	पाँचखाल	भकुण्डे	वानेश्वर	जम्मा
	फर्निचर	२५०	५०	३०	५०	२५०	५०	५०	५०	७८०
NFRS 9 को Para 5.5 अन्तर्गत वित्तीय सम्पत्तिमा हुने नोक्सानीको व्यवस्था Expected Credit Loss Model का आधारमा गर्नुपर्ने प्रावधान रहेको छ। तर नेपाल लेखामान बोर्ड, नेपाल (Accounting Standards Board, Nepal) को १७२ औं बैठक, २०८२ श्रावण ३० गते (August 15, 2025) मा भएको निर्णय बमोजिम NFRS 9 को ECL सम्बन्धी प्रावधानमा वैकल्पिक व्यवस्था (Carve-out) जारी भएको छ। उक्त वैकल्पिक व्यवस्था अनुसार वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्था नियामक निकायको प्रचलित निर्देशन तथा नियमनका मापदण्ड बमोजिम निर्धारण गर्न सकिने र यो वैकल्पिक व्यवस्था आ.व. २०८२/०८३ सम्मको लागि लागू हुने गरी जारी भएको छ। तसर्थ यस संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशन को परिच्छेद ३ को बुँदा नं ४.१ बमोजिम ऋण जोखिम दर निर्धारण गर्दा खराब कर्जामा १०० प्रतिशत, १२ महिना भन्दा कम भाखा नाघेको कर्जामा ५० प्रतिशत, ६ महिना भन्दा कम भाखा नाघेको कर्जामा २५ प्रतिशत, भाखा ननाघेको वा ३ महिना भन्दा कम भाखा नाघेको कर्जामा १ प्रतिशत र तेम्रो पक्ष धितोमा १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ।

ख) NFRS 9(वित्तीय उपकरण- पहिचान तथा मापन (समायोजित व्याज दर(Effective Interest rate सम्बन्धी) :

NFRS 9 को Para 5.4 तथा Appendix A मा उल्लेखित समायोजित व्याज दर (Effective Interest Rate) सम्बन्धी प्रावधान अनुसार ऋण लगानीबाट हुने व्याज आम्दानी गणना गर्दा सेवा शुल्क, कमिशन, कारोबार लागत तथा अन्य प्रमियम वा डिस्काउन्टहरुलाई समायोजन गरी समायोजित व्याज दरमा गणना गर्नुपर्ने व्यवस्था रहेकोछ। तर नेपाल लेखामान बोर्ड, नेपाल (Accounting Standards Board, Nepal) को १७२ औं बैठक, २०८२ श्रावण ३० गते (August 15, 2025) मा भएको निर्णय बमोजिम उक्त प्रावधानमा वैकल्पिक व्यवस्था (Carve-out) जारी भएको छ। उक्त वैकल्पिक व्यवस्था अनुसार सेवा शुल्क तथा कमिशनलाई समायोजित व्याज दरमा समायोजन गर्नु अव्यवहारिक वा विश्वसनीय रुपमा निर्धारण गर्न नसकिने अवस्थामा, त्यस्ता शुल्क तथा कमिशनलाई प्रोदभावी (Accrual Basis) आधारमा आम्दानीको रुपमा लेखाङ्कन गर्न सकिने व्यवस्था रहेकोछ।

यसै वैकल्पिक व्यवस्था बमोजिम संस्थाले ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त व्याज आम्दानीको लागि समायोजित व्याज दरमा समायोजन नगरी पाकेको आधारमा आम्दानी लेखाङ्कन गर्ने नीति अवलम्बन गरेको छ। उक्त वैकल्पिक व्यवस्था आ.व. २०८२/०८३ सम्म लागू हुने गरी जारी भएको हुँदा संस्थाले प्रस्तुत वित्तीय विवरण तयार गर्दा सोही व्यवस्था अवलम्बन गरेको छ।

२.१.३. प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति :

संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०८२ श्रावण १ गते र अन्त्य २०८३ असार ३२ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ। संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण २०८३/०५/०७ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिस गरिएको छ।

२.२. वित्तीय विवरणको उत्तरदायित्व :

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ। समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ। वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् :

(क) संस्थाको असार मसान्त, २०८३ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान(आय विवरण) हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

के.बि.लामा स्याइतान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	प्रेम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी. साझेदार पि.बि.के.पी. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स्
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता पैताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

(ग) संस्थाको आर्थिक वर्ष २०८२/०८३ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८२/०८३ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), तथा

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा :

वित्तीय विवरणहरु संस्थाको कार्यात्मक मुद्रा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ । अङ्कहरु निकटतम रुपैँयामा परिणत गरी देखाइएको छ । यसले गर्दा हरेका अङ्कहरुको योग प्रस्तुत गरिएको योगफलसँग अलग हुन सक्दछ । यस बाहेक सबै प्रतिशतहरुलाई Rounding off गरी प्रस्तुत गरिएको छ ।

२.४. महत्वपूर्ण लेखाङ्कन निर्णय र अनुमान :

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गिकरण (Classification of Investment Property)

२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument) :

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा statistical Models को प्रयोग गरिन्छ ।

२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गिकरण (Classification of Financial Asset and Liabilities) :

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परिशोधित मूल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परिशोधित मुल्य) मा वर्गिकरण गरिएका,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएका,

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	प्रेम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी साझेदार पि.बि.के.पी. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स्

त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पौड्याल (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

- **Fair Value Through Other Comprehensive Income (FVTOCI)** मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याङ्कनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets) :

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था NFRS 9 को Para 5.5 अन्तर्गत Expected Credit Loss Model का आधारमा गर्नुपर्ने प्रावधान रहेको छ । तर नेपाल लेखामान बोर्ड, नेपाल (Accounting Standards Board, Nepal) को १७२ औं बैठक, २०८२ श्रावण ३० गते (August 15, 2025) मा भएको निर्णय बमोजिम NFRS 9 को ECL सम्बन्धी प्रावधानमा जारी भएको वैकल्पिक व्यवस्था (Carve-out) अनुसार वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्था नियामक निकायको प्रचलित निर्देशन तथा नियमनका मापदण्ड बमोजिम निर्धारण गर्न सकिने भएकोले संस्थाले बुँदा २.१.२(क) मा उल्लेख गरिएको वैकल्पिक व्यवस्था अवलम्बन गरेकोछ । यसै वैकल्पिक व्यवस्था बमोजिम संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड ,२०८२ को परिच्छेद ३ को बुँदा नं ४.१ बमोजिम ऋण जोखिम दर निर्धारण गरी नोक्सानी व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ ।

संस्थाको वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

२.४.४ गैरवित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था :

संस्थाले आवधिक रुपमा गैरवित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परीक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नु पर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१८ मा प्रस्तुत गरिएको छ ।

२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि :

संस्थाले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टिको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

२.४.६ कर तथा स्थगन कर :

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

कचालु कर :

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन, २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

स्थगन कर :

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विश्वासनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

२.४.७ परिभाषित लाभ दायित्व (Defined Benefit Obligation) :

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्मीचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता थेताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

P.B.K. & Associates Chartered Accountants

पि.बि.के.पी. एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

संस्थाले कर्मचारी प्रतिको निम्न दुई प्रकारका दायित्वहरुलाई परिभाषित लाभ दायित्व **'Defined Benefit Obligation'** को रुपमा पहिचान गरेको छः

- उपदान बापतको दायित्व
- सञ्चित बिदा बापतको दायित्व

संस्थाले उक्त दायित्वको मूल्याङ्कन खर्च स्वतन्त्र एक्चुअरी **(Actuary)** बाट गराएको छ। एक्चुरियल मूल्याङ्कनको लागि **Discount** दर, सम्पत्तिको अनुमानित प्रतिफल दर, अनुमानित तलब बढोत्तरीको दर, मृत्यु दर आदिको बारेमा विभिन्न धारणाहरु **(Assumptions)** अवलम्बन गरिएको हुन्छ।

संस्थाले उक्त परिभाषित लाभ दायित्वको अवधिसँग मिल्ने नेपाल सरकारद्वारा जारी ऋणपत्रको व्याजदरलाई **Discount** दरको रुपमा लिएको हुन्छ। उपरोक्त धारणाहरु उपलब्ध भएसम्म मिल्दोजुल्दो सार्वजनिक रुपमा उपलब्ध आधिकारिक तथ्याङ्कहरुलाई आधार बनाई अवलम्बन गरिएको हुन्छ। यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१३ मा प्रस्तुत गरिएको छ।

२.४.८ सम्भावित दायित्वको लागि व्यवस्था :

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा संस्थाको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएको दायित्वहरु पर्दछन्।

- दायित्व निःसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१८ मा प्रस्तुत गरिएको छ।

२.४.९ लगानी सम्पत्तीको वर्गिकरण :

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ। संस्थाले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ। भाडा वापत आम्दानी आर्जन गर्ने, पूँजीको मूल्यवृद्धिको लागि धारण गरिएको वा आफ्नै सञ्चालन/प्रशासनिक उद्देश्यका लागि प्रयोग नगरिएका सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरिन्छ। सञ्चालन, सदस्य सेवा प्रदान वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिएका जग्गा, भवन तथा अन्य सम्पत्तिलाई सम्पत्ति तथा उपकरणको रुपमा वर्गीकरण गरिन्छ। कुनै सम्पत्तिको एक भाग लगानी उद्देश्यका लागि र अर्को भाग आफ्नै प्रयोगका लागि रहेको अवस्थामा, उक्त अंशहरुलाई विश्वसनीय रुपमा छुट्याउन सकिने भएमा पृथक रुपमा वर्गीकरण गरिन्छ, अन्यथा प्रमुख उपयोगका आधारमा वर्गीकरण गरिन्छ। संस्थाले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि वर्गीकरण पुनरावलोकन गर्ने गरेको छ।

२.५ विगतमा अपनाईएको नीतिहरुबाट महत्वपूर्ण परिवर्तन :

NFRS ले लेखाङ्कनले निर्धारण गरेको आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखाङ्कन गर्दै, NFRS ले अवलम्बन गरेको सम्पत्ति र दायित्वकको अपलेखाङ्कन गर्दै र सम्पत्ति र दायितवको लेखाङ्कनमा NFRS को मापन लागू गर्दै संस्थाले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार पारेको छ।

यो वर्षको लेखा नीतिमा कुनै परिर्वतन गरिएको छैन।

२.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु :

प्रस्तुत वित्तीय विवरण तयार गर्दा संस्थाले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) का लागू भएका प्रावधानहरु अवलम्बन गरेको छ। यस आर्थिक वर्षको वित्तीय विवरणमा महत्वपूर्ण असर पार्ने कुनै नयाँ जारी भएका तर अनिवार्य रुपमा लागू नभएका नेपाल वित्तीय प्रतिवेदन मान वा संशोधन रहेको नभएको व्यवस्थापनको आँकलन रहेको छ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	जोकदर्शन कर्मार्चार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार छेत्री (अध्यक्ष)	पि.बि.के.पी. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स्
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता धितल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पाजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

२.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern) :

संस्थाको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुनसक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संस्था अविछिन्न रुपमा सञ्चालन हुनसक्ने पाएको छ । साथै व्यवस्थापनले सहकारीको अविछिन्न रुपमा सञ्चालन हुनसक्ने क्षमतामा ह्रास पुर्‍याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछिन्नतामा आधारित रहेर वित्तीय विवरणहरु तयार पारिएको छ ।

२.८ तुलनात्मक जानकारी :

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूनरवर्गीकरण गरिएका छन् ।

२.९ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरु :

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति असार ३२, २०८३ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

३ प्रमुख लेखा नीतिहरु :

३.१ मापनको आधार :

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।
- कर्मचारीहरुको लागि व्यवस्था गरिएको परिभाषित लाभ दायित्व (Defined Benefit Obligation) तथा Long service leave लाई NAS 19 बमोजिम उचित मूल्यका आधारमा मापन गरिएको छ ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेकों वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ, तर ऋण लगानीबाट प्राप्त हुने सेवा शुल्क तथा कमिशन आम्दानीको हकमा बुँदा २.१.२(ख) मा उल्लेख गरिएको वैकल्पिक व्यवस्था अवलम्बन गरिएको छ ।

३.२ व्यवसाय प्राप्ति र साख :

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखाङ्कन गरिएकोछ :

उक्त Acquisition Method को लागिः

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधनहरु सहकारीको पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चात्का व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा, संस्थाले प्रस्तुत वित्तीय विवरणहरु बनाउनु भन्दा पहिले गरिएका कुनै पनि व्यवसाय प्राप्तिका कारोबारहरुमा

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी. साझेदार पि.बि.के.पी. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

भएका कुनै पनि साख वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखाङ्कन गरेको छैन तर पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति २०७७ श्रावण १ गते पश्चातको व्यवसाय प्राप्तिमा भने Goodwill (साख) को लेखाङ्कन गरिएको छ।

३.३ नगद र नगद समान :

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई जनाउँदछ। प्रतिवन्धित मौज्दातलाई नगद र नगद समान समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ।

३.४ वित्तिय सम्पत्ति तथा दायित्व :

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अर्न्तगत पर्दछ। वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ। वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋणलगानी आदि पर्दछन्।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ। वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन्।

३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति :

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ। नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ।

३.४.२ वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन :

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ।

३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन :

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ। सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

३.४.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति :

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गिकरण गरी मापन गरिन्छ।

१. Business Model परीक्षण :

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्देश्य भएको।

२. नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षण :

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी. पार्टनर पि.बि.के.पी. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको व्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परीक्षणको लागि व्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित **Credit Risk** र सो को **Time Value of Money** को लागि भुक्तानी हुने व्याजलाई मात्र बुझिन्छ । **Fair Value Through Profit or Loss (FVTPL)** मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु **(Debt Instrument)** प्रभावकारी व्याज दर **(Effective Interest Rate)** को करिबी दर प्रयोग गरी परिशोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ । तर ऋण लगानीबाट प्राप्त हुने सेवा शुल्क तथा कमिशन आम्दानीको हकमा बुँदा २.१.२(ख) मा उल्लेख गरिएको वैकल्पिक व्यवस्था अनुसार पाकेको आधारमा आम्दानी लेखाङ्कन गरिएको छ ।

Amortized Cost मा मापन भई **Hedging** को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निःसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मूल्यमा पुनरवर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

३.४.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति :

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति **(Fair Value Through Profit or Loss),**

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति **(Fair Value Through Other Comprehensive Income)**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI) :

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गीकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा **(Equity)** मा भएको परिवर्तन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई **Equity** मा भएको परिवर्तन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको **Equity** शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

३.४.४ वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन :

NFRS 9 "वित्तीय उपकरण" **(Financial Instruments)** अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लीकेदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	नर्भम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	दिप प्रकाश कँडेल साझेदार पि.बि.के.पी. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स्	
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	कैशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)	

- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व :

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ। तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ। प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन।

३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व :

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गिकृत गरिएको छ। शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदर को प्रयोगबाट मापन गरिएको छ। सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ। यस व्यवस्थाले ऋण लगानीबाट प्राप्त हुने सेवा शुल्क तथा कमिशन आम्दानीको लेखाङ्कनमा बुँदा २.१.२(ख) मा उल्लेख गरिएको वैकल्पिक व्यवस्थालाई प्रभाव पार्ने छैन।

३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण :

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुनसक्छ। वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ। NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ। सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुनै प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ। यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ।

३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग :

३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग :

निम्न उल्लिखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछः

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ।

३.४.६.२ वित्तीय दायित्वको निसर्ग :

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार थिङ (अध्यक्ष)	
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

P.B.K.P & Associates Chartered Accountants

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ। यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ।

३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण :

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (Bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो। सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ। यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ। फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ। यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ। यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ। त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ। विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (significantly) फरक पर्न सक्दछ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ। यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ।

स्तर-१:- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

स्तर-२:- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि। यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ।

स्तर-३:- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि। यस वर्ग अर्न्तगत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन्। यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्दतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ।

३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी :

संस्थाले वित्तीय सम्पत्तिमा हुने नोक्सानी व्यवस्था बुँदा २.१.२(क) मा उल्लेख गरिएको नेपाल लेखामान बोर्ड, नेपालद्वारा जारी वैकल्पिक व्यवस्था (Carve-out) को अधिनमा रही निर्धारण गर्ने गरेको छ। उक्त वैकल्पिक व्यवस्था अनुसार ऋण तथा सम्बन्धित वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्था नियामक निकायको प्रचलित निर्देशन तथा नियमनका मापदण्ड बमोजिम निर्धारण गर्न सकिने भएकोले संस्थाले ऋण नोक्सानी व्यवस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्डको परिच्छेद ३ को बुँदा नं ४.१ बमोजिम गरेको छ।

ऋण जोखिम दर निर्धारण गर्दा संस्थाले ऋणको भाखा नाघेको अवधि, ऋणको वर्गीकरण, धितोको प्रकृति तथा नियामक निर्देशनमा तोकिएका मापदण्डहरुलाई आधार मानेको छ। यस आधारमा खराब ऋणमा १०० प्रतिशत, १२ महिना भन्दा कम भाखा नाघेको ऋणमा ५० प्रतिशत, ६ महिना भन्दा कम भाखा नाघेको ऋणमा २५ प्रतिशत, भाखा ननाघेको वा ३ महिना भन्दा कम भाखा नाघेको ऋणमा १ प्रतिशत र तेस्रो पक्ष धितोमा १०० प्रतिशतको दरले नोक्सानी व्यवस्था गर्ने नीति अवलम्बन गरिएको छ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्मीचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार थेवे (अध्यक्ष)	सिए प्रकाश के.सी साझेदार पि.बि.के एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता पितांल (सञ्चालक सदस्य)	बुद्धि मार्या लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन :

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दा संस्थाले बुँदा २.१.२(क) मा उल्लेख गरिएको वैकल्पिक व्यवस्था अनुसार नियामक निकायको प्रचलित निर्देशन तथा तोकिएका ऋण जोखिम दरका आधारमा आवश्यक व्यवस्था गणना गर्ने गरेको छ। यसै आधारमा गणना भएको नोक्सानी व्यवस्था नाफा नोक्सान खातामा खर्च जनाई सम्बन्धित वित्तीय सम्पत्तिको किताबी मूल्यलाई घटाएर प्रस्तुत गरिन्छ।

नोक्सानी व्यवस्थामा पछिल्लो अवधिमा कमी वा बढोत्तरी देखिएमा सो परिवर्तनलाई नियामक निर्देशन तथा स्वीकृत लेखा नीति बमोजिम सम्बन्धित अवधिमा नाफा नोक्सान खातामा आम्दानी वा खर्चको रुपमा लेखाङ्कन गरिन्छ। अपलेखन गर्नुपर्ने ऋण तथा अन्य वित्तीय सम्पत्तिको हकमा संस्थाले प्रचलित कानुन, नियमन तथा आन्तरिक नीति बमोजिम आवश्यक निर्णय गरी किताबी मूल्यलाई घटाउने गरेको छ।

३.४.८.२ NFRS 9 (वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी) :

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पीक व्यवस्थाको उपयोग गरिएको छ। तदअनुरुप, संस्थाले ऋण लगानीमा रु. ९२,७८०,५८६.६७ ऋण नोक्सानी व्यवस्था गरेको छ।

३.४.९ प्रचलित व्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी :

संस्थाले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नीतिको प्रावधान भित्र रही सहुलियत व्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ। कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित व्याज दरले **Discounting** गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ। ऋणको शुरुवाती **Transaction Price** तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा **Amortised Cost** मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ। सो ऋणको बजार मूल्यमा समायोजित व्याजदर अनुसार हुने व्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ।

३.४.१० Amortized Cost को मापन :

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई **Discount** गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई **Discount** गर्न प्रयोग भएको उक्त व्याज दरलाई समायोजित व्याजदर भनिएको छ। संस्थाले समायोजित व्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** मापन गर्ने गरेको छ। तर ऋण लगानीबाट प्राप्त हुने सेवा शुल्क तथा कमिशन आम्दानीको हकमा बुँदा २.१.२(ख) मा उल्लेख गरिएको वैकल्पिक व्यवस्था अनुसार उक्त शुल्क तथा कमिशनलाई पाकेको आधारमा आम्दानी लेखाङ्कन गरिएको छ।

३.५ लगानी सम्पत्ति (Investment Properties) :

लगानी सम्पत्ति भन्नाले संस्थाले भाडा आम्दानी आर्जन गर्न, पूँजीको मूल्यवृद्धिको लागि वा दुबै उद्देश्यका लागि धारण गरेका जग्गा वा भवन वा दुबैलाई जनाउँछ। संस्थाले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन तथा भाडामा प्रदान गर्ने

के.बि.लामा स्याहुतान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी. साझेदार पि.बि.के. पि.एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

उद्देश्यले धारण गरिएका भवनलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ। संस्थाको आफ्नै कार्यालय संचालन, सदस्य सेवा प्रदान वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिएका भवन तथा सम्पत्तिलाई लगानी सम्पत्तिमा नगणी सम्पत्ति तथा उपकरणको रुपमा वर्गीकरण गरिएको छ। संस्थाले लगानी सम्पत्तिलाई NAS 16 अनुसार ऐतिहासिक मूल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ र उक्त लगानी सम्पत्ति अन्तर्गतको भवनको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टि तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ। लगानी सम्पत्ति अन्तर्गतको भवनको अनुमानित उपयोग अवधि ५० वर्षको मानिएकोछ।

३.६ सम्पत्ति तथा उपकरण :

सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन्। संस्थाले NAS 16 - "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ।
संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ। लगानी सम्पत्तिसँग सम्बन्धित विवरण सम्बन्धित प्रकटीकरण टिप्पणीमा उल्लेख गरिएको छ।

३.६.१ पहिचानको आधार :

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ। संस्थाले रु ५,०००/- सम्म मूल्य पर्ने सम्पत्तिहरुलाई पूँजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ। संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू सम्पत्ति लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ।

३.६.२ मापनको आधार :

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ। लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ। उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ।

३.६.३ लागत मोडल (Cost Model) :

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "Cost Model" मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ। यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ।

३.६.४ पूनरमूल्याङ्कन Model :

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पूनरमूल्याङ्कन Model अपनाएको छैन तर निम्न स्थिर सम्पत्ति(जग्गा)को किताबी मूल्य उक्त सम्पत्ति(जग्गा)को उचित मूल्यसँग सारभूत रुपमा फरक परेको सन्दर्भमा जानकारीको लागि मात्र खुलासा गरिएको छ ।

विवरण	किताबी मूल्य	उचित मूल्य
साविक ढुंखर्क, कित्ता नं ८०१	१,८०२,०००.००	३,७३५,२९२.९७
साविक खोपासी, कित्ता नं १८६७ र १९७३	९०९,५००.००	९,२८५,४६८.७५
बनेपा, कित्ता नं २४६८	४३,७५५,२४०.००	८७,८६९,०००.००
पनौती, कित्ता नं १३०३ र १५२६	१,१५५,०००.००	४,९७२,४५०.००
जम्मा	४७,६२१,७४०.००	१०५,८६२,२११.७२

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्मीचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्ति कुमार हेडु (अध्यक्ष)	पि.बि.के.पी. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता थापाल (सञ्चालक सदस्य)	बुद्धि मायी लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

३.६.५ निसर्ग (Derecognition) :

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.६.६ पुँजीकृत नगरिएका स्थिर सम्पत्ति :

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शीर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरुलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शीर्षकबाट स्थिर सम्पत्तिको लागतको रुपमा रकमान्तर गरि पूँजीकृत गरिन्छ ।

३.६.७ ह्रासकट्टि :

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टि प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । संस्थाका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

सम्पत्तिको प्रकृति	अनुमानित उपयोग अवधि
भवन	५० वर्ष
विधुतिय सामग्री	५ वर्ष
परिवहन साधन	१० वर्ष
फर्निचर तथा फिक्सर	१० वर्ष
मेटल एण्ड स्टिल सम्पत्ति	१० वर्ष
अन्य सम्पत्ति	५ वर्ष
प्लान्ट एण्ड मेसिनरी	५ वर्ष
आर.ओ.यू सम्पत्ति	पट्टाको अवधि
लीज होल्ड सम्पत्ति	पट्टाको अवधि

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

३.६.८ अनुमानमा परिवर्तन :

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्मचार्य (सञ्चालक सदस्य)	धर्म बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश तिवारी साझेदार पि.बि.के.पी. एण्ड एशोसियेट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

३.७ साख तथा अभौतिक सम्पत्ति लेखाङ्कन :

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ।

अमूर्त सम्पत्तिको लेखाङ्कन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ। शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाङ्कन गरिन्छ। अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाङ्कन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रुपमा पूँजीकरण गरिदैन।

३.७.१ साख (Goodwill) :

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संस्था प्राप्तिको लागि तिरेको मूल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व (Non Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्व को योगफलबाट उक्त प्राप्ति गर्न लागेको संस्थाको खुद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ। साखलाई सोको लागत मूल्यबाट सोमा भएको सञ्चित क्षयीकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ। प्रस्तुत वित्तीय विवरणमा संस्थाको एकिकरण गर्दाको अवस्थामा सिजृना भएको साख (Goodwill) रहेको छ।

साख आवंटित गरिएको नगद उत्पादक इकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ :

- वार्षिक अथवा
- हानीको कुनै संकेत भेटिएमा

साखको क्षयीकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक इकाईको प्राप्ति योग्य रकमसँग इकाईको किताबी मूल्यसँग तुलना गरी गर्ने गरिन्छ। यसरी तुलना गर्दा यदि इकाईको प्राप्ति योग्य रकम इकाईको किताबी मूल्य भन्दा बढि भएको अवस्थामा साखमा क्षयिकरणको पहिचान गरिछ। प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक इकाईको उचित मूल्य रहित लागत को निपटान (Fair Value less cost to sell) र उपयोग को मूल्य मध्ये जुन बढि हुन्छ त्यसलाई मान्ने गरिन्छ। संस्थाले यसै सन्दर्भमा आर्थिक वर्षको अन्त्यमा व्यापार संयोजनको क्रममा पहिचान गरिएको साख आवंटित गरिएको नगद उत्पादक इकाईमा क्षयीकरणको परीक्षण गरेको छ। यसरी परीक्षण गर्दा संस्थाले व्यापार संयोजनको क्रममा प्राप्ती गरेको बानेश्वर सेवा कार्यालयलाई एक नगद उत्पादक इकाईको रुपमा पहिचान गरी उक्त इकाईमा साख आवंटित गरेको छ। सोही अनुरुप उक्त नगद उत्पादक इकाईको प्राप्ति योग्य रकम निम्न प्रकारले गणना गरिएको छ :

विवरण	आ.व २०८२/८३	आ.व २०८१/८२
नगद उत्पादक इकाईको किताबी मूल्य	१,५१०,७३०.१६	१,५१०,७३०.१६
साखको किताबी मूल्य	३,०१३,०३१.७८	३,०१३,०३१.७८
जम्मा किताबी मूल्य (१)	४,५२३,७६१.९४	४,५२३,७६१.९४
नगद उत्पादक इकाईको उचित मुल्य रहित लागत को निपटान (क)	१,५१०,७३०.१६	१,५१०,७३०.१६
उपयोग को मूल्य (ख)	६८,८७८,१५३.३६	६,९७२,७७३.५०
प्राप्ति योग्य रकम (क) र (ख) मध्ये बढी (२)	६,९७२,७७३.५०	६,९७२,७७३.५०
क्षयीकरण (१)–(२)	-	-

माथि प्रस्तुत विवरण अनुसार नगद उत्पादक इकाईको प्राप्ति योग्य रकम, उपायोग को मूल्यलाई आधार मानेर गरिएको छ। उपयोग को मूल्य गणना गर्दा भविष्यमा हुने संस्थाको नगद प्रवाहलाई १० प्रतिशतका दर ले वर्तमान मूल्यमा discount गरिएको

के.बि.लामा स्याइतान (प्रमुख कार्यकारी अधिकृत)	जोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	धिर्म बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी साझेदार एम.बि.के.पी.एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

छ। यसरी ५ वर्षको नगद प्रवाह प्रक्षेपण गर्दा हाल संस्थाको नाफा नोक्सानको औसत वृद्धिदर २० प्रतिशतलाई आधार मानी गरिएको छ भने ५ वर्ष पश्चात्तको सम्पूर्ण नगद प्रवाहलाई १० प्रतिशतको दरले वर्तमान मूल्यमा **discount** गरिएको छ।

३.७.२ अभौतिक सम्पत्ति :

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि संस्थाले **NAS 38** को प्रावधानलाई अपनाएको छ। संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाङ्कन गर्ने गरेको छः

- लागतको मापन गर्ने सकिने भएको
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रुपमा लेखाङ्कन गरिएको छ।

३.७.३ कम्प्युटर सफ्टवेयर :

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयीकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ। आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन **(Amortization)** गरिन्छ।

३.७.४ अभौतिक सम्पत्तिको निसर्ग :

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ। यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ।

३.७.५ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी :

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ। साख **(Goodwill)** बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्दति **(Straight Line Basis)** अनुसार परिशोधन गरिएको छ। अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पूनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ। संस्थाले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक समपत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा राखेको छ।

अभौतिक सम्पत्तिको वर्ग	अनुमानित उपयोग अवधि
सफ्टवेयर	५ वर्ष

३.८ आयकर :

संस्थाले आयकर लेखाङ्कन **NAS 12 – Income Tax** को प्रावधान बमोजिम गर्ने गरेको छ। आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ।

जेथा **(Equity)** मा भएको परिवर्तन सम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सिर्जित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ। चालु आयकर सम्बन्धी थप जानकारी बूँदा नं ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.५ मा प्रस्तुत गरिएको छ।

३.८.१ वित्तीय विवरण अवधिको कर :

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो। आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानून बमोजिम वासलात मितिमा लागू भएका दर हुन्। सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन,२०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्मोचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	एस प्रकाश के.सी साझेदार फर्म के.पी. पाण्डे एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता पौडाल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

३.८.२ स्थगन कर :

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखाङ्कन गरिन्छ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन। स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ।

यस कारण आर्थिक वर्ष २०८२/०८३ को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागू हुने परिवर्तित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ।

संस्थाको नीति अनुसार स्थगन कर कोषमा कूल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याईएको छ।

३.९ पट्टा दायित्व :

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 - Lease को प्रावधान बमोजिम गरेको छ। NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ। NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ। यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण ४.७ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत व्याज खर्चमा देखाइएको छ।

पहिचान :

पट्टको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ। NFRS 16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ।

छुटको सुविधा लिन सकिने पट्टाहरु :

- छोटो अवधि (१२ महिना भन्दा कम) वा
- अन्तर्निहित सम्पत्तिको मूल्य कम भएको

प्रारम्भिक मापन :

पट्टा दायित्वको मापन :

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ।

संस्थाले पट्ट्दारको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

आर.ओ.यू सम्पत्ति :

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाङ्कन गरिन्छ। आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् :

- आर.ओ.यू सम्पत्ति =प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

पछिको मापन (Subsequent Measurement) :

आर.ओ.यू सम्पत्ति :

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	धर्म बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी ★ Kathmandu Nepal चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता थिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई, पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ। संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाङ्कन गर्ने गरिएको छ।

पट्टा दायित्व :

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ। पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने व्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

खर्चको पहिचान र मापन :

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- पट्टा दायित्वमा व्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२८ ह्रास कट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा व्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२० अन्तर्गत प्रस्तुत गरिएको छ।

३.१० सम्भावित दायित्वहरु :

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 - Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ। सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुनसक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु :

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको।
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको।

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ। सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ।

३.११ आयको पहिचान :

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 - "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	दिगदर्शन कर्मीचार्य (सञ्चालक सदस्य)	पिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	प्रिए. प्रकाश के.सी साझेदार पि.बि.के.पी. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स्
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता थापाल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

३.११.१ व्याज आम्दानी :

व्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त व्याज रकमहरु समावेश हुन्छ । यसरी व्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ।

संस्थाले धितोको "खूद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा व्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त व्याजलाई व्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व २०८२/८३ मा रु १३,२२४,०३०.८६ र आ.व २०८१/८२ मा रु ९,३७७,२२८.५५ व्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।
व्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४.१९ मा प्रस्तुत गरिएको छ।

३.११.२ शुल्क तथा कमिशन आय :

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ।
शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण बुँदा नं. ४.२१ मा प्रस्तुत गरिएको छ।

३.११.३ लाभांश आम्दानी :

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ।
बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ।
संस्थाले प्राप्त गरेको लाभांश आम्दानीको विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ।

३.११.४ खुद व्यापारिक आम्दानी :

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने व्याज, लाभांश तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ। हाल संस्था कुनै प्रकारको खूद व्यापारिक आम्दानी भने रहेको छैन।
यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ।

३.११.५ अन्य सञ्चालन आम्दानी :

व्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ। विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।
यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ।

३.११.५.१ विदेशी मुद्राका कारोबारबाट हुने नाफा नोक्सानी :

विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वको दिनानुदिन सो विदेशी मुद्राको विनिमयमा भएको परिवर्तनको कारणले हुने नाफा वा नोक्सानीलाई नाफा नोक्सान खातामा अन्य सञ्चालन आम्दानी अन्तर्गत प्रस्तुत गर्ने गरिएको छ।

३.११.५.२ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान):

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ।

३.१२ व्याज खर्च :

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन भर्मौचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त हुमागाई (अध्यक्ष)	K.P. Bhandari & Associates के.पि. भण्डारी एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता पौडाल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

सदस्यहरुको बचत निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको व्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ। यस सम्बन्धी थप जानकारी बुँदा नं ४.३० मा प्रस्तुत गरिएको छ।

३.१३ कर्मचारी खर्च :

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ। सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन्। कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ।

संस्थाले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका दायित्वलाई कर्मचारी खर्च मानिएको छ। कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन्:

३.१३.१ अल्पकालीन कर्मचारी खर्चहहरु :

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन्। अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ। सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ।

३.१३.१.१ कर्मचारी बोनस खर्च :

संस्थाले बोनस ऐन, २०३० र आफ्नो मानव संशाधन व्यवस्थापन नीति बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ। संस्थाले चालु कर दायित्व व्यवस्था अघिको नाफाको १०% का दरले कर्मचारी बोनस व्यवस्था गरेको छ।

यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२६ मा प्रस्तुत गरिएको छ।

३.१३.२ रोजगार पछिको सुविधा जस्तै:

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)
- अन्य रोजगार पछिको लाभ जस्तै रोजगार पछिको जीवन विमा, रोजगार पछिको औषधोपचार सेवा

३.१३.२.१ परिभाषित योगदान योजना :

NAS 19 -कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ। तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ। संस्थाले १ वर्ष प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ। माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनी पहिचान गरिएको छ।

३.१३.२.२ परिभाषित लाभ योजना :

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो। यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ।

उपदान :

संस्थाको नीति अनुसार नियुक्त भएका कर्मचारीहरुको सेवा अवधिको आधारमा उपदानको निम्ति व्यवस्था गरिन्छ। उपदान अन्तर्गत पूरा दायित्वको हिसाब निर्धारण गर्न प्रत्येक वर्ष विमाङ्किक मूल्याङ्कन गरिन्छ।

संस्थाको परिभाषित लाभ दायित्व गणना गर्नको निम्ति कर्मचारीले वर्तमान तथा पूर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी वर्तमान मूल्य निर्धारण गरिन्छ र त्यसमा योजना सम्पत्तिको उचित भ्यालु घटाएर खूद रकम वित्तीय अवस्थाको विवरणमा देखाइन्छ। योजना सम्पत्तिको मूल्य आर्थिक लाभको आजको मूल्य योजनाबाट रिफण्डको रुपमा प्राप्त हुने अथवा भविष्यको योजना योगदानबाट घट्ने रकममा सिमित हुन्छ। आर्थिक लाभको आजको मूल्य निर्धारण गर्न संस्थाको कुनै योजनामा लागू हुने न्युनतम लगानी आवश्यकतालाई विचार गरिन्छ। योजना दायित्वको राफसाफ गर्दा वा योजनाको समयावधिमा लाभ प्राप्त भएमा संस्थालाई आर्थिक लाभ उपलब्ध हुन्छ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कैमाचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	रिता प्रसाद के.सी सार्फदार पि.बि.के.पी. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता पैंताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

वार्षिक अवधिको शुरुवातमा हिसाब गरिने परिभाषित लाभ दायित्वको **Discount** दर लागू गरी संस्थाले निर्धारित लाभ दायित्वको व्याज खर्चको निर्धारण गर्छ । सरकारी ऋणपत्र जसको अवधि परिभाषित लाभ योजनाको अवधि समान हुन्छ त्यसको औषत **Yield** लाई आधार मानेर **Discount** दरको निर्धारण गरिन्छ ।

कर्मचारीले सेवा दिए वापत उपदान दायित्वको वृद्धिलाई नाफा नोक्सान विवरणको कर्मचारी खर्च अन्तर्गत खुद व्याज खर्चका साथ देखाइएको छ । संस्थाको दायित्वको हिसाब गर्दा उपदानमा आउने कुल विमाङ्किक नाफा नोक्सानलाई अन्य विस्तृत आम्दानीमा देखाइएको छ ।

मूल्याङ्कन गर्दा **Demographic assumptions** स्वरुप सेवा निवृत्ति उमेर ६० वर्ष वा ३० वर्षको सेवा अवधि, सेवाबाट पूर्व अवधि अवकाश, स्वेच्छिक अवकाश र स्वास्थ्यका कारण अवकाश जस्ता निवृत्तिहरु लिइएका छन् ।

३.१३.३ अन्य दिर्घाकालीन कर्मचारी सुविधा :

कर्मचारी बिदा वापतको खर्च :

(क) संस्थाको स्वीकृत नीति बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्:

सञ्चित हुने, र सञ्चित नहुने ।

ग) संस्थाले बिदा वापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछः

सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा,

सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा ।

(घ) घर बिदा बढिमा ९० दिन र बिरामी बिदा बढिमा ४५ दिन प्रत्येक शीर्षकमा सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ । कुल बढिमा सञ्चित गर्न सकिने दिनको अवधिभन्दा बढि सञ्चित भएको विदा वापतको रकमलाई प्रत्येक वर्षको वैशाख महिनामा नगदमा भुक्तानी गरिन्छ । प्रत्येक वर्षको असार मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको विदा मध्ये उपयोग नभई बाँकी रहेको विदा अवधिलाई संस्थाको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो वापतको खर्च व्यवस्था गरिन्छ ।

ङ) विदा वापतको दायित्वको गणना गर्दा संस्थाले **Actuarial Valuation** गरेको छ ।

३.१४ पट्टा :

संस्थाले पट्टा **(Lease)** को पहिचान, मापन तथा लेखाङ्कन **NFRS 16 - Lease** को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर **(Straight Line Basis)** गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेकोछ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत व्याज खर्चमा देखाइएको छ ।

३.१५ विदेशी विनिमय कारोबार :

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.१६ शेयर पूँजी र जगेडा कोषहरु :

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरिकहरु कम्तिमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लीकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	सिए प्रकाश के.सी. पि.बि.के.पी. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिल घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, **Convertible Instrument** आदि रहेको छैन। संस्थाले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ।

३.१६.१ कोषहरु :

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, स्थिरीकरण कोष, कर्मचारी बोनस तथा कल्याणकारी कोष, घाटापुर्ति कोष, **NFRS** समायोजन कोष, विमाङ्किक कोष, विशेष उपचार कोष, विपत व्यवस्थापन कोष, कर्मचारी कल्याणकारी कोष, ऋण सुरक्षण व्यवस्था कोष र गैरबैकिङ्ग सम्पत्ति व्यवस्था कोष पर्दछन्।

३.१६.१.१ NFRS समायोजन कोष :

संस्थाले **NFRS** बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस **NFRS समायोजन** कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ। यस कोष अन्तर्गत व्याज मुल्तवीबाट जनाईएको व्याज आम्दानी, स्थगन कर सम्पत्ति बराबरको रकम र एनएफआरएस बमोजिम जनाइएको ख्याति पर्दछन्।

३.१६.१.२ साधारण जगेडा कोष :

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले **NFRS** कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट **NFRS** समायोजन कोषमा बाँडाफाँड पछिको रकमको कम्तिमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएकोछ।

३.१६.१.३ संरक्षित पूँजी फिर्ता कोष :

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले **NFRS** कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट **NFRS** समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ। संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ।

३.१६.१.४ सहकारी प्रवर्द्धन कोष :

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले **NFRS** कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट **NFRS** समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति लिएको छ। सहकारी प्रवर्द्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७० अनुसार संघीय सहकारी रजिष्ट्रारको कार्यालय अन्तर्गतको कोषमा जम्मा गनुपर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ।

३.१६.१.५ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष :

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुः सामुदायिक विकास कोष, स्थिरीकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस तथा कल्याण कोष, संस्था विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ तर संस्थाले **NFRS** खुद मुनाफाबाट **NFRS** समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड पछिको रकमको ५ प्रतिशत प्रत्येक माथि उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लिएको छ।

३.१६.१.६ विमाङ्किक कोष :

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)		पि.के.पी. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स्
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता धिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)	

NAS-19 Employee Benefit अन्तर्गत परिभाषित कर्मचारी दायित्व मापनमा एक्च्युरियल धारणा (Actuarial Assumption) मा भएको परिर्वतनको कारणले हुने फरकलाई यस शीर्षकमा समायोजन गरिन्छ। यो कुनै जगेडा कोष हैन। यस शीर्षकको रकममा हुने परिर्वतनलाई अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत गरी यस शीर्षकमा समायोजन गरिन्छ।

३.१६.१.७ अन्य कोष :

संस्थाको विनियम अनुसार संस्थाले विभिन्न उद्देश्य हासिल गर्न निम्न स्वतन्त्र कोषहरु खडा गरेको छ।

३.१६.१.७.१ विशेष उपचार कोषः

सदस्यहलाई प्राणघातक रोग लागेको अवस्थामा रु २०,०००।- सम्म सहयोग गर्ने उद्देश्यले सदस्यहरुको योगदानमा आधारित विशेष उपचार कोष खडा गरी संचालन गरेको छ।

३.१६.१.७.२ विपत व्यवस्थापन कोषः

सदस्यहरुलाई प्राकृतिक प्रकोप, महामारी आदिमा प्रभावित हुँदा सहयोग गर्ने उद्देश्यले विपत व्यवस्थापन कोष खडा गरी संचालन गरेको छ ।

३.१६.१.७.३ जोखिम व्यवस्थापन कोषः

प्राकृतिक प्रकोप, महामारी, वित्तीय तथा गैह्र वित्तीय जोखिम प्रभावित हुँदा सहयोग तथा जोखिम न्यूनिकरण गर्ने उद्देश्यले विपत व्यवस्थापन कोष खडा गरी संचालन गरेको छ।

३.१७ प्रतिशेयर आम्दानी :

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्याङ्कलाई प्रस्तुत गर्छ। आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ तर संस्थाले भारित औसत शेयरधनीको संख्यको सट्टा आर्थिक वर्षको अन्त्यमा रहेको शेयरधनीको संख्यको प्रयोग गरेको छ। Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औषत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ।

३.१८ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था :

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ। उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ। नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ। यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ।

३.१९ नगद प्रवाह विवरण :

संस्थाले नगद प्रवाहको विवरण NAS 07 - Statement या Cash Flows को Direct method अनुसार तयार गरेको छ। नगद मौज्दातमा भएको उतारचढावलाई यस विवरणले चित्रित गरेको हुन्छ।

प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छः

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

३.२० प्रस्तावित लाभांश :

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त हमाल (अध्यक्ष)		
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि मार्या लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद परजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)	

P.B.K. & Associates
Chartered Accountants
Nepal
पि.बि.के. एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ। अन्तरिम लाभांश घोषणा पछि संस्थाको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ। रिपोर्टिङ्ग मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ।

३.२१ तुलनात्मक रकम :

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुनःवर्गीकरण गरिएका छन्।

३.२२ आन्तरिम वित्तिय रिपोर्टिङ्ग :

वित्तीय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ। ती रिपोर्टहरु आवश्यकता अनुसार प्रकाशित गरिएको छ तर संस्थाले अन्तरिम रिपोर्टहरुका तथ्याङ्कहरुलाई NFRS अनुसार लेखाङ्कन गरी प्रस्तूत गर्ने गरेको छैन।

५. प्रकटीकरण तथा थप जानकारी :

५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य :

५.१.१ बजार मूल्य मापनको श्रेणीकरण :

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छः

श्रेणी १

यस श्रेणीमा बजार मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन विना लिइन्छ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बीच खरिद विक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मूल्य निर्धारण गर्ने छनौटमा पर्छ।

श्रेणी २

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्का आधारमा गर्ने गरिएको हुन्छ। यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्:

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य
- वित्तीय उपकरणहरुको बजार मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याय उपलब्ध हुँदा मात्र गरिन्छ।

यदि कुनै वित्तीय उपकरणको बजार मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सो को बजार मूल्य मूल्याङ्कनको विभिन्न पद्दति अपनाएर गर्ने गरेको हुन्छ। उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको बजार मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरि मूल्य निर्धारण गर्ने गरिएको हुन्छ। वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई बजार मूल्यको रुपमा लिईन्छ।

श्रेणी ३

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याय्नका विभिन्न पद्दति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्दतिबाट आएको मूल्यलाई बजार मूल्यको रुपमा लिने गरिन्छ। मूल्याङ्कनपद्दतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको **Net Present Value / Discounted Cash Flow Model** अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ।

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेशी प्रसाद पराजुली (सञ्चालक सदस्य)	कैशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

P.M.K.P & Associates ★ Kathmandu ★ Nepal
सिए प्रकाश मानन्धर साझेदार
पि.बि.के.पी. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स

५.१.१.२ बजार मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरण :

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मूल्यमा लेखाङ्कन र प्रस्तुत गर्ने गरेको छः

➢ अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएका लगानी

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचीकृत मूल्य उपलब्ध भएसम्म सो मूल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्याङ्कका आधारमा गरिन्छ। संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मूल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरु निम्न प्रकार रहेका छन्:

विवरण	२०८३ असार मसान्त	२०८२ असार मसान्त	श्रेणी
इक्विटी उपकरणहरु			
सुचिकृत शेयर	-	-	श्रेणी १
सुचिकृत नगरिएको शेयर	२२,८८७,८००.००	२२,८८७,८००.००	श्रेणी ३
कुल लगानी	२२,८८७,८००.००	२२,८८७,८००.००	

५.२ सम्बन्धित पक्षहरुको विवरण :

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा सञ्चालन सम्बन्धि निर्णयहरुलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरु सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरुमा सहायक कम्पनीहरु, सम्बद्ध कम्पनीहरु, संस्थाका मुख्य शेयरधारकहरु, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरु र उनीहरुका नजिकका पारिवारिक सदस्यहरु पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरु भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरुहरुसँग त्यस्तै शर्तहरुमा कारोवार गर्दछ।

५.२.१ संस्थाका सञ्चालकहरु र मुख्य व्यवस्थापकहरुः

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरु सम्बन्धि योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ। संस्थाले यस परिभाषा अनुरुप संस्थाको सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरुलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरुको रुपमा पहिचान गरेको छ।

असारमसान्त २०८३ मा संस्थाको सञ्चालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतका रुपमा निम्न उल्लेखित व्यक्तिहरु रहेका छन् :

- शान्त कुमार श्रेष्ठ — अध्यक्ष
- रामु हरि शर्मा तिमल्सिना — उपाध्यक्ष
- डोरेन्द्रराज सापकोटा — सचिव
- भिम बहादुर खत्री — कोषाध्यक्ष
- लोक दर्शन कर्मचार्य — सदस्य
- पुनम घिमिरे — सदस्य
- केशव थापा — सदस्य
- गणेश प्रसाद पराजुली — सदस्य
- बुद्धिमायाँ लामा — सदस्य
- सुनिता धिताल — सदस्य
- जमुना खड्का — सदस्य
- के.बी. लामा स्याङ्तान — प्रमुख कार्यकारी अधिकृत

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत) | लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य) | भिम बहादुर खत्री (कोषाध्यक्ष) | डोरेन्द्रराज सापकोटा (सचिव) | रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष) | शान्त कुमार श्रेष्ठ (अध्यक्ष)

त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत | जमुना खड्का (सञ्चालक सदस्य) | सुनिता धिताल (सञ्चालक सदस्य) | बुद्धि मायाँ लामा (सञ्चालक सदस्य) | गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य) | केशव थापा (सञ्चालक सदस्य) | पुनम घिमिरे (सञ्चालक सदस्य)

क) सञ्चालक समितिका सदस्यहरुको भत्ता तथा सुविधाहरुः

सञ्चालक समितिका सबै सदस्यहरु गैर कार्यकारी सञ्चालक हुन् । २०८१ साल असोज ११ र १२ गते सम्पन्न भएको संस्थाको ३१ औ वार्षिक साधारण सभाको स्वीकृती बमोजिम सञ्चालक समितिका अध्यक्ष तथा अन्य सञ्चालकलाई निम्न सेवा सुविधा तथा बैठक भत्ता प्रदान गरिएको छ ।

प्रति बैठक भत्ता : ३,०००।-(तीन हजार)

संचार खर्च (अध्यक्ष) : २,५००।-(दुई हजार पाँच सय)

संचार खर्च (अन्य) : १,५००।-(एक हजार पाँच सय)

ईन्टरनेट सुविधा (अध्यक्ष) : १,१५०।-(एक हजार एक सय पचास)

आ.व. २०८२/८३ मा गैरकार्यकारी सञ्चालकहरुलाई प्रदान गरिएको कूल भत्ता तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :

सञ्चालक समिति बैठक भत्ता रु. १०,५९,५००.००(दश लाख उनान्साठी हजार पाँच सय रुपैया मात्र)

अन्य सुविधाहरु रु. २,२९,८००.०१.(दुई लाख उनान्तीस हजार आठ सय रुपैयाँ १ पैसा मात्र)

ख) सञ्चालक समितिका सदस्यहरुलाई प्रदान गरिएको कर्जा : सञ्चालकहरुलाई ऋण प्रदान नगरिएको ।

ग) संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलव तथा सुविधाहरु

आ.व. २०८२/८३ मा प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलव तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :

तलब तथा सुविधाको प्रकृति	कुल रकम रु	कैफियत
अल्पकालिन सुविधा	१८,०९,६२९.००	व्यवस्थापन तहका कर्मचारीको तलब, संचयकोष तथा भत्ता (व्यवस्थापन तहमा सहायक प्रवन्धक तह र सो भन्दा माथिका कर्मचारीहरु पर्दछन् ।
सेवा अवधि पश्चातको सुविधा	१,७३,२५६.००	
अन्य दिर्घकालिन कर्मचारी सुविधाहरु	५४,१४३.००	
अन्य दिर्घकालिन कर्मचारी सुविधाहरु	१,०१,०६६.००	बिरामी बिदा र वार्षिक बिदा
अवकाश सुविधा	०	योग्यता पुगेका व्यवस्थापन तहका कर्मचारीहरुलाई उपदान सुविधा

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता घिमाल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

P.B.K.P & Associates Chartered Accountants Kathmandu Nepal

सिए प्रकाश के सी साझेदार
पि.बि.के.पी. एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

अन्य जानकारीः

क) संस्थाको कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी नीति अनुसार प्राप्त गर्ने सुविधाहरु।

ख) बोनस ऐन अनुसार प्राप्त गर्ने बोनस।

हाल मुख्य व्यवस्थापनमा निम्न पदाधिकारीहरु समावेश हुनुहुन्छ।

१) के..बी लामा स्याङ्तान	प्रमुख कार्यकारी अधिकृत
२) त्रिलोचन घिमिरे	नायब प्रमुख कार्यकारी अधिकृत
३) मित्र प्रसाद दाहाल	कार्यालय व्यवस्थापक
४) रामचन्द्र थापा	कार्यालय व्यवस्थापक
५) अमित राजकर्णिकार	विभागीय प्रमुख, ऋण तथा लघुवित्त विभाग
६) सुरज अधिकारी	कार्यालय व्यवस्थापक
७) अनिल पहरी	कार्यालय व्यवस्थापक
८) राजेश कार्की	कार्यालय व्यवस्थापक
९) प्रविन धिताल	कार्यालय व्यवस्थपक
१०) बलराम अधिकारी	कार्यालय व्यवस्थापक

५.३ मर्जर तथा एक्विजिसन :

संस्थाले आर्थिक वर्ष २०८२/८३ मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन।

५.४ रिपोर्टिङ अवधि पछिका घटनाहरु :

रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बीचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरुलाई रिपोर्टिङ अवधि पछिका घटनाहरु भनिन्छ।

रिपोर्टिङ अवधि पछिका घटनाहरुको लेखाङ्कन र रिपोर्टिङको लागि **NAS-10 "Events after the Reporting Period"** को पालना गरिन्छ।

रिपोर्टिङ अवधि पछिका समायोजन हुने घटनाहरु :

रिपोर्टिङ अवधि पछि समायोजन गर्नुपर्ने घटनाहरु कुनै रहेको छैन।

रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटनाहरु :

आ.व. २०८२/०८३ को लागि चुक्ता पूँजीको ३.३० प्रतिशत नगद लाभांश (रकममा रु. १,७९,२६,८५६।३५ हुने) भाद्र ७, २०८३ मा बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरेको छ। नगद लाभांश संचित मुनाफाबाट बाँडिने छ।

संस्थाले माथि उल्लेख गरिएको प्रस्तावित नगद लाभांश लाई **NAS 10 "Event After the Reporting Period"** अनुसार रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटना मानेको हुनाले आ.व. २०८२/०८३ को वित्तीय विवरणमा उक्त घटनाहरुलाई समायोजन गरेको छैन। शेयरधनीहरुद्वारा साधरण सभामा लाभांशको प्रस्ताव पारित भए पश्चात् संस्थाले उक्त लाभांशको समायोजन तथा लेखाङ्कन गर्नेछ।

५.५ भारित औसत व्याजदरको अन्तर

विवरण	दर
ऋण तथा सापटीमा भारित औषत व्याज दर	९.४९
निक्षेप तथा ऋणमा भारित औषत व्याज दर	४.९८
खुद भारित औषत व्याज दर अन्तर	४.५१

५.६ पूँजीकोष पर्याप्ताको विवरण *(रु.हजारमा)*

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)	लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)	भिम बहादुर खत्री (कोषाध्यक्ष)	डोरेन्द्रराज सापकोटा (सचिव)	रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)	शान्त कुमार श्रेष्ठ (अध्यक्ष)	
त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत	जमुना खड्का (सञ्चालक सदस्य)	सुनिता धिताल (सञ्चालक सदस्य)	बुद्धि माया लामा (सञ्चालक सदस्य)	गणेश प्रसाद पाजुली (सञ्चालक सदस्य)	केशव थापा (सञ्चालक सदस्य)	पुनम घिमिरे (सञ्चालक सदस्य)

पि.बि.के.पी. एण्ड एशोसियट्स

विवरण	असार मसान्त २०८३	असार मसान्त २०८२
(क) प्राथमिक पूँजी	९४४,७५३.३२	९४१,६५१.२५
१) चूक्ता पूँजी	५३४,७६९.२०	५४७,७८४.१०
२) साधारण जगेडा कोष	४११,७३५.६८	३९६,०९३.९६
३) घाटा पूर्ती कोष	१,२७९.६३	५७३.९६
४) सञ्चित नाफा/(नोक्सान)	८१२.३८	८१२.३८
७) वासलातमा देखाईएको चालु आ.ब.को नाफा नोक्सान हिसावको रकम		-
११) अन्य स्वतन्त्र कोषहरु	-	-
घटाउनेः		
– ख्याति (Goodwill) वापतको रकम	३,०१३.०३	३,०१३.०३
– स्थगन कर सम्पति	८३०.५३	६००.१३
– अवास्तविक सम्पत्ति (Fictitious Assets)		-
(ख) पूरक पूँजी	५१,८९७.५२	५०,०७९.८१
१) सक्रीय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था	३५,२०३.८४	३५,२५५.९९
२) अतिरिक्त कर्जा नोक्सानी व्यवस्था		-
३) सम्पत्ति पूनर्मूल्याङ्कन कोष		-
४) स्वतन्त्र जगेडा	१६,६९३.६८	१४,८२३.८२
(ग) जम्मा पूँजीकोष (क+ख)	९९६,६५०.८४	९९१,७३१.०६
(घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष		
पूँजीकोष (८ प्रतिशत)	२१.३०%	२१.८३%
प्राथमिक पूँजी (४ प्रतिशत)	२०.१९%	२०.७३%
पूँजीकोष (अधिक)	१३.३०%	१३.८३%
प्राथमिक पूँजी (अधिक)	१६.१९%	१६.७३%

जोखिम भारित सम्पत्ति विवरण तालिका (रु. हजारमा)

वासलात बमोजिमको सम्पत्ति (On-Balance-sheet Assets)	भार	असारमसान्त २०८३		असार मसान्त २०८२	
		रकम	ब्रम भारित सम्पत्ति	रकम	ोखिम भारित सम्पत्ति
नगद मौज्दात	०%	६,३१४.९७	-	८,९६४.४३	-
सहकारी ऋणपत्रमा गरेको लगानी	०%			-	-
सदस्यको खातामा रहेको बचत धितो राखी प्रवाह गरेको ऋण	०%	२९,५६८.२४	-	५८,००८.८५	-
नेपाल राष्ट्र बैंक सुरक्षणपत्रमा गरिएको लगानी	०%			-	-

के.बि.लामा स्याङ्तान (प्रमुख कार्यकारी अधिकृत)
लोकदर्शन कर्माचार्य (सञ्चालक सदस्य)
निर्मल बहादुर खत्री (कोषाध्यक्ष)
डोरेन्द्रराज सापकोटा (सचिव)
रामहरि शर्मा तिमल्सिना (उपाध्यक्ष)
शान्त कुमार श्रेष्ठ (अध्यक्ष)

P.B.K.P. & Associates Kathmandu
सि.ए. प्रकाश के.सी
साझेदार
पि.बि.के.पी. एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

त्रिलोचन घिमिरे नायब प्रमुख कार्यकारी अधिकृत
जमुना खड्का (सञ्चालक सदस्य)
सुनिता थापाल (सञ्चालक सदस्य)
बुद्धि माया लामा (सञ्चालक सदस्य)
गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)
केशव थापा (सञ्चालक सदस्य)
पुनम घिमिरे (सञ्चालक सदस्य)


नेपल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	२०%	७६०,४३७.३०	१५२,०८७.४६	४४८,०३९.३६	८९,६०७.८७
इजाजतप्राप्त सहकारी बैकमा रहेको मौज्दात	२०%	१३६,४६४.९०	२७,२९२.९८	२३४,३३२.१८	४६,८६६.४४
अन्य संघ तथा संस्थामा रहेको मौज्दात	१००%	१४९,९२५.६५	१४९,९२५.६५	१८८,९६६.३८	१८८,९६६.३८
धितोमा आधारित ऋण	१००%	३,५००,५२८.७०	३,५००,५२८.७०	३,४००,२४९.५०	३,४००,२४९.५०
बिना धितो प्रवाह भएको ऋण	१००%			-	-
तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋण	१५०%		-	४९,५००.००	७४,२५०.००
ऐनले तोक बमोजिमका अन्य लगानीहरु	१००%	५६६,३१२.००	५६६,३१२.००	४४४,१९२.३०	४४४,१९२.३०
अन्य लगानीहरु	१००%	१०४,२५३.४९	१०४,२५३.४९	१०९,२२८.१८	१०९,२२८.१८
स्थिर सम्पत्तिहरु	१००%	१६८,९४९.९५	१६८,९४९.९५	१७५,३९६.६२	१७५,३९६.६२
अमूर्त सम्पत्तिहरु	१००%	९०.९१	९०.९१	१६८.६०	१६८.६०
अन्य सबै सम्पत्तिहरु (खुद अग्रीम कर दाखिला वाहेक)	१००%	९,६९६.८२	९,६९६.८२	१४,४११.४४	१४,४११.४४
(क) जम्मा		५,४३२,५४२.९३	४,६७९,१३७.९७	५,१३१,४५७.८२	४,५४३,३३७.३१
वासलात वाहिरको कारोवार(Off-balance sheet Assets)					
जमानत	१००%			-	-
अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment)	१००%			-	-
आयकर वापत सम्भावित दायित्व	१००%			-	-
ब्अअभउतबलअभ सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु	१००%			-	-
चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी	१००%			-	-
भुक्तानीको लागि दावी परेको जमानत	२००%			-	-
संस्थाउपर दावी परेको तर संस्थाले	200%				
दायित्व स्वीकार नगरेको दायित्वहरु					
(ख) जम्मा				-	-
कुल जोखिम भारित सम्पत्तिको जम्मा (क) (ख)		५,४३२,५४२.९३	४,६७९,१३७.९७	,१३१,४५७.८२	४,५४३,३३७.३१

५.७ पर्ल्स (PEARLS) RATIO (रु हजारमा)

	सूचाङक	लक्ष्य	अनुपात		०८३ असार	०८२ असार
P= Protection:(सूरक्षण)						
P1	१२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था	१००	३१,९२०	३१,९२०	१००%	१००%
P2a	६ महिना देखि १२ महिनासम्म भाखा नाघेको ऋणको लागि व्यवस्था	५०	१८,४९२	३६,९८४	५०%	५०%
P2b	३ महिना देखि ६ महिनासम्म भाखा नाघेको ऋणको लागि व्यवस्था	२५	७,१६४	२८,६५७	२५%	२५%
P2X	असल ऋणको लगि व्यवस्था	१	३५,२०४	३,५२०,३८४	१%	१%
E=Effective Financial structure:(प्रभावकारी वित्तीय संरचना)						
E1	खुद लगानीमा रहेको ऋण/ कूल सम्पत्ति	७०-८०	३,५२५,१६५	५,४४३,८०९	६४.७६%	६८.१२%
E5	निक्षेप तथा बचत / कूल सम्पत्ति	७०-८०	४,३५१,६७३	५,४४३,८०९	७९.९४%	७८.२३%
E6	बाह्य ऋण / कूल सम्पत्ति	५ भन्दा कम	३३,३७६	५,४४३,८०९	०.६१%	१.६२%
E7	शेयर पूँजी / कूल सम्पत्ति	१०-२०	५३४,७६९	५,४४३,८०९	९.८२%	१०.६५%
E9	खुद संस्थागत पूँजी / कूल सम्पत्ति	कम्तिमा १०	४१४,२९५	५,४४३,८०९	७.६१%	७.७२%
A= Assets Quality:(सम्पत्तिको गूणस्तर)						
A1	भाखा नोघेको ऋण / लगानीमा रहेको ऋण रकम	५ भन्दा कम	१०८,९४३	३,६१७,९४५	३.०१%	१.९०%
A2	कूल आय आर्जन नगर्नेसम्पत्ति / कूल सम्पत्तिको अनुपात	५ भन्दा कम	३००,५७२	५,४४३,८०९	६.००%	६.००%
A3	खुद लागत रहित कोष /आय आर्जन नगर्ने सम्पत्ति	कम्तिमा २००	४८०,२८२	३००,५७२	१६०%	१४१.५७%
R=Rate of Return:(लगानीमा प्रतिफल)						
R1	खुद व्याज आम्दानी /औषत ऋण रकम	व्याज दर	३९२,९३९	३,५१८,९२८	११.१७%	१२.८१%
R5	व्याज खर्च / औषत निक्षेप तथा बचत	बजार दर	२४७,७०६	४,१८७,९५५	५.९१%	७.५९%
R8	कूल आम्दानी / औषत कूल सम्पत्ति	E8 बराबर	४३०,३७६	५,२९३,८१८	८.१३%	९.९०%
R9	संचालन खर्च / औषत कुल सम्पत्ति	५ प्रतिशत	१३१,६७३	५,२९३,८१८	२.४९%	२.४७%
R12	खुद आय/ औषत सम्पत्ति	कम्तिमा १०	४३,२१९	५,२९३,८१८	०.८२%	०.३६%
L=Liquidity:(तरलता)						
L1	तरल लगानी+तरल सम्पत्ति–तुरुन्त भुक्तानी दिनु पर्ने रकम/ कूल बचत	१५	१,०१९,६८२	४,३५१,६७३	२३.४३%	२१.२८%
L2	तरल सम्पत्ति र कूल निक्षेप तथा बचत	१०- २०	१,०५३,१४३	४,३५१,६७३	२४.२०%	२१.८८%
L3	हातमा रहेको नगद र नकमाउने तरल सम्पीत्त	१ भन्दा कम	६,३१५	५,४४३,८०९	०.१२%	०.१७%
S= Sign Of Growth:(बृद्धि)						
S10	सदस्यता बृद्धि	१२% भन्दा बढि	२२४५	५८९११	३.८१%	९.७०%
S11	सम्पत्तिमा बृद्धि	मुद्रास्फितिदर भन्दा बढि	२९९,९८२	५,१४३,८२७	५.८३%	५.७५%

के.बि.लामा स्थाहान (प्रमुख कार्यकारी अधिकृत)
पेमकदर्जन फेन्जोधार्च (सञ्चालक सदस्य)
अर्जुन बहादुर खत्री (कोषाध्यक्ष)
होस्टलाल पाण्डेटा (सचिव)
रामहरी शर्मा तिमल्सिना (उपाध्यक्ष)
शान्ति कुमार शेर्पा (अध्यक्ष)
साझेदार
सि.बि.के.पी. एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

जिलोचन घिमिरे (नायब प्रमुख कार्यकारी अधिकृत)
जमुना खड्का (सञ्चालक सदस्य)
सुनिता पौडाल (सञ्चालक सदस्य)
बुद्धि माया लामा (सञ्चालक सदस्य)
गणेश प्रसाद पराजुली (सञ्चालक सदस्य)
केशव थापा (सञ्चालक सदस्य)
पुष्प घिमिरे (सञ्चालक सदस्य)



समूह प्रार्थना

हाम्रो आत्मीय बिन्धवासिनी सहकारी ।
बहनमा गरेका छौं हामीले जिम्मेवारी ॥
शिक्षा, स्वास्थ्य, सरसफाई गर्छौं ।
अभाव र गरीबी विरुद्ध लड्छौं ॥
उज्ज्वल भविष्यको लागि बचत गर्छौं ।
ऋण लिन्छौं उद्योग गर्छौं, आत्मनिर्भर हुन्छौं ।
एक आपसमा मिलेर बस्छौं ।
साँचो बोल्छौं मिहेनत गर्छौं ।
अन्याय र अत्याचार विरुद्ध लड्छौं ।
ईश्वर साक्षी राखी हरबखत अगाडि बढ्छौं ।
जय सहकारी, जय बिन्धवासिनी ।
जय सहकारी, जय बिन्धवासिनी ॥

सामूहिक प्रतिबद्धता

"हामी सदस्यहरु, मस्तिष्कमा समझदारी
काँधमा जिम्मेवारी, हृदयमा इमान्दारीका साथ
खराब बानी छोडी, असल बानीको विकास गर्छौं ।
आर्थिक तथा सामाजिक प्रगति गर्ने प्रतिज्ञा गर्छौं ।
प्रतिज्ञा गर्छौं, प्रतिज्ञा गर्छौं ।"

ढुंखर्क सेवा कार्यालय व्यवस्थापन उप-समिति



संयोजक
गणेश बहादुर तिमल्सिना



सचिव
भरत बहादुर के.सी.



कोषाध्यक्ष
उत्तम प्रसाद अधिकारी



सदस्य
सृजना लामा



सदस्य
मोहन कृष्ण तिमल्सिना

पाँचखाल सेवा कार्यालय व्यवस्थापन उप-समिति



संयोजक
दिनेश अधिकारी



सचिव
केशव प्रसाद पौडेल



कोषाध्यक्ष
राजेन्द्र लुईटेल



सदस्य
सम्झना घोरासाईने



सदस्य
गणेश बहादुर बुढाथोकी

भकुण्डे सेवा कार्यालय व्यवस्थापन उप-समिति



संयोजक
रामशरण श्रेष्ठ



सचिव
लक्ष्मीप्रसाद दाहाल



कोषाध्यक्ष
बिदुर प्रसाद बर्तौला



सदस्य
शान्ती घोरासाइने



सदस्य
ज्ञानराज तामाङ्ग

बानेश्वर सेवा कार्यालय व्यवस्थापन उप-समिति



संयोजक
अनन्त तिमल्सिना



सचिव
सरस्वती चौहान



कोषाध्यक्ष
रामकृष्ण तिमल्सिना

कुशादेवी सेवा केन्द्र व्यवस्थापन उप-समिति



संयोजक
रघुनाथ हुमागाई



सदस्य
ध्रुव प्रसाद सापकोटा



सदस्य
सिता बि.क.

च्यासिंखर्क सेवा केन्द्र व्यवस्थापन उप-समिति



संयोजक
उत्तमप्रसाद अधिकारी



सदस्य
सुदिप प्रसाद ओझा



सदस्य
हिकी माया तामाङ्ग

खहरेपाँगु सेवा केन्द्र व्यवस्थापन उप-समिति



संयोजक
लक्ष्मी प्रसाद दाहाल



सदस्य
राजकुमार थापा



सदस्य
तारादेवी लामा



एक्सेस परामर्श कार्यक्रम



लघु जीवन विमा राहत हस्तान्त्रण



कृषक व्यवसाय खेल तालिम



भावी नेतृत्व विकास तालिम

उच्च व्यवस्थापन



के.बि. लामा स्याङ्तान
प्रमुख कार्यकारी अधिकृत



त्रिलोचन घिमिरे
नायब प्रमुख कार्यकारी अधिकृत
लेखा प्रशासन विभाग



मित्र प्रसाद दाहाल
कार्यालय व्यवस्थापक
बनेपा सेवा कार्यालय



रामचन्द्र थापा
कार्यालय व्यवस्थापक
पनौती सेवा कार्यालय



अमित राजकर्णिकार
विभागीय प्रमुख
ऋण तथा लघुवित्त विभाग



सुरज अधिकारी
कार्यालय व्यवस्थापक
पाँचखाल सेवा कार्यालय



अनिल पहरी
कार्यालय व्यवस्थापक
ढुंखक सेवा कार्यालय



राजेश कार्की
कार्यालय व्यवस्थापक
खोपासी सेवा कार्यालय



बलराम अधिकारी
कार्यालय व्यवस्थापक
बानेश्वर सेवा कार्यालय



प्रबिन घिताल
कार्यालय व्यवस्थापक
भकुण्डे सेवा कार्यालय



पनौती सेवा कार्यालय अन्तर्गत वित्तिय साक्षरता कार्यक्रम



सयुक्त कर्मचारी समिक्षा बैठक

दर्ता नं. ११०/०५०/०५१ पान नं. ३०१७२००८३
रा.स.नि.प्रा. इजाजत पत्र नम्बर २०५०-००५५०

"Qualitative, Professional & Sustainable Financial Cooperative"

परिकल्पना(Vision)

"गुणस्तरीय,व्यवसायिक एवं दिगो वित्तीय सहकारी"
"Qualitative, Professional & Sustainable Financial Cooperative"

ध्येय(Mission)

"सहकारी मुल्य मान्यताका आधारमा प्रविधिको अधिकतम प्रयोग गरी वित्तीय तथा गैरवित्तीय सेवाहरुमार्फत सदस्यहरुको जीवनस्तर उन्नत बनाउने ।"
"Using advanced technology based on cooperative values & norms for improving the living standards of members through possible financial and non-financial services."

मुख्य नारा (Main Slogan):

"सदस्य समृद्धि अभियान, विन्धवासिनीको पहिचान"
"Member Enrichment Campaign, Identity of Bindhavasini"

" अब भुक्तानी बन्छ सरल "

बिन्धवासिनी
बचत तथा ऋण सहकारी संस्था लि.
BINDHAVASINI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD. (BISCOL)

SMART मा
Mobile Banking



पानी, Insurance Premium, School Fee भुक्तानी

आन्तरिक तथा बैंक रकमान्तर

विद्युत महशुल भुक्तानी

आन्तरिक हवाई टिकट

मोबाईल, टेलिफोन, Dishome, Internet बिल भुक्तानी

Esewa, Khalti र IMEPAY wallet मा रकम Load गर्न सकिने

खाता मौज्दातको जानकारी, सँक्षिप्त विवरण, चेक माग/ रद्द

QR Code Scan गरी भुक्तानी गर्न सकिने

Scan For App on Play Store

E-Teller गरी रकम राख्न/झिक्न सकिने

GET IT ON Google Play

Download on the App Store

मुख्य कार्यालय
फोन नं. ०११-६६०५६५
०११-६६१५५५
Email: info@biscol.org.np

खोपासी सेवा कार्यालय
शंखु सेवा केन्द्र
फोन नं. ०११-४१०१६२
मोबाईल.नं. ९८५१२१०१६२
Email: khopasi@biscol.org.np

बनेपा सेवा कार्यालय
फोन नं. ०११-६६५६३३
मोबाईल नं. ९८५१२१६१५६
Email: banepa@biscol.org.np

पनौती सेवा कार्यालय एवं
कुशादेवी सेवा केन्द्र
फोन नं. ०११-४४०५००
मोबाईल नं. ९८५१२१७५००
Email: panauti@biscol.org.np

ढुंखर्क सेवा कार्यालय एवं
च्यासिंखर्क सेवा केन्द्र
फोन नं. ०११-४२१०१४
मोबाईल.नं. ९८५१२१६०६४
Email: dhungkharka@biscol.org.np

पाँचखाल सेवा कार्यालय एवं
कुन्ताबेशी सेवा केन्द्र
पलाञ्चोक सेवा केन्द्र
भुम्लु सेवा केन्द्र
फोन नं. ०११-४५५१७६
मोबाईल.नं. ९८५१२१६१७६
Email: panchkhal@biscol.org.np

भकुण्डे सेवा कार्यालय एवं
खहरेपाँगु सेवा केन्द्र
फोन नं. ०११-४०४१६६
मोबाईल.नं. ९८५१२१८१५७
Email: bhakunde@biscol.org.np

बानेश्वर सेवा कार्यालय
फोन नं. ०१-४६२१४५१
मोबाईल.नं. ९८५१३२२६८६
Email: baneshwor@biscol.org.np



सूचना अधिकारी
मोबाईल.नं. ९८५१४१६५५६
Email: informationofficer@biscol.org.np